# परिच्छेद : एक

## सिर्जनाको परिचय

'सिर्जना' शब्द साहित्य क्षेत्रको एक यस्तो शब्द हो, जुन विना साहित्य साहित्यको रूपमा रहन सक्दैन । प्रत्येक मानव मस्तिष्कलाई सिर्जना सृष्टि गर्ने देन भने प्राप्त हुँदैन । यो मानव मस्तिष्कले चाहेर पनि हुन सक्दैन, नचाहँदा नचाहँदै पनि हुन्छ । अन्तर्निहित प्रतिभालाई उजागर गर्न सिर्जनाको सहारा लिनु जरुरी देखिन्छ । नेपाली साहित्यमा पनि कथा, उपन्यास, कविता, निबन्धजस्ता धेरै विधाहरू सिर्जनामार्फत् सिर्जित  छन् । कविता विधा भने जनजनको स्नेह र मायाको भाव पाएर आदरका साथ प्रतिष्ठित छ । संस्कृत साहित्यको अनुकरण गर्दै छन्दोबद्ध कविता विधा भने नेपाली जनजनको बोलीमा रहन सफल देखिन्छ । हुन त जसले जुन धारामा सिर्जना गर्दछ, उसको त्यही विधा बन्दछ, त्यो आख्यान, कविता, गीत, गजल मात्र नभई साङ्गीतिक रूपमा पनि हुन सक्दछ । सिर्जना एक मौलिक विषय हो, त्यसैले यो सबै व्यक्तिहरूले चाहेर पनि गर्न सक्दैनन् । मेरो यहाँ प्रस्तावित सिर्जना पत्रको विधा कविता र यसको समष्टि शीर्षक फुटकर कविताअन्तर्गत **समय** कविता सङ्ग्रह रहेको छ ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र अन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको दसौं पत्रका विभिन्न ऐच्छिक पत्रमध्ये सिर्जनात्मक लेखन पनि एक हो । सिर्जना भन्नाले केही कुराको निर्माण गर्नु भन्ने बुझिन्छ त्यसैले साहित्य सिर्जना मै आधारित विषय हो, सिर्जना विना साहित्यको निर्माण हुँदैन् । मानवको इच्छा चाहना नै केही नयाँ कुराको सिर्जना गर्नु हुन्छ । आफूभित्र रहेको प्रतिभालाई प्रस्तुत गर्न सिर्जनाको सहारा चाहिन्छ  त्यसैले सर्जकहरू विभिन्न विधामा सिर्जना गर्छन् । कथा, कविता, उपन्यास, निवन्ध जस्ता धेरै विधामा सिर्जना सिर्जित भएका छन । त्यस मध्ये कविता विधा एक सशक्त विधाका रूपमा प्रतिष्ठित छ । पूर्वीय र पाश्चात्य दुबै साहित्यमा एक विशिष्ट स्थानमा रहेको कविता छन्दोबद्ध तथा छन्दरहित भएर आम मानिसको मन जित्न सफल देखिन्छ । त्यसैले कविता सिर्जना मेरो रूचि क्षेत्र हो । जीवन दर्शन, संस्कृत साहित्यको प्रभाव मेरा अनुभूति, संवेग, समसामयिक परिवर्तन तथा गुरुका महान आदर्श वाणीबाट मेरो कविता लेखनप्रतिको अभिरूचि वृद्धि भएको हो । निरन्तरको साधना, अभ्यास तथा विशेष सिर्जनात्मक विचार नै सिर्जनाको मूल सृष्टि हो जसलाई पूर्वीय तथा पश्चिमी विद्धान्हरूले प्रतिभा, व्युत्पत्ति, अभ्यास भनेका छन । शिल्पशैली ,साधना भन्नुको तात्पर्य नै सिर्जना गर्ने

व्यक्तिमा विशेषतः आधारभूत ती गुणहरू हुनु जरुरी छ भन्ने तथ्य सिद्ध हुन्छ । सिर्जना परिपुष्ट तथा खँदिलो एवम् पाठकलाई बौद्धिक तथा मानसिक मनोरञ्जन सन्तुष्टि तथा ज्ञान दिन सर्जकमा प्रतिभा व्युत्पत्ति र अभ्यास उत्तिनै महत्त्वपूर्ण मानिन्छन् । एउटा उत्कृष्ट सिर्जना बन्न यी तीनै तत्त्वहरू हुनु जरुरी छ । कुनै पनि लेखनका तीनवटा रूप हुन्छन् :

अ) व्यावहारिक वा सामान्य लेखन

आ) बौद्धिक लेखन

इ) सिर्जनात्मक लेखन

यीमध्ये सिर्जनात्मक लेखनका विशेषतालाई निम्नअनुसार प्रस्तुत गरिन्छ :

क) कलात्मकता

ख) अनुभूतिप्रधान

ग) तार्किकता

घ) वैयक्तिक दृष्टि

ङ) सङ्गठनात्मकता

च) हार्दिकता

छ) सौन्दर्यात्मक

ज) भाषिक विचलन

झ) अनौपचारिक, भावपरक

पूर्वीय आचार्यहरूले प्रतिभा व्युत्पत्ति, अभ्यासलाई साहित्य सिर्जनाका कारक तत्त्व मानेका छन् । त्यसैगरी पश्चिमी विद्धान्हरूले पनि काव्यहेतुका रूपमा कल्पना, दैवीप्रेरणा, चिन्तन, सहृदयता, इमानदारी, कामवासना, अभावतृप्ति, अन्तर्भावना, जीवनेच्छा, जिजीविषा, भौतिक मूल्यदृष्टि आदिको चर्चा गरेका छन् । पूर्व र पश्चिमका विभिन्न विद्धान्हरूले कवितालाई विभिन्न किसिमले परिभाषा गरेका छन् । कविताका घटक वा तत्त्वका निर्क्यौलका बारेमा एकरूपता पाइँदैन । कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य महाकाव्यसम्मको स्वरूपलाई हेर्दा निम्न लिखित तत्त्वहरू रहेका छन् :

शीर्षक

संरचना

भाषाशैली

लयविधान

कथन पद्धति

केन्द्रीय कथ्य वा भावविधान

बिम्ब र अलङ्कार

व्यञ्जना

विधागत स्वरूप तथा आयाम

## १.१. सिर्जनापत्रको शीर्षक र विधा

प्रस्तुत सिर्जनापत्रको शीर्षक समय कविता सङ्ग्रह रहेको छ ।

## १.२. सिर्जनाको उद्देश्य

नेपाली कविताक्षेत्रमा योगदान पुऱ्याउने लक्ष्य राखी कविता सिर्जना गर्नु प्रस्तुत सिर्जना पत्रको उद्देश्य रहेको छ । सिर्जनाको मूल उद्देश्य समाजको वास्तविकता देखाउनु हो । मानव सेवामा समर्पित भएर सर्जकले मानव कल्याणको उद्देश्य राख्दछ । समाजमा रहेका विभिन्न विकृति विसङ्गतिलाई चेतनाका माध्यमबाट परिवर्तन गर्न र सभ्य समाजको निर्माण गर्नु नै सिर्जनाको उद्देश्य हो । सामाजिक, आर्थिक, धार्मिक राजनैतिक अन्यौलताका कारण उत्पन्न अवस्थाको चित्रण तथा त्यसले पारेको प्रभाव पनि सिर्जनामा समेटिएको हुन्छ त्यसैल देश, काल, परिवेशको ज्ञान दिनु पनि सिर्जनाको उद्देश्य हो ।

नेपाली साहित्यमा पद्य कविताको स्थान महत्वपूर्ण छ, धेरै स्रष्टाहरूले यसलाई निरन्तरता दिएका छन् । लक्ष्मीप्रसाद देवकोटा, भानुभक्त आचार्य, लेखनाथ पौड्याल आदिका कवितामा पद्य शैली भेटिन्छन् तापनि नेपाली सहित्यमा गद्य कविताका प्रवर्तक गोपालप्रसाद रिमाल हुन । यसपछिका विद्धान् कविहरूले गद्य कविताको वृद्धि र विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । विभिन्न वाद, सिद्धान्त तथा धारामा रहेर लेखिएका कविताहरूमा विकृति विसङ्गति अस्तित्व शून्यवाद तथा भौतिकवादका मूल्य र मान्यता आधुनिक नेपाली कवितामा पाइन्छन् ।

प्रस्तुत कविता सङ्ग्रहमा बीस वटा गद्य कविता राखिएका छन् । यसमा जीवनदर्शन, भौतिक दर्शन, आध्यात्मचिन्तनको प्रभाव रहेको छ । सामाजिक परिवेशको चित्रण तथा जिजीविषाका तरंगहरूलाई काल्पनिक प्रस्तुतिका माध्यमबाट कविताका लहरहरू सजाइएका छन् । जीवनलाई, प्रकृतिलाई सौन्दर्य चित्रणका फ्रेममा सजाइएका छन् । पाश्चात्य कविहरूका कविताहरूको प्रभाव कविताहरूमा रहेको छ । विश्वको बदलिँदो परिवेशमा साहित्यको व्यापकता झन्झन् फराकिलो हुँदैछ । असीमित अनन्तताको स्वतन्त्रताको

परिवेशलाई आधार मानी विधागत सचेत भएर विविध विचार र अवधारणा समावेश गरिनु पर्छ भन्ने मान्यतालाई सर्जकले आत्मसात् गर्नुपर्छ । विश्वशान्तिका विश्वबन्धुत्वका भावना हुनुपर्छ भन्ने चिन्तनलाई अगाडि सार्दै यस कविता सङ्ग्रहमा मानवतावादको विकासका स्पष्ट आवाजहरू गुञ्जिने गरि समावेश गरेको छु ।

## १.३. सिर्जनाको औचित्य महत्त्व र उपयोगिता

सिर्जना आफैँमा त्यस्तो शब्द हो, जसले अति भावमय तथा काल्पनिक अवस्थालाई रूचाउँछ । सिर्जनामा लेखकको मनका भावना र कल्पनातीत संसार नै बढी प्रयुक्त हुने गर्दछ । यो यथार्थमा भन्दा पनि कल्पनामा मीठो हुन्छ । त्यसैले सिर्जना वस्तुपरकभन्दा पनि कल्पनापरक हुने भएकाले यसको निर्माण पनि व्यक्तिको भावनाका तरङ्ग-तरङ्गमा तरङ्गित हुने गर्दछ । सिर्जनाविनाको जीवन नीरस र प्रकृतिभन्दा पर हुने भएकाले यस्तो जीवनलाई मानवीय हिसाबले जीवन मान्न सकिँदैन । समाज र जीवनपद्धतिको विकासका लागि पनि सिर्जना आवश्यक छ ।

हाम्रो जीवन पौरस्त्य जगत्बाट अभिप्रेरित भएको हुनाले धर्म, अर्थ, काम, मोक्ष चतुर्विध पुरूषार्थसिद्धि गर्न होस् वा प्रीति (आनन्द), रसानुभूति, यश, कीर्ति प्राप्त गर्न होस्, यसको आवश्यकता पर्दछ । पौरस्त्य जगत् मात्र नभई पाश्चात्य जगत्मा पनि मानवीय मनका विचारहरूलाई विरेचन गरी तनावमुक्त गराउन तथा मानसिक पुष्टि प्रदान गर्न यसको आवश्यकता पर्दछ ।

सिर्जनाका माध्यमबाट विभिन्न प्रकारका पाठकहरूमा चेतनाको प्रवाह गराउन सकिन्छ, सिर्जना नवीन कार्य हो । अनुभव र संवेगद्वारा कल्पनाको परिवेशमा लेखकको मनोभावना सिर्जनामा प्रतिबिम्बन हुन्छ । चेतनमनभित्र गुम्सिएका इच्छाहरू सिर्जनाका माध्यमबाट प्रकट हुने भएकाले समान परिवेश तथा सहृदयी व्यक्तिका भावनाहरू एक अर्कामा मिल्न पुगी आनन्दको भाव प्रकट हुन्छ । सिर्जनाका माध्यमबाट जिजीविषा जाग्छ । प्रकृतिको सुन्दरताको अनुभूति हुन्छ । जब मानिसको मन प्रफुल्ल हुन्छ तब समाज र जीवन पद्धतिको विकासमा तल्लीन हुन्छ त्यसैले पनि सिर्जना आवश्यक छ । जीवनबोध गराउन पनि सिर्जनाको भूमिका महत्त्वपूर्ण छ । मानसिक सन्तुष्टि दिन तथा तनाव मुक्त बनाउन साहित्य सिर्जनाको महत्त्व र औचित्य अपरिहार्य छ र यस सिर्जनाको औचित्य र महत्त्व पनि यसैमा निहित छ ।

## १.४. सिर्जनाको अठोट, योजना र तयारी

अन्तर्मुखी चेतनालाई बाह्य रूपमा प्रकट गर्ने प्रक्रियालाई सिर्जनात्मक लेखन भनिन्छ । विशेषतः विशिष्ट क्षणको विशिष्ट अभिव्यक्ति भएकाले सिर्जनामा व्याकरणीय नियमको पूर्ण पालना हुँदैन् । । समाजका प्रत्येक व्यक्तिले आफ्नो जीवनयापनका सन्दर्भमा अनेक प्रकारका अनुभवहरू हासिल गरेका हुन्छन् । मान्छेका मनभित्र उब्जने चिन्तन-मनन, भाव -विचार नै सिर्जनात्मक लेखनको बीजारोपण हो । समाजमा देखिएका बेथिति, विकृति र विसगङ्तिले मेरो मनमा लेखनका लागि झकझक्याउने प्रयास गरेको हो, आम स्रष्टाको जस्तै मनभित्रका उथलपुथलले मेरो सिर्जनात्मक लेखनको अठोट निर्माण भएको हो । विगतका केही वर्ष देखि नेपाली साहित्यको विभिन्न विधाको क्षेत्रमा कलम चलाउने प्रयास गरेका कारणले मैले सिर्जनात्मक लेखनको अठोट गरेको हुँ । लेखनको तयारीको लागि विभिन्न अग्रज स्रष्टाहरूका पुस्तक कृतिहरूको अध्ययनका साथसाथै शीर्षक चयन गर्दै पूर्व तयारीका साथ कविताका विविध भाव लय विधानको साथ खेस्रा लेख्दै भावहरूको बाह्य स्वरूपलाई सिर्जनाका रूपमा सजाउने काम गरेको हुँ । नेपाली साहित्यप्रतिको लगाव तथा झुकाव नै मेरो सिर्जनाको अठोट बनेको हो । तात्क्षणिक आवेग तथा संकुलित मानसिक अवस्थामा संयमित हुँदै अमूर्त कविता सिर्जनाका लक्ष्य अनरूप सिर्जनात्मक लेखनको अठोट बनाई योजना अनरूप तयारी गर्दै एक सानो तर पूर्ण कृतिका रूपमा **समय** कविता सङ्ग्रहको लेखन गरिएको हो ।

## १.५. विधि र प्रक्रिया

विधागत रूपमा कविता सिर्जनाको लागि चाहिने कविताका विभिन्न तत्त्वहरूको ख्याल राख्दै शीर्षक, संरचना, विषयवस्तु, भाव, विचार, घटना, भाषा, पात्र, चरित्र, सचेत वातावरण, लयात्मकता, बिम्ब प्रतीक, अलङ्कार, कथनपद्धति, विधान निजत्व, शैली निजत्व तथा उद्देश्यका तारतम्य मिलाईएको छ । लेखनको तयारी गर्दा नै कविताका विविध पक्षहरूको अध्ययन गर्दै सहायक सहयोगी पुस्तक अध्ययनका क्रममा पुस्तकालयको उपयोग गरिएको छ । पुस्तक तथा पत्रपत्रिकाका स्रोतहरू खोज्दै  अन्य पाठ्य र श्रव्यदृश्य सामग्रीको प्रयोग गरिएको छ । अग्रज स्रष्टाहरूको सरसल्लाह तथा पुराण, इतिहास, कला संस्कृति, भूगोल भाषिक एवम् लोकसाहित्यसँग सम्बन्धित कतिपय सामग्री सङ्कलनका लागि स्रोतव्यक्तिसँग सम्पर्क गरिएको छ ।

सिर्जनात्मक कृति विशेषको लेखनका लागि आवश्यक खाका निर्माण गरी विषयवस्तु तथा भावविचार र सन्देशको स्वरूप निर्माण गरिएको छ । आफ्नो रूचिको विषयवस्तु क्षमता र ज्ञानको क्षेत्रलाई आधार मानी समाजका विविध पक्षहरूको अवलोकन र भावात्मक धारणा व्यक्त गर्दै समसामयिक धारामा कविताको सिर्जना गरिएको छ । विधागत

सचेततालाई ख्यालमा राखी उपयुक्त शीर्षक छनौट गरिएको छ । शून्यवादी चिन्तनलाई प्रस्तुत गर्दै अमूर्त कविता लेखिएका छन् । कविता लयात्मक तथा गद्यात्मक भएका छन् । समय सापेक्ष विषयमा मिथकिय पात्रहरूको उदाहरण दिँदै कवितालाई ओजपूर्ण बनाइएका छन् । सरल भाषाशैलीमा विभिन्न अलङ्कारको प्रयोग गरिएको छ । सिर्जनात्मक लेखनको निर्देशित अभ्यास प्रक्रियालाई ध्यानमा राखी पूर्वीय तथा पाश्चात्य महान् कविहरूका कृतिको अध्ययन गरी मौलिक रचनाको पृष्ठभूमि बनाइएको हो । मनमा उठेका भावलाई कविताका स्वरूपमा भाषाका माध्यमबाट प्रस्तुत गर्दै बुँदा टिपोट, खेस्रा लेखन, परिष्कार, परिमार्जन, संशोधन पुनर्लेखन हुँदै अन्तिम साफी गरी प्रस्तुतीकरण गरिएको छ ।

## १.६.आत्मधारणा

साहित्यप्रतिको लगाव तथा झुकावबाटै सिर्जनात्मक लेखनका लागि म तयार भएको हुँ । सानै उमेरदेखिको साहित्यिक वातावरणको रहनसहन तथा पिताजीको लेखन कला तथा शैलीले प्रभावित भएर म साहित्य सिर्जनागर्न उत्प्रेरित भएको हुँ । विगतका एक दशकदेखिको निरन्तर लेखनले मभित्र नवीन कृति रचना गर्ने उत्कट अभिलाषाको फलस्वरूप कविता विधामा कलम चलाउन तयार भएको हुँ । समाजमा रहेका विकृति विसङ्गति तथा कुसंस्कारको अन्त्यको आशा राख्दै कविताका माध्यमबाट समसामयिक विषयवस्तुलाई औँल्याई सुधारको कामना गर्नु नै यस सिर्जनाको लक्ष्य रहेको छ । एक सभ्य सुसंस्कृत समाजको निर्माण गर्नमा यस सिर्जनाले केही हदसम्म सहायता गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

## १.७. सिर्जनापत्रको रूपरेखा

परिच्छेद एक : सिर्जना परिचय

परिच्छेद दुई : नेपाली कविताको सैद्धान्तिक परम्परा

परिच्छेद तीन : नेपाली कविताको विकासक्रम

परिच्छेद चार : पाँच आधुनिक प्रतिनिधि कविहरूका कविताको अध्ययन

परिच्छेद पाँच : नवसिर्जित कविताहरू

सन्दर्भ सामग्री सूची

# परिच्छेद : दुई

# कविता विधाको सैद्धान्तिक स्वरूप

## २.१. साहित्य एवम् कविता विधा सम्बन्धी दृष्टिकोण

साहित्य जीवन र जगत्को दर्पण हो । साहित्य एक यस्तो भावना विशेष हो जसले भाषाका माध्यमबाट जीवनलाई अभिव्यक्त गर्दछ । साहित्य वा काव्य-रचनाको सुरुवातदेखि नै यस विधाप्रति विभिन्न विद्वान्हरू र चिन्तकहरूले आ-आफ्ना मान्यताहरू अगाडि सार्दै आएका छन् । साहित्यले अर्काको मनलाई जितेर आँसु या हाँसोले स्वागतको अपेक्षा गर्दछ । यसले एक-अर्का बीचका भावनालाई नजिक ल्याइदिन्छ । त्यसैले साहित्यलाई एक किसिमले जीवनको पर्याय भन्न पनि सकिन्छ ।

जीवन सबैभन्दा महत्त्वपूर्ण र महान् छ । यस महत्त्वपूर्ण जीवनलाई साहित्यले मार्ग-निर्देशन गर्दछ । यही साहित्यले जीवन जिउने कलाको उत्पत्ति गर्दछ । साहित्य वा काव्य मानव मनबाट उत्पन्न हुने गुत्थी हो । यही गुत्थी नै आनन्दानुभूतिको खानी हो जहाँ जीवनजगत्, कल्पनादेखि लिएर वास्तविकतासम्म पुगेको हुन्छ । साहित्य काल्पनिक हुन्छ तर काल्पनिक हुँदाहुँदै पनि साहित्यले वास्तविकताको रूप लिन पुग्छ ।

सामान्यतः व्यक्तिले साहित्यका माध्यमबाट आफ्ना भावनाहरू अरूसम्म पुऱ्याउने गर्छ । त्यस सन्दर्भमा उसले प्रायः सकारात्मक पक्षको नै उद्घाटन गरेको पनि पाइएला तर साहित्यमा सदा सकारात्मक पक्ष मात्र हुँदैन, त्यहाँ विद्रोह पनि हुन सक्छ । यो यथार्थता हो । साहित्य परिवेश अनुसार सिर्जित हुने भावना हो । त्यसैले स्वतन्त्र हुन्छ र हुनुपर्छ ।

## २.२ कविता मान्यता

कविता वा काव्यको परिचय एवं व्याख्या गर्नुभन्दा पहिले कविको परिचय दिनु आवश्यक हुन्छ, किनभने कविको कर्मलाई नै काव्य भनिन्छ । अर्थात् पहिले कवि अनि मात्र कविता हुन्छ । शब्दार्थअनुसार कुनै विषयको वर्णन गर्ने व्यक्तिलाई कवि भन्न सकिन्छ । कवि शब्द 'कबृ वर्णे' वा 'कुङ शब्दे' धातुबाट बनेको हो । कवि वास्तवमा द्रष्टा र स्रष्टा दुवै हो । पहिले ऊ तत्त्वहरूको दर्शन गर्छ त्यसपछि तिनलाई हृदयमा धारण गर्छ र कल्पनाको सहायताले शब्दहरूमा व्यक्त गर्छ । यसरी दिव्य दृष्टि, सौन्दर्य चेतना र सहज संवेदनीयताका आधारमा आफ्नो परिवेशबाट उपलब्ध अनुभूतिलाई सशक्त शब्दावलीमा अभिव्यक्त गर्ने व्यक्तिलाई नै कवि भनिन्छ ।

कविताको शाब्दिक अर्थलाई लिँदा कविको 'कर्म' वा 'भाव' नै कविता हो भन्न सकिन्छ । यो शब्द 'कवि'+'ता'( 'त'+'आ' ) प्रत्यय लागेर बनेको हो । यसर्थ कविताको तात्पर्य कविको भावना वा कविद्वारा सिर्जना भएको रचना भन्ने बुझिन्छ अर्थात् अर्को शब्दमा कविता जीवन भोगाइप्रतिको कलात्मक अभिव्यक्ति हो ।

जीवनप्रतिको सोचाइलाई अभिव्यक्ति दिने विधाहरूमध्ये कविता साहित्यको अत्यन्तै लोकप्रिय विधा हो । जीवनका महत्त्वपूर्ण पलहरूसँग कविताको साइनु जोडिएको हुन्छ । हरेक व्यक्ति आफैँमा कवि हुन्छ तर जुन व्यक्तिले आफ्नो मनका कुराहरूलाई लयात्मक शैलीबद्ध रूपमा अभिव्यक्त गर्छ, त्यही व्यक्तिको संवेदनीय भाषिक अभिव्यक्ति नै कविता बन्न पुग्छ जसले जीवन भोगाइका महत्त्वपूर्ण क्षणहरूलाई सहज रूपमा प्रतिबिम्बित गर्दछ ।

त्यसैले कविता यस्तै हुन्छ भनेर ठोकुवाका साथ परिभाषा दिन सकिँदैन र विद्वान्हरूमा पनि मतैक्य पाइँदैन । त्यसैले कविता के हो ? भन्ने बारेमा धेरै विद्वान्हरूले आ-आफ्ना विचारलाई अगाडि सारेका छन् । ती विचारहरूलाई स्पष्टताको निम्ति यहाँ प्रस्तुत गर्दै आफ्नो भनाइ पनि राखेको छु । विभिन्न विद्वान्हरूका कविताप्रतिका विचारहरू फरक-फरक भए पनि तिनमा भावात्मक समन्वय भने पाउन सकिन्छ ।

### २.२.१ पूर्वीय साहित्यमा कविता मान्यता

पूर्वीय काव्य परम्पराका आचार्यहरूले कवितालाई चिनाउने क्रममा मूलत : गुण र तत्त्व लाई विशेष महत्त्व दिएर विचार र मान्यतालाई अगाडि सारेका छन् । जसमध्ये केही परिभाषालाई तल प्रस्तुत गरिएको छ :

क) अग्नि पुराण -"अभीष्ट भावलाई संक्षेपमा व्यक्त गर्ने पदावली काव्य हो ।" (उपाध्याय, २०३४ ; ७ ) ।

ख) आचार्य भामह-"शब्द र अर्थ संयुक्त रूपले काव्य हुन् ।" (उपाध्याय, २०३४; ७ ) ।

ग) आचार्य दण्डी -"इष्ट अर्थले व्यवच्छिन्न (नापिए-तौलिएको) पदावली काव्यको शरीर हो ।"( उपाध्याय, २०३४ ; ७ ) ।

घ) आचार्य वामन-"काव्यको आत्मा रीति (शैली) हो ।" ( उपाध्याय, २०३४ ; ८) ।

ङ) आचार्य आनन्दवर्धन-"शब्द र अर्थ दुवै काव्यका शरीर हुन् । काव्यको आत्मा चाहिँ ध्वनि हो ।" (उपाध्याय, २०३४ ; ८) ।

च) आचार्य कुन्तक-" १, कविको कर्म काव्य हो । २, अलङ्कार काव्यका आवश्यक

गुण हुन् । ३, काव्यवेत्तालाई आनन्द दिने, कविको चमत्कारपूर्ण अभिव्यक्ति-कौशलले सुस्ठ रूपले निबद्ध रचनामा सुव्यवस्थित शब्द र अर्थ संयुक्त रूपले काव्य कहिन्छन् ।" (उपाध्याय, २०३४ ; ९) ।

छ) आचार्य मम्मट-"दोषरहित, गुणसहित शब्दार्थ काव्य हो । यसमा कहीँ अलङ्कार हुन्छ, कहीँ अलङ्कार नभए पनि काव्यत्वमा हानि हुँदैन ।" (उपाध्याय,२०३४ ;१०)।

ज) विश्वनाथ-"(वाक्यं रसात्मकं काव्यम्) रसिलो वाक्य काव्य हो ।" (उपाध्याय, २०३४ ; १०) ।

झ) पण्डितराज जगन्नाथ-"सुन्दर भाव व्यक्त गर्ने शब्द काव्य हो ।" (उपाध्याय, २०३४ ; ११) ।

पूर्वीय साहित्य सिद्धान्तका आचार्यहरूको कविताप्रतिको विचार र मतलाई हेर्ने हो भने कवितामा शब्द र अर्थको सफल समायोजन भएको हुन्छ साथै शब्दार्थ रसिलो सुन्दर र रमणीय, ध्वनि निस्कने हुनुपर्छ भन्ने पनि उनीहरूको मान्यता रहेको देखिन्छ ।

आचार्यहरूका परिभाषाहरूलाई समेट्दा कविताको अन्तरङ्ग पक्षमा रसध्वनिवादी प्रवृत्तिलाई महत्त्व दिइएको छ भने यसको बाह्य पक्षमा अलङ्कार, रीति र वक्रोक्तिलाई महत्त्व दिइएको पाइन्छ ।

## २.२.२. पाश्चात्य साहित्यमा कविता मान्यता

पूर्वीय काव्य परम्पराका विभिन्न विद्वान्हरूले कविता सम्बन्धी आ-आफ्ना मौलिक विचारहरू प्रस्तुत गरे जस्तै कविताप्रतिको विचारलाई अर्थात् कविता के हो ? भन्ने सन्दर्भमा पाश्चात्य साहित्यका विद्वान्हरूले पनि आ-आफ्ना मतहरूलाई अगाडि सारेका छन्, जो निम्न प्रकार छन् :

क) अरस्तु- "कविता निश्चित रूपले छन्दोबद्ध साहित्य हो, यसले जीवनलाई प्रतिबिम्बित गर्छ ।" (उपाध्याय, २०३४ ; १३) ।

ख) वेकन-"कविता शैलीको एक रूप हो, यसको सम्बन्ध भाषण कलासित छ । यो वर्तमानको आदेशमा चल्दैन ।" (उपाध्याय, २०३४ ;१३ ) ।

ग) ड्राइडन- "कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो ।"( उपाध्याय २०३४ ; १३) ।

घ) आधुनिक कवि तथा आलोचक टी. एस. इलियट-“काव्य आत्माभिव्यक्ति होइन अपितु आत्माबाट पलायन हो ।” (उपाध्याय, २०३४ ; १५) ।

ङ) शेली-“तीव्रतम दु:खको कथा नै सबभन्दा मीठो गीत हो ।”(थापा, २०३६ ; ४०)।

च) वर्डस्वर्थ-“शान्तिका क्षणहरूमा सुस्मृत अनुभूतिहरूद्वारा उत्पन्न सशक्त भावनाहरूको सहज उद्रेक (उच्छलन) कविता हो ।” (पोखरेल, २०४० ; १२५) ।

छ) कलरिज-“सुललित शब्दहरूको सर्वोत्तम क्रमविधान या उत्तमोत्तम गुम्फन कविता हो ।” ( पोखरेल, २०४० ; १२५) ।

यसप्रकार पाश्चात्य दृष्टिमा छन्दोबद्ध तथा सर्वोत्तम क्रम-विधान एवं उत्तमोत्तम गुम्फनको शैलीयुक्त भाषामा प्रकृतिको अनुकरण, सहज तीव्रतम भावको अभिव्यक्ति कविता हो ।

## २.२.३ नेपाली साहित्यमा कविता मान्यता

क) माधव घिमिरे-“शब्द र संगीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।” (घिमिरे, २०३३ ; ३४५) ।

ख) केदारमान व्यथित-“तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।” (थापा, २०३६ ; ४३) ।

ग) देवकोटाका अनुसार-“कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो ।” (देवकोटा, २०३९ ; ८७) ।

घ) उनका अनुसार ‘अलङ्कार चन्द्रोदय’को नियम मुताविक बनाइएका कविता यान्त्रिक श्लोक हुन्, तर ती न कला हुन् न कविता । जब सिर्जनात्मक कल्पना नक्कल गर्नु, उतार्नुबाट उपर उठेर आफ्नो नवीन सपना देख्दछे र आफ्नो शैलीले आफ्नो छिना चलाउँछे त्यहाँ कला निस्कन्छ । न त खालि मौलिकता नै कला हो, यदि काल्पनिक सत्यको सुन्दर क्रिया त्यसमा छैन भने ! सत्य र सुन्दरको सीमाभित्रका रचनाहरूलाई हामी कला भन्दछौँ, यदि तिनीहरूमा जीवनको हृदयलाई (छुने) प्राकृतिक प्रभाव छ भने । न त खालि सपना मात्रै कला हो, किनकि

प्रकाशनको क्षेत्रमा नआई सपनाले कलाको रूप धारण गर्दैन । (देवकोटा, २०३९; ८८-८९) ।

ङ) नेपाली वृहत् शब्दकोश अनुसार-“कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना नै कविता हो ।”(पराजुली ,२०५५ ; २०३) ।

च) नाटककार तथा कवि बालकृष्ण सम-“कविता भावनाको बौद्धिक कोमलता हो ।” (सम, २०६४ ; ११) ।

उपयुक्त प्रकारको देवकोटाको भनाइअनुसार हामी निम्न प्रकारको बुँदागत निष्कर्षमा पुग्दछौँ :

१) सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन कला हो ।

२) कला वा कविता यान्त्रिक हुँदैन ।

३) नक्कल गर्नुबाट टाढा रहने, नवीन सपना देख्ने, आफ्नो शैलीले कुँदेर सीप भर्ने सिर्जनात्मक कल्पना कला बन्दछ ।

४) काल्पनिक सत्यको सुन्दर क्रिया नभएको मौलिकता कला होइन ।

५) जीवनको हृदय छुने, प्राकृतिक प्रभाव भएका सत्य र सुन्दरका सीमाभित्रका रचनालाई हामी कला भन्दछौँ ।

६) प्रकाशित नभई कल्पनाले कलाको रूप धारण गर्दैन ।

नेपाली विद्वान्हरूको परिभाषा हेर्दा भावनाको बौद्धिक, हार्दिक, कोमलता, कल्पना, अनुभूति र विचारको लगाममा भावुकता चढेको जीवन जगत्को कलात्मक भाषिक सङ्कथन र शब्द र अर्थको योगात्मक गुम्फन, पद्य वा लयको भाषिक संकथन र अनुभूति स्फूर्त रूपमा प्रकट भएको साहित्यिक रचना नै कविता हो ।

पूर्वीय, पाश्चात्य र नेपाली साहित्य परम्पराका विद्वान्हरूले कविताप्रतिको मान्यतालाई आ-आफ्नै धारणा र दृष्टिकोण अनुसार अगाडि सारेका छन् । आ-आफ्नै विचार र अभिमतहरू व्यक्त भएका कविताप्रतिका उनीहरूका मान्यताहरू हाम्रा सामु प्रस्तुत छन् । जे होस्, कविताप्रतिको विद्वान्हरूको मान्यताले कविता विधालाई एकातिर साहित्यको अग्रपङ्क्तिमा राख्न सहयोग पुगिरहेको छ भने अर्कातिर साहित्यको क्षेत्रमा कवितालाई जीवन्तता पनि प्रदान गरिएको छ ।

कविताका लागि शास्त्रीय छन्द अनिवार्य छैन किनकि कविता पद्यमा मात्र होइन गद्यमा पनि लेख्न सकिने विधा हो । कवि मानसमा जुन प्रकारका भावहरू स्फुरित हुन्छन् तिनको अभिव्यक्ति तदनुकूल शब्दावलीमा पूर्णताका साथ व्यक्त हुनु नै कविताको लागि पर्याप्त हुन्छ । कविता छन्द वा लयमा आवद्ध हुन्छ । लयात्मकताले नै कवितालाई अरू विधाभन्दा पृथक् तुल्याउँछ । त्यसैले गद्यमा होस् या पद्यमा होस् जुन माध्यम भएपनि कवितामा लयको प्रवाह हुनु अनिवार्य हुन्छ ।

वस्तुतः कविता लेखन कार्य एउटा आफैंमा जटिल कार्य हो । जसमा शब्द र अर्थको संयोजनले मात्र कविता सिर्जना हुन सक्दैन । तिनीहरू बीच भावको सुमधुर सम्बन्ध हुनु र लयात्मक एकाग्रता हुनु कविताका आवश्यक तत्त्व हुन् । कवितामा सरल सहज र स्वाभाविक शब्द-चयन वा संक्षिप्त भाषिक समायोजन आवश्यक हुन्छ । जब उल्लेखित तत्त्व हरूको संयोग हुन्छ तब मात्र एउटा भावना कविता बन्न सक्छ । प्रकृति र मानव जीवनका सेरोफेरोमा आएका मिलन र विछोडका रीतहरूलाई समेट्न सक्ने र वर्तमानलाई मात्र नसमेटेर जन्मभन्दा अघिका र मृत्युभन्दा पछिका यावत् कुराहरूलाई आफ्नो विषयवस्तु बनाई अगाडि बढ्न सक्ने कालजयी साहित्यको एक सशक्त विधा नै मूल रूपमा कविता विधा हो भन्ने अभिमतमा हस्ताक्षर गर्न सकिन्छ र अन्तमा कविताप्रतिको दृष्टिकोण सबै विद्वान्हरूका मान्यतालाई स्वीकार गर्दै आफ्नो पनि अभिमत भन्न मन लाग्छ-"कविता एकाग्र भावुक मनबाट प्रस्फुटित जीवन र जगत्प्रतिको सचेत मानवीय अभिव्यक्ति हो ।"

## २.३. कविताका तत्त्वहरू

कवितालाई समग्र रूपमा चिन्न चिनाउनका लागि यसका निश्चित तत्त्वहरूका बोधको आवश्यकता पर्दछ । यसरी हेर्दा यसका कथ्य, विषयवस्तु, भाव आन्तरिक तत्त्व हुन् भने भाषा-शैली, लय, विम्व, प्रतीक बाह्य तत्त्व हुन् । यसका समग्र निजी तत्त्व का रूपमा रहन्छन् : संरचना, विषयवस्तु, भाव-विधान, लय-विधान, कथन-पद्धति, अलङ्कार वा विम्ब-विधान, व्यञ्जना-विधान, भाषाशैली, उद्देश्य र शीर्षक । समग्र रूपमा यिनै तत्त्वका आधारमा कवितालाई सिङ्गो रूपमा चिन्नका लागि यिनको सविस्तार चर्चा यसरी प्रस्तुत गरिन्छ :

### क) संरचना

संरचना दुई किसिमको हुन्छ : बाह्य संरचना र आन्तरिक संरचना । कविताको बाह्य संरचनामा पाउ, चरण, पङ्क्ति-पुञ्ज, शब्द-गुच्छको संयोजन गरिन्छ भने आन्तरिक संरचनामा कविको भाव, विचार र अन्तर्लयको क्रमिक, गुणात्मक विकासको प्रक्रिया पर्दछ ।

## ख) विषयवस्तु

कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको मूल विषयवस्तु हो । यस्तो विषयवस्तु ब्रह्माण्डभित्रका यावत् वस्तु, मानवीय स्वभाव, प्रवृत्ति, प्राकृतिक वस्तु, धर्म, संस्कार-संस्कृति, देश, समाज, राजनीति र जीवन भोगाइ, हेराइका अनेक पक्ष-विपक्षसँग सम्बद्ध हुने गर्दछ ।

## ग) भाव-विधान

कविताको मूल तत्त्व  भाव हो । भाव विना कविताको कल्पना पनि गर्न सकिन्न । कवितामा भावलाई मूल मेरुदण्डका रूपमा लिइन्छ । साथै कवितामा भावको उचित संयोजन हुन सक्नुपर्दछ, अनि मात्र कविता उत्कृष्ट बन्दछ ।

## घ) लय-विधान

संगीतमा ताल भए जस्तै कविताको भित्री संगीत लय हो । कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गर्ने गरिन्छ । मानवीय जीवनको गतिको लयलाई समातेर कविताले आफ्नै लयमा मधुर बनाएर प्रस्तुत गर्ने गर्दछ । यस्तो लय-विधानको सृष्टि कवितामा शब्द-गुच्छ, पङ्क्ति-पङ्क्ति, श्लोकहरू मिलाएर गर्ने गरिन्छ । भित्री लय-प्रधान बनाएर लेखिएको अन्तर्लय-प्रधान कविता  नै गद्य  कविता हो । लयको उत्कृष्ट आयोजनामै कविता उत्कृष्ट बन्न पुग्छ ।

## ङ) कथन-पद्धति

कवितामा कविले जुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यस आधारमा कथन-पद्धतिको निर्क्यौल गर्न सकिन्छ । यस कुरालाई दृष्टिविन्दु पनि भन्न सकिन्छ । यस्तो कथन पद्धति वा दृष्टिविन्दु प्रथम पुरुषको म, हामी, सर्वनामको प्रयोग गरेको आन्तरिक दृष्टिविन्दु हुने गर्दछ जसमा कविले कवितामा आफ्नो वर्णन गरिरहेको आत्मालापको आत्मगुञ्जन प्रमुख हुन्छ भने बाह्य दृष्टिविन्दुमा तृतीय पुरुषको सर्वनामको प्रयोग गरिएको हुन्छ जसमा कविले कवितामा आफ्नो वर्णन नगरेर अर्काको वर्णन गरिरहेको हुन्छ । जुनमा कविले देखेका कुरालाई विषयवस्तु बनाउने गर्दछ ।

## च) अलङ्कार वा बिम्ब विधान

कुनै पनि कवितामा कविले भाव सौन्दर्य दृष्टि गर्न सक्नु पर्दछ । यसका लागि कविले कवितामा अलङ्कार र बिम्बको उचित समुचित आयोजन समायोजन गर्न सक्नु पर्छ अनि मात्र कविता उत्कृष्ट बन्दछ । यसक्रममा कवितामा अलङ्कार, बिम्ब, प्रतीक कविताका अनिवार्य तत्त्व  बन्न पुग्दछन् ।

## छ) व्यञ्जना विधान

कवितामा सोझो अर्थ लाग्ने भाषा मात्रै प्रस्तुत गर्नु हुँदैन । यसमा त व्यञ्जनाले बुझाउने वाच्यार्थ, लक्ष्यार्थ पछिको व्यञ्जना-अर्थ ध्वनि प्रकट गराउन सक्नुपर्दछ अनि मात्र कविता उत्कृष्ट बन्दछ । यस्तो व्यञ्जना शक्तिको संयोजन कवितामा हुन सक्नुलाई नै व्यञ्जना विधान भनिन्छ ।

## ज) भाषाशैली

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद शब्दले रागात्मक, लयात्मक, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । त्यो शैली सूक्ष्म र संक्षिप्त कलात्मक हुन सक्नुपर्दछ । कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव बहन गर्न सकोस् । यस किसिमको भाषा शैली कविताको मूल तत्त्व हो । भाषाशैली पद्यात्मक गद्यात्मक दुवै हुने गर्दछ ।

## झ) उद्देश्य

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । यस्तो उद्देश्य कविता भित्र सार्थक, प्रभावात्मक र आकर्षक भएको हुनु पर्दछ । कविताले मूल्यपरक सन्तुष्टिजन्य भाव प्रसारित गर्न सक्नु पर्दछ । यिनै कुराहरूको कविता भित्र संयोजन हुनु नै कविताको उद्देश्य-विधान हो भन्न सकिन्छ ।

## ञ) शीर्षक :

कविताभित्र अनेक संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त सारपूर्ण र औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनोट गर्दछ । जुन शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् ।

# परिच्छेद तीन

# नेपाली कविताको विकासक्रम

## ३.१. परिचय र पृष्ठभूमि

नेपाली भाषा र साहित्यले आज जुन समृद्धि प्राप्त गरेको छ त्यसका लागि संस्कृतको समृद्ध भाषिक साहित्यिक परम्परा प्रथमतः श्रेयो भागी बन्दछ । नेपाली भाषा र व्याकरणका क्षेत्रमा जस्तै नेपाली साहित्यमा पनि संस्कृतको गहिरो प्रभाव परेको छ । खास गरी कविता, नाटक, कथा र उपन्यासजस्ता सृजनात्मक विधा संस्कृतका तत्तत् विधाबाट न्यूनाधिकरूपमा प्रभावित भएकै छन् । साहित्यको सबैभन्दा जेठो र समृद्ध मानिने कविता विधा त संस्कृतबाट सबैभन्दा बढी प्रभावित भएको छ । यति मात्र होइन नेपाली कविता संस्कृतकै उत्तरवर्ती पूरक कविताका रूपमा विकसित भएको छ भन्दा अत्युक्ति हुँदैन । कालक्रमले यसका विविध पक्षमा केही नवीनता निश्चय नै थपेको छ तर कविताको संरचना र यसका अन्तर्बाह्य तत्त्वहरूको विश्लेषण गरी हेर्दा यसमा असमानताभन्दा समानता नै बढी देखिन्छन् । त्यसैले नेपाली काव्य-कविताको प्रारूप तयार गर्न र यसको श्रीवृद्धि गर्नमा वैदिक युगीन एवं लौकिक युगीन संस्कृत कविताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

वैदिक र लौकिक संस्कृतका कविताबाहेक नेपाली कविताको आधार तयार गर्ने अर्को पक्ष हो, लोकसाहित्य । संसारका सबै शिष्ट साहित्यको विकासमा लोकसाहित्यको ठूलो भूमिका रहेको छ । पूर्वका रामायण र महाभारतजस्ता कृति होऊन् वा पश्चिमका इलियड र ओडिसीजस्ता कृति यी सबै मौखिक परम्परामा रहेका लोकगीत, गाथा एवं गाथाचक्रलाई अलिकति परिष्कार गरी लेखिएका रचना हुन् भन्ने कुरामा अन्वेषकहरू सहमत भइसकेका छन् । नेपाली काव्य-कविताको आधार तयार गर्नमा पनि यस किसिमका लोकसाहित्यको भूमिका कम्ति आँक्न सकिँदैन । नेपाली लोकजीवनका मेला-पर्व, उत्सव, समयचक्र र ऋतुचक्रअनुसार गाइने लोकगीत, लोकगाथा, स्फुटपद्य, कूटपद्य, उखान, गाउँखाने कथाजस्ता विधा नेपाली कविताको जन्म र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने स्रोत विधाहरू हुन् । लोकसाहित्यका यी विधाहरूमा भावगाम्भीर्यका साथै व्यङ्ग्यचेत, लय, अनुप्रास, सङ्क्षिप्तता, सूक्तिमयताजस्ता कविताका गुणहरू रहेका छन् । तत्काल पूर्ववर्ती यिनै लोकसाहित्यिक विधाका पृष्ठभूमिमा नेपाली कविताको जग बसेको हो भने अहिलेसम्म पनि लोहसाहित्यका यी विधाबाट नेपाली कविता अनुगृहीत भइ नै रहेको छ ।

त्यस्तो कवितालाई नेपाली कविता भनिन्छ, जुन नेपाली भाषामा लेखिएको हुन्छ । त्यसैले नेपाली हुनुको परिचय भनेकै नेपाली भाषा हो । नेपाली भाषा संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको आधुनिक आर्यभाषा हो । ईसाको दसौँ शताब्दीतिर खस अपभ्रंशबाट नेपाली भाषाको जन्म भएको मानिन्छ । हालसम्म प्राप्त तथ्यका आधारमा वि.सं. १०३८ को राजा दामुपालको दुल्लुस्थित अभिलेख नेपाली भाषाको सर्वप्राचीन लिखित नमुना मानिएको छ । यहीँदेखि नेपाली भाषाले लेख्य रूप प्राप्त गरेको छ । पन्ध्रौँ शताब्दीसम्म यो अभिलेखमै सीमित रहेको थियो । यसबीचका अरू थुप्रै अभिलेख प्राप्त भइसकेका छन् तर ग्रन्थाकार कृति भने प्राप्त हुन सकेको छैन । त्यसैले विद्वान्हरूले यस अवधिलाई अभिलेखयुग भनेका छन् । वि.सं. १९५७ तिरको मानिएको 'भास्वती' टीकाले बल्ल नेपाली भाषालाई ग्रन्थका तहसम्म पुऱ्याएको छ । यसपछि नेपाली भाषामा औषधशास्त्र, ज्योतिष, धर्मशास्त्र, वंशावलीजस्ता व्यावहारिक विषयहरूमा ग्रन्थ लेखन र रूपान्तरणका काम भएका छन् तर साहित्यिक कृति भन्न सुहाउने रचनाका लागि भने वि.सं. १८२६ को सुवानन्द दासको 'पृथ्वीनारायण' कवितालाई नै पर्खनुपऱ्यो । यसअघिको कुनै पनि कविता हालसम्म प्राप्त छैन । बालकृष्ण पोखरेलले मेदिनी बम्म लिखित 'रास्कोटी वंशाली' (१४५० तिर मानिएको)को एक अंशलाई 'बडे राजा मलय बम्म' शीर्षक दिई यसलाई नेपाली कविताको प्रथम नमूना मान्नुपर्ने प्रस्ताव गरेका छन् ( त्रिपाठी र अन्य : २०५३ ; ९७) तर यस कुरालाई हालसम्म अन्य विद्वान्ले त्यति महत्त्व दिएका छैनन् । 'पृथ्वीनारायण' नेपाली भाषाको आद्य कविता हो भन्ने कुरामा भने नेपाली विद्वत् परम्पराले बहुमत देखाएको छ । त्यसैले अन्य आधार प्राप्त नभएसम्म यसैलाई नेपाली भाषाको पहिलो कविता मान्नुपर्ने हुन्छ । त्यस बेलाका कुनै साहित्यिक रचना नपाइएको र अन्य वाङ्मयका ग्रन्थहरूको रचना मात्र भएको हुनाले यस अवधिलाई वाङ्मययुग वा ग्रन्थ रचनाको युग भनिएको छ । यस युगमा नेपाली भाषाले कुनै कविता नपाए पनि कविताका लागि आवश्यक पर्ने भाषिक परिष्कार र कविताको भाव वहन गर्न सक्ने क्षमता भने प्राप्त गरेको छ । त्यसैले यस युगलाई नेपाली कविताको पृष्ठभूमि काल मानिएको छ ।

नेपाली कविताको पृष्ठभूमि, वैदिक-लौकिक युगीन संस्कृत साहित्य, लोक-साहित्य र नेपाली भाषाको वाङ्मय-रचनाको युगसमेतलाई छोडेर शिष्ट नेपाली कविता-लेखनको परम्परालाई हेर्दा यो सुवानन्द दासको 'पृथ्वीनारायण' (वि.सं.१८२६ तिर)देखि सुरू भएको ज्ञात हुन्छ । त्यसबेलादेखि आजसम्म करिब साढे दुइ शताब्दीको यात्रामा नेपाली कविताले अनेक आरोह-अवरोह र घुम्तीहरू पार गर्दै आएको छ । नेपाली कविताको करिब अढाइ शताब्दीको यो कालावधिलाई अध्ययन गर्न सहज होस् भन्ने हेतुले विद्वान्हरूले विभिन्न कालखण्ड, चरण र उपचरणमा विभाजन गरेका छन् । यसरी काल-विभाजन गर्दा

विद्वान्हरूका भनाइमा मतैक्य भने देखिँदैन । कसैले तत्कालीन राजनैतिक परिस्थितिलाई आधार बनाएर काल-विभाजन गरेका छन् भने कसैले नेतृत्वकर्ता व्यक्तिविशेषलाई र कसैले प्रवृत्तिलाई पनि काल-विभाजनको आधार बनाएका छन् । यी सबै मतहरूमध्ये काल-विभाजनका मूलभूत सिद्धान्तलाई अङ्गीकार गरेको, विभिन्न विद्वान्हरूले मानेको र त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रमले समेत मान्यता प्रदान गरेको काल-विभाजन यसप्रकार छ (त्रिपाठी र अन्य, २०५३ ; १००)

क) प्राथमिक काल : वि.सं. १८२६–१९४०

ख) माध्यमिक काल : वि.सं. १९४१–१९७४

ग) आधुनिक काल : वि.सं. १९७५–वर्तमानसम्म

उपर्युक्त कालखण्डमा नेपाली कवितामा देखिएका प्रमुख कवि, तिनका कृति, तिनले अँगालेका धारा र प्रवृत्तिको चर्चा सङ्क्षेपमा गरिन्छ ।

## ३.२. प्राथमिक काल

हालसम्म प्राप्त तथ्यका आधारमा नेपाली भाषाको पहिलो कविता सुवानन्द दासको 'पृथ्वीनारायण' (वि.सं. १८२६) हो । यसमा नेपालको एकीकरणका शिलान्यासकर्ता पृथ्वीनारायण शाहका वीरताको वर्णन गरिएको छ । यस बेलादेखि मोतीराम भट्टको आगमन नभएसम्मको कालावधिलाई नेपाली कविताको प्राथमिक काल मानिएको छ । यो नेपाली कविताको मात्र नभई समग्र नेपाली साहित्यकै प्राथमिक काल हो । यसबीचमा नेपालका इतिहासमा केही महत्त्वपूर्ण घटनाहरू भएका छन् । पृथ्वीनारायण शाहको नेपाल-एकीकरणको अभियान, रणबहादुर शाहको आफ्नै भाइद्वारा गरिएको हत्या, सुगौली सन्धि, भीमसेन थापाको पतन, कोतपर्व र जङ्गबहादुरको उदय अनि राणाहरूका पहिलो पुस्ताको जहानियाँ शासनजस्ता घटना यसैबेला भएका हुन् । साहित्य समाजको दर्पण भएकाले सामाजिक स्थितिको प्रत्यक्ष प्रभाव त्यसमा परेको हुन्छ । नेपाली कवितामा पनि उल्लिखित सामाजिक एवम् राजनैतिक आरोह-अवरोहको प्रभाव प्रशस्त पर्‍यो । पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि सुरू भएको र ठाउँठाउँका विजयले गर्दा उत्साहित तत्कालीन नेपाली कवि-परम्पराले राजा तथा उनका सैन्यका वीरताको वर्णन गर्दै वीर रसप्रधान कविताहरूको रचना गर्न थाल्यो । यो क्रम वि.सं. १८७२ सम्म रह्यो तर वि.सं.१८७३ मा अंग्रेजसँग सुगौली सन्धि गरी आफ्ना देशका कतिपय भू-भाग गुमाउनु परेको पीडाले नेपालीहरूको हृदय आहत भयो । पीडित हृदयमा वीरता निरूत्साहित हुनु र धार्मिक आस्था जागृत हुनु पनि धर्मप्राण नेपालीहरूका लागि अस्वाभाविक थिएन । त्यसै कारण सुगौली

सन्धिपछि नेपाली कविताको मूल प्रवाह भक्तिधारातर्फ मोडियो । त्यसबेलादेखि मोतीराम भट्टको आगमनसम्म फाट्टफुट्टरूपमा अरू खालका कविताको रचना भए तापनि मुख्यतयाः भक्ति भावप्रधान कविताकै बाहुल्य रह्यो । त्यसैले नेपाली कविताको ऐतिहासिक अध्ययन गर्दा प्राथमिक कालको जम्मा ११४ वर्षको अवधिमध्ये वि.सं.१८२६ देखि १८७२ सम्मको पूर्वाद्ध चरणलाई वीरधारा र वि.सं.१८७३ देखि १९४० सम्मको उत्तराद्ध चरणलाई भक्तिधाराअन्तर्गत राखी अध्ययन गर्ने परम्परा रहिआएको छ ।

### ३.२.१.वीरधारा

नेपाली कविताको प्रथम आविर्भाव वीर रसप्रधान कविताका रूपमा भएको हो । सुवानन्द दासले पृथ्वीनारायण शाहका वीरताको वर्णन गर्दै 'पृथ्वीनारायण' कविता लेखेर नेपाली भाषामा कविता लेखनको सुरूआत गरेका हुन् । यस पछिका अन्य कविहरूले पनि राजा, तिनका सैन्य अथवा अन्य उच्च पदस्थ शासकहरूका वीरताको वर्णन गर्दै कविता लेखेका छन् । यसो हुनुमा तत्कालीन राजनैतिक परिवेश प्रमुख कारक हो भने शासकको प्रशंसा गरेर केही लाभ लिने उद्देश्यले पनि यस किसिमका कविता लेखिएका हुन् । यस अवधिका अन्य कवि र तिनका कृतिहरूमा शक्तिवल्लभ अर्यालको 'तनहूँ भकुण्डो' उदयानन्द अर्यालको 'पुरानु बातको अर्जी', 'कुलवर्णन कविता' र 'बेताल पच्चिसी', सुन्दरानन्द बाँडाको 'बहादुरशाहवर्णनम्'मा परेको 'आशानदी', राधावल्लभ अर्यालको 'साँढ्याको कवित्', यदुनाथ पोखरेलको 'गोर्षा सेना', र 'कृष्णचरित्रवर्णन', रामचन्द्र पाध्या रेग्मीको 'लक्ष्मीधर्मसंवाद', गुमानी पन्तको 'धन्य गोर्खाली' आदि प्रसिद्ध छन् । यस अवधिमा मुक्तकदेखि प्रबन्धस्तरमा खण्डकाव्यको तहसम्मका रचना नेपाली साहित्यले पाएको छ । तत्कालीन कवितामा देशको राजनैतिक परिस्थिति, राजभक्ति, सैन्यवर्णन, युद्धवर्णन, राष्ट्रियताजस्ता कुरालाई विषयवस्तु बनाइएको छ । संस्कृतका वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ भने अनुप्रास र अन्य शब्दगत तथा अर्थगत अलङ्कारतर्फको सचेतता पनि थोरबहुत पाइन्छ । नेपाली झर्रा शब्दका साथै संस्कृत, व्रज, अवधि, मैथिली भाषाका शब्दको मिश्रित प्रयोग पनि यस कालका कवितामा पाइन्छ । भाषिक परिष्कार कमजोर भए पनि उक्तिवैचित्र्य र व्यङ्ग्यचेतना, मौलिकताजस्ता कुरामा सकेसम्म सचेतता देखाउनु वीरकालीन कविताका विशेषता हुन् ।

### ३.२.२.भक्तिधारा

वि.सं. १९७३ को सुगौली सन्धिले नेपालीहरूलाई दुई ओटा कुरा दियो १) आफ्ना रगतले सीमा बाँधेको देशका थुप्रै भू-भाग गुमाएर अंग्रेजहरूसँग सुगौली सन्धि गर्नुपर्दा

पराजयको तीतो अनुभव र २) युद्धपछिको शान्ति । देशमा विकसित यस नयाँ परिस्थितिले गर्दा नेपाली कविताले अँगाल्दै आएको वीरताको वर्णन निरर्थक लाग्न थाल्यो बरू यस घटनाबाट आहत नेपाली जनता र यस परिस्थितिमा बाँचेका कविहरूले ईश्वरका चरित्रको चर्चामा शान्तिको अनुभव गर्न थाले । त्यसैकारण यस बेलाका कविहरूले भक्ति रचनातर्फ आफ्ना लेखनी दौडाए । फाट्टफुट्ट रूपमा यसअघि नै भगवद्भक्तिलाई विषय बनाएर कविता रचना भएका थिए तापनि यसपछिका रचनाको मुख्य स्वर नै ईश्वरभक्ति रहेकाले यस काललाई भक्तिकाल वा भक्तिधाराको काल भनिन्छ । यो प्राथमिककालीन नेपाली कविताको उत्तरार्द्ध चरण हो ।

नेपाल हिन्दू राष्ट्र भएकाले गणेश, देवी, विष्णु, शिवजस्ता देवीदेवतालाई इष्टदेवका रूपमा मान्ने प्रचलन प्राचीनकालदेखि नै थियो । यसबाहेक वेदान्त, साङ्ख्य, योगजस्ता दर्शनको प्रभाव पनि पहिलेदेखि नै छँदै थियो । भगवान् विष्णुका अवतार मानिने राम र कृष्णका चरित्रमा नेपाली जनता ज्यादै अनुरक्त थिए भने अलि शिक्षित वर्ग परमेश्वरको सगुण र साकार स्वरूपभन्दा पर निर्गुण निराकार स्वरूपको चिन्तन-मनन र चर्चा-परिचर्चामा जीवनको सार्थकता देख्दथ्यो । यस संस्कारबाट प्रभावित कविहरू पनि सगुणका उपासक र निर्गुणका उपासक गरी दुई वर्गका थिए । त्यसैले उनीहरूले यस्तै दुई थरी विषयलाई कवितामा अभिव्यक्ति दिन थाले । सगुण र साकार ईश्वरका उपासकहरूमध्ये पनि राम र कृष्णका भक्तहरूले आफ्ना इष्टदेवका चरित्रलाई काव्य-कवितामा उतारेका छन् । फलतः तत्कालीन नेपाली कवितामा १) रामभक्ति धारा २) कृष्णभक्ति धारा र ३) निर्गुण धारा गरी तीन उपधारा विकसित भएका देखिन्छन् ।

### (क) **रामभक्ति धारा**

रामचरित्रको वर्णन गर्ने कविहरू रामभक्ति धाराका कवि हुन् । यिनीहरूले विभिन्न भाषामा विभिन्न कविहरूले रचना गरेका रामचरित्र सम्बन्धी कृतिहरू र खास गरी संस्कृतमा वाल्मीकिले रचेका रामायणबाट प्रभावित भएर रामचन्द्रका आदर्श चरित्रको वर्णन गरेका छन् । यस धाराका कवि र तिनका कृतिहरूमा रघुनाथ पोखरेलको **सुन्दरकाण्ड,** भानुभक्त आचार्यका **रामायण** र **रामगीता** विशेष उल्लेख्य छन् । यस धाराका केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन् र उनको रामायण नेपाली भाषाको पहिलो महाकाव्य मानिएको छ ।

### (ख)**कृष्णभक्ति धारा**

कृष्णभक्ति धाराका कविहरूले श्रीकृष्णको जीवन चरित्रका विविध पक्षलाई विषयवस्तु बनाएर काव्य-कविताको रचना गरेका छन् । यिनीहरूका रचनाका प्रमुख उपजीव्य ग्रन्थ

व्यासकृत श्रीमद्भागवत र महाभारत रहेका छन् । यस धारामा इन्दिरसको **गोपिकास्तुति**, विद्यारण्य केशरीका **'युगलगीत'** र **द्रौपदीस्तुति,** वसन्त शर्माका **श्रीकृष्णचरित्र** र **समुद्रलहरी,** वीरशाली पन्तका **श्रीकृष्णचरित्र**, **विमलबोधानुभव** र **सरस प्रेमावली**, हीनव्याकरणी विद्यापतिका **गीतगोविन्द** र **गीतवाणी**, पतञ्जलि गजुर्‍यालका **बालगोपालवाणी**, **हरिभक्तमाला**, **जैमिनी भारत**, र **अध्यात्मरामायण बालुन** आदि विशेष उल्लेख्य रहेका छन् । यस धाराका केन्द्रीय प्रतिभा वसन्त शर्मा हुन् । उनको **श्रीकृष्णचरित्र** लामो काव्य हो तर यसलाई महाकाव्यका कोटिमा भने राखिएको छैन । अतः यस धारामा कविताको सानो आयामदेखि खण्डकाव्यको तहसम्मका कृतिहरू रचिएका छन् । कृष्णका चरित्रलाई उपजीव्य ग्रन्थमा समेत शृङ्गारिक रूपमा प्रस्तुत गरिएकाले यस धारामा विशुद्ध भगवद्भक्तिभन्दा पनि शृङ्गार अन्तर्गर्भित भक्ति-चेतनाको अभिव्यक्ति पाइन्छ ।

### (ग) निर्गुण धारा

वेदान्त दर्शन, साङ्ख्य दर्शन, योग दर्शन एवं भगवद्गीतासमेतबाट प्रभावित धारा हो निर्गुण धारा । यसमा निर्गुण-निराकार परब्रह्मको नित्यता एवं व्यापकता र संसारको अनित्यता, निस्सारता अनि नेपाली समाजमा रहेको जातीय विभेदजस्ता कुरालाई विषयवस्तु बनाएर कविता रचना गरिएको छ । यस धारामा जोसमनी सम्प्रदायका सन्त कविहरूको विशेष योगदान रहेको छ । यस धाराका कवि र तिनका कृतिहरूमा शशिधरको **वैराग्याम्बर** र **बाणोपनिषद्,** अगम दिलदासका फुटकर कविता, अखण्ड दिलदासका **निर्गुण भजन**, ज्ञान दिलदासका **उदयलहरी** र **भजनसङ्ग्रह** प्रसिद्ध छन् । यस धाराका केन्द्रीय प्रतिभा ज्ञान दिलदास हुन् भने उनको **उदयलहरी** खण्डकाव्य स्तरको कृति हो । यसमा नेपाली भाषाका विशुद्ध रूपको प्रयोग पाइन्छ । यस धाराका धेरैजसो कविहरू साधु भएकाले र उनीहरूको नेपाली भाषामा हिन्दी र अवधिको समेत मिश्रण भएकाले यिनीहरूका रचनामा पनि भाषाको मिश्रित प्रयोग पाइन्छ ।

प्राथमिक कालको उत्तरार्द्धमा देखिएका अन्य कविहरूमा यदुनाथ पोखर्‍याल, दैवज्ञकेशरी अर्याल, छविलाल नेपाल, गोविन्ददास, हरिदास, षडानन्द लोहनी, वैयाकरण नेपाल, राजीवलोचन जोशी, लालबहादुर, नरबहादुर आदि उल्लेख्य रहेका छन् । यस कालमा मुक्तकदेखि महाकाव्यसम्मका कृतिहरू रचिएका छन् भने मौलिक र अर्द्धमौलिक दुवैथरी कृतिहरू रचिएका छन् । यस कालको केन्द्रीय धाराका रूपमा भक्तिधारा रहे पनि तत्कालीन सामाजिक-राजनैतिक परिस्थितिलाई विषयवस्तु बनाएर लेखिएका काव्य-कविताको सङ्ख्या पनि उल्लेख्य रहेको छ । भानुभक्त आचार्यको **वधूशिक्षा**, लालबहादुरको **भोटको लडाइँको सवाइ,** नरबहादुरको **जंगबहादुरको सवाइ** जस्ता कृतिहरू यस्तै गैरभक्तिधाराका कृतिहरू

हुन् । पूर्वार्द्धको वीरधाराको परम्परा यस उत्तरार्द्ध कालमा पनि फाट्टफुट्ट रूपमा देख्न पाइन्छ । समग्र भक्ति धारा र अझ प्राथमिक कालकै केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन् भने उनको कृति **रामायण** समग्र प्राथमिक कालकै महत्तम उपलब्धि हो । पूर्वार्द्धका कविहरूको भन्दा यस उत्तरार्द्ध कालका कविहरूका भाषामा केही परिष्कृति देखिन्छ तर कतिपय कविका भाषामा भने संस्कृत, हिन्दी, अवधी र व्रज भाषाको मिश्रित प्रयोगसमेत पाइन्छ । शास्त्रीय तथा लोकलयको राम्रो प्रयोग भएको छ र तिनमा अनुप्रासजस्ता शब्दालङ्कार र उपमा, रूपकजस्ता अर्थालङ्कार अनि विविध प्रकारका उक्तिवैचित्र्यको प्रयोग पनि यस कालका कवितामा पाइन्छ ।

## ३.३. माध्यमिक काल

नेपाली कविताको प्राथमिक कालको सीमाङ्कन जति विवादरहित छ त्यति नै निर्विवाद माध्यमिक काल र आधुनिक कालका अवधि भने छैन । माध्यमिक कालको आरम्भका बारेमा विवाद नभए पनि यसको अन्त्य र आधुनिक कालको आरम्भ कुन बिन्दुलाई मान्ने भन्ने विषयमा मतैक्य छैन तर विवाद जे-जस्ता भए पनि **सूक्तिसिन्धु**को प्रकाशनलाई माध्यमिक कालको अन्तिम बिन्दु मान्नुपर्ने कुरा बढी तर्कसङ्गत छ र यसैमा विद्वान्हरूको बहुमत पनि छ । त्यसैले माध्यमिक काल भनेको भानुभक्त आचार्य रचित **सुन्दरकाण्ड**को प्रकाशन (वि.सं. १९४१)देखि **सूक्तिसिन्धु**को प्रकाशन (वि.सं. १९७४) बीचको कालावधि हो । काव्य-प्रवृत्तिका दृष्टिले यसकाललाई पूर्वार्द्ध (१९४१ – १९६१) र उत्तरार्द्ध(१९६२ – १९७४) गरी दुई चरणमा विभाजन गरिएको छ । यसका पूर्व चरणको नेतृत्व मोतीराम भट्टले गरेका छन् भने उत्तर चरणको नेतृत्व शम्भुप्रसाद ढुङ्गेलले गरेका छन् ।

नेपाली कविताको माध्यमिक काल मुद्रणसँगै सुरू भएको हो र यस समयावधिमा मुद्रण तथा प्रकाशनको काम प्रशस्तै भएको छ । त्यसैले यस युगलाई मुद्रण/प्रकाशनको युग पनि भन्ने गरिन्छ । प्राथमिक कालमा कृतिको लेखन भए पनि प्रकाशनको काम भने भएको थिएन त्यसैले प्राथमिक काल लेखनको काल हो । मोतीराम भट्टले प्राथमिक कालीन कवि भानुभक्त आचार्य रचित रामायणको खोजी गरी वनारसबाट त्यसको सुन्दरकाण्ड प्रकाशन गरेपछि नेपाली साहित्यले मुद्रणको युगमा प्रवेश गरेको हो । यसपछि मोतीराम भट्टकै पहलमा भानुभक्तको रामायण पूरै भाग प्रकाशित भयो भने अरू काव्य-कविता र पत्र-पत्रिका पनि प्रकाशित हुन थाले । यसै बेला भानुभक्त आचार्यका पदचापको अनुसरण गर्दै धार्मिक-आध्यात्मिक कृतिको नेपालीमा अनुवाद/रूपान्तरण गर्ने र तिनको प्रकाशन गर्ने कार्य पनि तीव्र भएको पाइन्छ । खास गरी वनारसबाट यस्ता कृतिहरू प्रशस्त प्रकाशित भएका छन् र तिनमा आकारका दृष्टिले महाकाव्य समकक्षी पद्याख्यानका कृति समेत रहेका

छन् । पत्र-पत्रिकातिर वि.सं. १९५८ मा गोरखापत्र, वि.सं.१९६३ मा सुन्दरी र वि.सं.१९६५ मा माधवीजस्ता पत्रिकाहरू प्रकाशित हुन थालेपछि नेपाली कविताको लेखन र प्रकाशन द्रुततररूपमा अघि बढेको देखिन्छ । यसै बेला राममणि आ.दी.को नेतृत्वमा चलेको हलन्त-बहिष्कार आन्दोलनले नेपाली भाषाको परिष्कृत रूपतर्फ कविहरूको आकर्षण बढ्न थालेको पाइन्छ भने वि.सं.१९६९ मा पण्डित हेमराजको **चन्द्रिका** व्याकरण प्रकाशित भएपछि नेपाली भाषाका मानक रूपतर्फ पनि कवि-लेखकले सचेतता देखाउन थालेको देखिन्छ ।

नेपाली साहित्यमा माध्यमिक काल चलिरहँदा नेपालको राजनीतिमा राणाहरूको एकतन्त्री शासन चलिरहेको थियो । यसबेला नेपालको इतिहासमा केही महत्त्वपूर्ण घटनाहरू भएका छन् । वि.सं.१९४२ सालमा प्रधानमन्त्री रणोद्दीप सिंहको हत्या गरी शासनको बागडोर धीरशमशेरका छोराहरूले आफ्नो हातमा लिन्छन् र वीरशमशेर प्रधानमन्त्री हुन्छन् । यसरी राणा-शासन दोस्रो पुस्तामा जानु, वीरशमशेरको शासन, देवशमशेरको छोटो समयको शासन, उनका सुधारका कार्यक्रम र उनलाई पदच्युत गरिनु, चन्द्रशमशेरको शासन, मकै पर्वजस्ता घटनाहरूले नेपाली राजनीतिमा घात-प्रतिघात र आरोह-अवरोहको क्रम चलिरहेको थियो । छिमेकी भारतमा रहेको अंग्रेजहरूको विलासितापूर्ण जीवनशैलीका प्रभावले राणाहरू पनि निकै विलासी र सौखिन हुँदै गएका थिए भने उच्च वर्गका जनतासमेत त्यसबाट प्रभावित हुँदै थिए । उनीहरूको रूचि मनोरञ्जनात्मक र शृङ्गारिक साहित्यतिर बढी थियो । समाजमा विकसित यी सबै कुराको प्रभाव प्रत्यक्षतः नेपाली कवितामा पनि परिरहेको थियो । त्यसैले यस बेलाका कवि-लेखकहरू शृङ्गारिक काव्य-कवितातिर बढी आकर्षित भए भने लेखन-प्रकाशनको स्वतन्त्रता नभएका कारण पनि उनीहरूलाई यसो गर्नुपर्ने बाध्यता थियो । उच्च वर्गका सौखिनहरूको उर्दू-फारसी परम्पराका गजलप्रतिको आकर्षणले यसै बेला नेपालीमा पनि गजल विधाले प्रवेश गर्ने अवसर पायो । यसरी अत्यन्त साँघुरो परिस्थितिबाट अघि बढ्नु परे पनि कवि-प्रतिभाले खुम्चिएर बस्न सकेन, नयाँ-नयाँ विधा र कृतिहरूलाई जन्म दिँदै र विभिन्न धारा-उपधारामा बग्दै कुनै न कुनै रूपमा साहित्य-सृजनामा लागिरह्यो ।

नेपाली कवितालाई माध्यमिक कालमा प्रवेश गराउने र यसको श्रीवृद्धि गर्ने कार्यमा मोतीराम भट्टको योगदान अद्वितीय रहेको छ । उनी अध्ययनका लागि वनारसमा बसेका बेला भारतेन्दु हरिश्चन्द्रले राष्ट्रभाषाको विकासका लागि गठन गरेको 'कवितावर्द्धिनी सभा' बाट प्रभावित भएर नेपाली कवि-लेखकहरूलाई समेटी एउटा कवि-समूह (मोतीमण्डली)को गठन गरेका थिए र राष्ट्रभाषा नेपालीमा साहित्यको सृजना गरी नेपाली साहित्यको भण्डार भर्ने उद्देश्यले उत्साहित युवाहरूलाई कविता लेख्न उत्प्रेरित गर्ने, समूहमा भेला भई कविता

सुन्ने, सुनाउने, छलफल गर्ने  र समस्यापूर्ति गर्ने जस्ता कार्य गरी काव्य-सृजनाका लागि उचित वातावरणको सृजना गरेका थिए । यसरी माध्यमिक कालमा नेपाली काव्य-कविताको लेखन तथा प्रकाशन मोतीराम भट्टका नेतृत्वमा सामूहिक प्रयासबाट अघि बढेको देखिन्छ ।

तत्कालीन सामाजिक तथा राजनैतिक वातावरण, नेपालीहरूको परम्परागत धार्मिक-सांस्कृतिक चेतना, विदेशी साहित्यसँगको सम्पर्क र प्रभाव, परिवर्तित युगसन्दर्भले ल्याएको चेतनाजस्ता कारणहरूले गर्दा माध्यमिक कालीन नेपाली कविता विभिन्न धारा-उपधारामा प्रवाहित भएको देखिन्छ । त्यस बेलाको मूल धाराका रूपमा शृङ्गारिक धारा रहे पनि यसबाहेक भक्तिधारा, शासकस्तुति धारा र सामाजिक तथा सांस्कृतिक जागरणको धाराले पनि यथेष्ट रूपमा विकसित हुने मौका पाएका छन् । माध्यमिक कालमा विकसित यी धाराहरूको सङ्क्षिप्त चर्चा निम्नानुसार गर्न सकिन्छ ।

## ३.३.१. शृङ्गारिक धारा

माध्यमिक कालीन नेपाली कविताको मूल प्रवृत्ति शृङ्गारिक धाराबाट निर्देशित रहेको छ । संस्कृतका शृङ्गारिक काव्य-कविता तथा प्राथमिक कालीन कृष्णचरित्रका शृङ्गारिक प्रसङ्गबाट यो धारा प्रेरित-प्रभावित छ । यस धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । उनले शिष्ट शृङ्गारको प्रयोग गरी मौलिक कृतिहरूको रचना गरेका छन् । आयामका हिसाबले उनले मुक्तक कवितादेखि खण्डकाव्यसम्मका कृतिहरू रचेको देखिन्छ । **पञ्चक-प्रपञ्च, गजेन्द्रमोक्ष, पीकदूत, उषाचरित्र, प्रह्लाद-भक्तिकथा, मनोद्वेगप्रवाह** आदि उनका प्रसिद्ध कृति हुन् । भट्ट बाहेक यस धाराका कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, तारानाथ शर्मा, रामप्रसाद सत्याल, बैजनाथ सेढाईं, गोपीनाथ लोहनी, पहलमानसिंह स्वाँर, तीर्थप्रसाद आचार्य, केदारनाथ खतिवडा, ईश्वरीराज पन्त, तुलसीदत्त भट्टराई आदि प्रसिद्ध छन् । यस बेला प्रकाशित केही सामूहिक कविता-सङ्ग्रहले पनि यस धारालाई अझ विकसित तुल्याएका छन् । **शृङ्गारदर्पण** (१९५५), **श्लोकसङ्ग्रह** (१९५६), **सङ्गीत-चन्द्रोदय** (१९६९), **कविताकल्पद्रुम** (१९६२), **सूक्तिसिन्धु** (१९७४) एवम् वि.सं. २०५२ सालमा शरद्चन्द्र शर्माद्वारा सम्पादित **जोगमण्डलीका कविता'** यस कालका प्रमुख कविता सङ्ग्रह हुन् ।

शृङ्गारिक धारा नेपाली कवितामा पूरै माध्यमिक कालभरि व्याप्त भएर रहेको छ । यसमा शिष्ट र अशिष्ट दुवै खालको प्रयोग कविहरूले गरेका छन् । सम्भोग र विप्रलम्भ शृङ्गारको सफल प्रयोग यस धाराका कवितामा पाइन्छ । शृङ्गारलाई कतै मनोरञ्जनात्मक रूपमा अभिव्यक्त गरिएको छ भने कतै हाँस्यात्मक रूपमा, कतै व्यङ्ग्यात्मक रूपमा र कतै

बीभत्स एवं नग्न रूपमा पनि प्रस्तुत गरिएको छ । नायक-नायिकाका यौवन एवम् तिनका आकर्षण र रतिरागलाई विषयवस्तु बनाएर रसयुक्त कविताको रचना गरिएको छ र प्रकृतिलाई उद्दीपन विभावका रूपमा चित्रण गरिएको छ । मोतीराम भट्टले सुरू गरेको समस्यापूर्ति-परम्पराले पनि यस धारालाई निकै सहयोग पुऱ्याएको छ । भट्टको यस कार्यबाट तत्कालीन कविहरू र अन्य युवाहरू पनि निकै प्रभावित छन् र कविता-लेखनका सामूहिक प्रयासहरू भएका छन् । उर्दू, फारसी परम्पराका गजलको रचनाले पनि यस धारालाई अझ माथि उठाएको छ । शास्त्रीय तथा लोकछन्दका प्रयोगले यस धाराका कविता निकै श्रुतिमधुर छन् । पर्याप्त सौन्दर्य चेतना नपाइए पनि त्यसतर्फको उन्मुखता र प्रशस्त मौलिक रचना दिन सक्नु माध्यमिक कालीन शृङ्गारिक काव्यधाराको प्राप्ति हो ।

## ३.३.२. भक्तिधारा

माध्यमिक नेपाली कविताको अर्को धारा भक्तिधारा हो । यस धारामा सङ्ख्यात्मक रूपमा थुप्रै कृतिहरू लेखिएका छन् तर शृङ्गारिक धारामा जस्तो कवित्व मौलाउन नसकेको हुनाले यस धारालाई त्यसबेलाको गौण धाराका रूपमा लिइन्छ । प्राथमिक कालका उत्तरार्द्धमा विकसित भक्तिधाराको निरन्तरता नै माध्यमिककालीन भक्तिधारा हो । यसमा सगुण-भक्ति र निर्गुण-भक्ति दुवैले निरन्तरता पाएका छन् भने सगुण-भक्तिमा राम, कृष्ण र देवीका चरित्रहरूको वर्णन-स्तवन गर्ने परम्पराले अझ विकसित हुने मौका पाएको छ । यसबेला खास गरी वनारसबाट धार्मिक-आध्यात्मिक ग्रन्थहरूको अनुवाद, रूपान्तरण र प्रकाशनको काम तीव्र रूपमा भएको छ । रामायण, महाभारत, श्रीमद्भागवत्, देवीभागवत्जस्ता कृतिहरूको नेपाली भाषामा पद्यानुवादका साथै केही मौलिक कृतिहरूको रचना पनि भएको छ तर मौलिकतातर्फ भने शृङ्गारिक साहित्यजति भक्ति साहित्य फस्टाउन सकेको छैन । अनुवाद-रूपान्तरणतर्फ चाहिँ भक्ति साहित्य नै यस कालमा बढी फस्टाएको देखिन्छ । रामायण, महाभारत, श्रीमद्भागवत, देवीभागवतजस्ता पद्याख्यानले महाकाव्यको आयाम प्राप्त गरेका छन् तर तिनमा कवित्व र मौलिकताको कमीले गर्दा महाकाव्यकै कोटिमा भने राखिएको छैन । यस धाराका प्रसिद्ध कविहरूमा हरिहर शर्मा, चिरञ्जीवी पौड्याल, शम्भुप्रसाद ढुङ्गेल, होमनाथ खतिवडा, छविलाल नेपाल, दलबहादुर खत्री, तीर्थप्रसाद आचार्य, कृष्णप्रसाद रेग्मी, भक्तिकुमारी राणा, महात्मा केवलानन्द आदि पर्दछन् । संसारको क्षणिकता एवं नश्वरता र परमात्माको शाश्वतता एवं व्यापकताबारे चर्चा-परिचर्चा गर्दै सांसारिक विषय-वासनामा फस्नु हुँदैन, ईश्वरको आराधना-उपासनाद्वारा परम्पद प्राप्त गर्नुपर्दछ भन्ने औपदेशिक प्रवृत्ति यस धाराका काव्य-कवितामा पाइन्छ ।

### ३.३.३. शासकस्तुति धारा

प्राथमिक कालमा सुवानन्द दास, उदयानन्द अर्याल आदिले स्थापना र विकास गरेको शासकस्तुति धारा माध्यमिक कालमा आएर निकै फस्टायो । शासकहरूको प्रशंसा गरी उनीहरूलाई महान् व्यक्तिका रूपमा चिनाउने र कतै ईश्वरकै अंशका रूपमा वर्णन गर्ने परम्परा पनि यस धाराका कविहरूले अँगालेका छन् । उच्चपदस्थ शासकहरू प्रसन्न भएमा उनीहरूबाट केही निगाह बक्स हुने र वरत्र सुध्रने आशाले कविहरू यस्तो स्तुति-साहित्यतर्फ आकर्षित भएका देखिन्छन् । कतिपय कविहरू भने तत्कालीन राणाहरूको अनुदार शासन-कालमा उनीहरूको अनुमतिविना कृति लेख्न, प्रकाशन गर्न र सार्वजनिक गर्न नपाइने हुनाले शासकहरूको अनुकूल दृष्टिका लागि पनि बाध्यतावश उनीहरूको स्तुति गरेका छन् । अझ कतिपयले चाहिँ कृतिभित्र शासकस्तुतिलाई खासै महत्त्व नदिए पनि कृतिको नाम, भूमिका वा समर्पण खण्डलाई शासक-सम्बद्ध बनाएर कृतिको प्रकाशन गरेका छन् । यसबाट तत्कालीन बाध्यता नै कविहरूले शासकस्तुति गर्नुपर्नाको मुख्य कारण हो भन्ने कुरा स्पष्ट हुन्छ । यस धाराका कविहरूमा शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, चिरञ्जीवी पौड्याल, वैजनाथ सेढाईं, जगन्नाथ सेढाईं, योगविक्रम राणा, सोमनाथ सिग्देल, पहलमान सिंह स्वाँर, डिल्लीशमशेर थापा, तारानाथ शर्मा आदि प्रसिद्ध छन् । यस धारामा छोटा कवितादेखि शम्भुप्रसाद ढुङ्गेलको **श्रीचन्द्रप्रतापवर्णन**, सोमनाथ सिग्द्यालको **चन्द्रचरित** जस्ता लामा काव्यसम्म रचिएका छन् । **चन्द्रचरित** काव्य यस धाराको प्रौढ कवित्वयुक्त महाकाव्य-समकक्षी कृति मानिन्छ । यो यसै रूपमा प्रकाशित नभए पनि पछि **आदर्शराघव** का कतिपय अंशका रूपमा प्रकाशित छ ।

### ३.३.४. सामाजिक-सांस्कृतिक जागरणको धारा

माध्यमिक कालीन नेपाली कवितामा देखिएको अर्को धारा सामाजिक तथा सांस्कृतिक जागरणको धारा हो । युगले ल्याएको चेतना, विदेशी साहित्यको प्रभाव, नेपाली युवाहरूको विदेश जाने-आउने क्रम, देशभित्रै देवशमशेरले चलाएका सुधारका कार्यक्रम, नेपाली भाषामा विभिन्न पत्रपत्रिकाको प्रकाशनजस्ता कुराले गर्दा माध्यमिक कालको उत्तरार्द्धतिर यो धारा विकसित भएको हो । हिन्दू धर्म र नेपाली संस्कृतिमा रहेका कतिपय रूढि परम्पराहरूको विरोध गर्दै हिन्दू धर्मका मूल्य-मान्यतालाई पुनःस्थापित गर्ने काम माध्यमिक कालको उत्तरार्द्धमा लेखनाथ पौड्यालप्रभृति कविहरूबाट भएको छ भने नेपाली समाजमा रहेका जुवा-तास, जाँड-रक्सीजस्ता विकृतिहरूबाट जोगिएर सामाजिक सुधारमा लाग्नुपर्ने सन्देश महानन्द सापकोटाका कविताले दिएका छन् । यसै गरी नेपाल बाहिरबाट धरणीधर कोइरालाले नेपाली युवाहरूमा जागरणको खाँचो औँल्याएका छन् । यसरी नेपालभित्र र

बाहिरसमेत धार्मिक, सांस्कृतिक, सामाजिक तथा जातीय जागरणको स्वर उराल्ने कविताको रचना यस कालमा भएको छ । यस धाराका प्रसिद्ध कविहरूमा लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, चक्रपाणि चालिसे, बहादुरसिंह बराल आदि पर्दछन् ।

यीबाहेक माध्यमिक कालमा वीरधाराको अवशेष तथा अन्य व्यावहारिक विषयमा कविता-कृति लेख्ने काम पनि भएको छ । यस्ता कृति मनोरञ्जन र व्यावहारिक शिक्षा दिने उद्देश्यले लेखिएका छन् । यी सबै कृतिले सङ्ख्यात्मक रूपमा नेपाली साहित्यको भण्डार भर्न सहयोग गरेका छन् ।

समग्र माध्यमिक काल नेपाली काव्य-कविताको मुद्रण तथा प्रकाशनको युग हो । यसबेला प्राथमिक कालका र माध्यमिक कालकै कृतिहरू पनि प्रशस्त मात्रामा मुद्रित-प्रकाशित छन् । यसै बेला सुरू भएको पत्रपत्रिकाको प्रकाशनले नेपाली कविताको श्रीवृद्धिमा प्रशस्त सहयोग पुऱ्याएको छ । यस कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टले नेपाली काव्य-कविताको विकासका लागि सामूहिक प्रयासको थालनी गरेका हुन र कविता लेख्ने वातावरणको सिर्जना गरेका हुन । तत्कालीन सामाजिक तथा राजनैतिक परिवेशले निकै नै प्रभावित गरेको यस कालमा शृङ्गारिक साहित्यको रचना प्रशस्त मात्रामा भएको छ । व्यक्तिप्रशंसा र गुणगान, युगीन परिवेशको चित्रण-वर्णन, धार्मिक तथा सामाजिक जागरणको चेतना एवं नैतिक उपदेशजस्ता कुराहरू पनि तत्कालीन कविताका विषय बनेका छन् । मौलिकताप्रति बढ्दो चासो देखिएको छ तर सङ्ख्यात्मक रूपमा अनूदित-रूपान्तरित कृतिको बाहुल्य छ । व्यावसायिक हिसाबले लेखन प्रकाशन गर्ने काम नेपालभित्र र बाहिरसमेत प्रशस्त भएको छ । कविताको आयामका दृष्टिले मुक्तकदेखि महाकाव्यकै तहसम्मका कृतिहरू यस कालमा रचिएका छन् भने कवित्व र सौन्दर्य-चेतनाका दृष्टिले माध्यमिक काल मध्यम खालकै देखिन्छ । यस कालको पूर्वार्द्धका धेरैजसो कृतिमा भाषिक परिष्कारतर्फ कम चासो देखिन्छ । छन्द योजनाका लागि अक्षरलाई भाँचभुँच पार्ने, अन्य भाषाका शब्दको जथाभावी प्रयोग र ग्राम्य प्रयोगजस्ता कुराले गर्दा कविताको भाषा त्यति परिष्कृत देखिँदैन तर यसको उत्तरार्द्धमा सुरू भएको पत्रपत्रिकाको प्रकाशन, हलन्त बहिष्कार आन्दोलन, **चन्द्रिका व्याकरण**को प्रकाशनजस्ता कुराले यसपछिका कवितामा नेपाली भाषा परिष्कार र मानकतातिर उन्मुख देखिन्छ । शास्त्रीय छन्द तथा लोकलयको प्रयोग कवितामा पाइन्छ भने ज्यादाजसो परम्परित बिम्ब र केही नवीन बिम्ब तथा प्रतीकहरूको प्रयोग पनि यसबेलाका कवितामा भएको छ । अनुप्रास, यमकजस्ता शब्दालङ्कार र उपमा, रूपक, उत्प्रेक्षाजस्ता अर्थालङ्कारहरूको प्रयोग पनि प्रशस्त भएको छ । उर्दू-फारसी परम्पराबाट गजल विधाको

आगमनले माध्यमिक कालीन कविताका विषयवस्तु एवं शिल्पविधानमा गहिरो प्रभाव पारेको देखिन्छ ।

## ३.४. आधुनिक काल

साहित्यको युगनिर्माण र युगपरिवर्तन निश्चय नै कुनै कालखण्डसँग सम्बन्धित कुरा होइन, बरू कुनै खास किसिमका सामाजिक, आर्थिक वा राजनैतिक घटनाले साहित्यमा पारेको प्रभाव र रचनाकारका भिन्न प्रवृत्तिले साहित्यका युगको निर्माण र परिवर्तन हुने गर्दछ । इतिहासको अध्ययनका क्रममा देखिने विभिन्न युगहरूमध्ये पछिल्लो युगलाई आधुनिक युग भन्ने चलन छ । आधुनिक भनेको अहिलेको, वर्तमानमा चलेको वा नयाँ हो । कुनै पनि नयाँ त्यसबेलासम्म नयाँ रहन्छ जबसम्म त्यसभन्दा अर्को नयाँको उदय हुँदैन । आजको नयाँ वा आधुनिक सयौँ वर्षसम्म नयाँ नै रहँदैन । कालक्रमले त्यसलाई पुरानो बनाएरै छोड्छ । त्यसैले नयाँ वा आधुनिक भन्ने कुरा सधैं परिवर्तनशील हुन्छ र यो समाज सापेक्ष पनि हुन्छ ।

साहित्यका सन्दर्भमा आधुनिक भन्नाले हालका रचनामा देखिने प्रवृत्ति भन्ने बुझिन्छ । हिजोआजका रचनामा देखिने मुख्यमुख्य प्रवृत्ति जहिलेदेखि देखिएका हुन् त्यसै बेलादेखि आधुनिक काल सुरू भएको हो । विश्व साहित्यमा देखिएको आधुनिकतासम्बन्धी चिन्तन खास गरी पाश्चात्य जगत्बाट प्रभावित छ । पश्चिममा प्रथम विश्वयुद्धले ल्याएको महाविनाशपछि कवि-लेखकमा भिन्न प्रवृत्तिहरू देखिन थालेका हुन् । मानवीय मूल्य-मान्यताको समेत ह्रास हुँदै गएको त्यसबेलामा कवि लेखकहरूले परम्परागत मूल्य-मान्यतालाई शिरोधार्य गर्नुपर्ने आवश्यकता देखेनन् । त्यसैले परम्पराप्रति विद्रोह गर्दै नयाँ मूल्य-मान्यताको स्थापना गर्ने चेष्टा गरे । साहित्यमा पनि प्रचलित शास्त्रीय मान्यताका विपरीत नयाँ-नयाँ प्रयोगहरू हुन थाले । शिल्पविधानप्रति उदासीनता, वर्णन, विवरण र परिष्कारका विपरीत चेतनप्रवाह पद्धतिको थालनी, औपदेशिकताको विरोधजस्ता प्रवृत्ति यसपछिका कविता रचनामा देखिन थाले । डार्विनको विकासवाद, मार्क्सको समाजवाद, फ्रायडको मनोविज्ञान जस्ता नवीन तथा भौतिक चिन्तनबाट यसपछिका कविता प्रभावित छन् र तिनले दादावाद, प्रकृतवाद, अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रतीकवादजस्ता नयाँ-नयाँ वाद र सिद्धान्तलाई जन्म दिएका छन् । प्रथम विश्वयुद्धपछिका यिनै प्रवृत्तिगत नवीनताका आधारमा पाश्चात्य काव्य-कवितामा आधुनिकताको प्रवेश भएको मानिन्छ ।

नेपाली कवितामा पाश्चात्य कविताका यिनै प्रवृत्तिहरू हुबहु नदेखिए पनि पाश्चात्य काव्य-कविताका उक्त केही प्रवृत्ति र पूर्वीय परम्पराका काव्यशास्त्रीय मान्यताको सम्मिश्रणबाट उद्‌भूत निश्चित अभिलक्षणका आधारमा आधुनिकताले प्रवेश गरेको भन्ने मान्नुपर्दछ । नेपाली कविताको आधुनिकताका त्यस्ता केही उल्लेख्य अभिलक्षणहरूमा मानक व्याकरणप्रतिको सचेतता, कविताका गुणस्तरप्रतिको चासो, काव्य-सौन्दर्यप्रतिको आकर्षण, परम्परागत सामाजिक मूल्य-मान्यताको विरोध र नवजागरण, स्थापित काव्यशास्त्रीय मान्यताको अनुसरण, पाश्चात्य तथा भारतीय कविताका नवनव प्रवृत्ति र प्राप्तिप्रति आकर्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव, स्वतन्त्र र मानवतावादी विचार, प्राज्ञिक एवं वैज्ञानिक चिन्तन र तत्जन्य उपलब्धिको प्रभाव आदि पर्दछन् । यिनै प्रवृत्तिले नेपाली काव्य-कवितालाई आधुनिकताको ढोकाभित्र छिराएका हुन् । तर परवर्ती युगमा भने उक्त प्रवृत्तिमा पनि केही हेरफेर भइसकेको र नयाँ-नयाँ प्रवृत्ति र प्राप्तिलाई नेपाली कविताले आत्मसात् गर्दै गएको देखिन्छ ।

माध्यमिक कालको उत्तरार्द्धदेखि प्रकाशित विभिन्न पत्र-पत्रिकाले नेपाली कवितालाई आधुनिकतातर्फ उन्मुख हुन निकै सघाएका हुन् । यसबेलादेखि नेपाली कवितामा आएको भाषिक परिष्कार, सौन्दर्य चेतना, जागरणका स्वर र नव्य भारतीय कविताका प्रभावले नेपाली कवितालाई भिन्न मार्गमा डोऱ्याउन थालेका हुन् । यसै क्रममा वि.सं. १९७३ मा लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्य प्रकाशित हुन्छ र यसमा नेपाली आधुनिकताका प्रशस्त अभिलक्षणहरू देखिन्छन् । त्यसैले नेपाली कवितामा आधुनिक कालको सुरूआत यसै कृतिबाट भएको हो भन्ने विद्वान्हरूको मत रहेको छ । माध्यमिककालीन शृङ्गारिकताको उपसंहार गर्दै **सूक्तिसिन्धु** (१९७४) प्रकाशित भएपछि चाहिँ नेपाली कविताले माध्यमिक काललाई औपचारिक रूपमै विदाइ गरी आधुनिक कालतिर लम्केको हो । यसरी वि.सं. १९७५ देखि नेपाली कविताले आरम्भ गरेको आधुनिकताको यात्रामा करिब नौ दशक बितिसकेका छन् । यस अवधिमा नेपाली कविता विभिन्न मोड र घुम्तीहरू पार गर्दै र विभिन्न धारा-उपधारामा बग्दै आएको छ । आधुनिक नेपाली कविता यात्राको यस अवधिलाई प्रथमतः पूर्वार्द्ध र उत्तरार्द्धमा विभाजन गरी त्यसअन्तर्गत देखिएका धारा-उपधारालाई निम्नानुसार चर्चा गरिन्छ (त्रिपाठी र अन्य, २०५३ ; ११६,११७ )

क) पूर्वार्द्ध (वि.सं. १९७५–२०१६)

१) परिष्कारवादी धारा (१९७५–१९९०)

२) स्वच्छन्दतावादी धारा (१९९०–२०१६)

अ) विशुद्ध स्वच्छन्दतावादी धारा (१९९०–२००३)

आ) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (२००४–२०१६)

ख) उत्तरार्द्ध (वि.सं. २०१६ देखि वर्तमानसम्म)

१) प्रयोगवादी धारा (२०१७–२०३०)

२) समसामयिक/यथार्थवादी धारा (२०३०–वर्तमानसम्म)

## ३.४.१. पूर्वार्द्ध (वि.सं. १९७५–२०१६)

वि.सं. १९७३ मा लेखनाथ पौड्यालको **ऋतुविचार** तथा वि.सं. १९७४ मा **सुक्तिसिन्धु**को प्रकाशनपछि नेपाली साहित्यमा आधुनिक कालको सुरुवात भएको मानिन्छ । माध्यमिक कालीन शृङ्गारिक प्रवृत्तिको अन्त्य गर्दै लेखनाथ पौड्यालले थालनी गरेको नवीन प्रवृत्तिमा साथ दिने कविहरूको जमात पनि प्रशस्तै रहेका छन् । यस चरणमा नेपाली साहित्यमा परिष्कारवाद, स्वच्छन्दवाद, प्रगतिवाद जस्ता धाराहरूमा आधारित भएर विभिन्न कविहरूले नवीन मूल्य र मान्यतालाई अघि बढाएका छन् यो चरणको अन्त्य देवकोटाको अन्त्यसँगै भएको देखिन्छ । तिनीहरूको समग्र अध्ययन गर्दा आधुनिक कालको सुरुवात पछि विभिन्न धारा प्रवृत्ति तथा आयामहरू वृद्धि तथा विकास हुँदै नेपाली कविता विश्व साहित्यमा आफ्नो स्थान बनाउन सफल रहेको देखिन्छ ।

### ३.४.१.१. परिष्कारवादी धारा (वि.सं.१९७५–१९९०)

कवितामा देखिएको शिल्पगत र भावगत परिष्कार नै नेपाली कवितालाई माध्यमिक कालबाट आधुनिक कालमा प्रवेश गराउने प्रमुख अभिलक्षण हो । यसै परिष्कारले माध्यमिक कालमा अनुशासनको सीमा अतिक्रमण गर्न लागेका शृङ्गारिक कवितालाई नैतिकता र अनुशासनको मार्गमा डोऱ्याउने काम गरेको छ । माध्यमिक कालको अन्त्यतिर थालिएको ‘हलन्तबहिष्कार आन्दोलन’ (वि.सं.१९६५) ले काव्यभाषामा परिष्कारको बीजारोपण गरेको हो भने ‘चन्द्रिका’ (वि.सं.१९६९) को प्रकाशनले लेख्य व्याकरणको बाटोमा हिँड्न कवि-लेखकलाई सचेत तुल्याएको हो । भाषाशैलीका अतिरिक्त माध्यमिक कालमा शृङ्गारका अनुकूल नायक-नायिकाका सौन्दर्य तथा तिनका रतिरागलाई मुख्यतया काव्य-कविताको विषय बनाउँदै आएकामा माध्यमिक कालकै अन्त्यतिर शृङ्गारिकतालाई छोडी सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक एवं प्राकृतिक विषयलाई कवितामा स्थान दिन थालेको पाइन्छ । यसै परिप्रेक्षमा वि.सं. १९७३ मा लेखनाथ पौड्यालको **ऋतुविचार** प्रकृतिकाव्य प्रकाशित हुन्छ । प्रकृतिको वस्तुपरक चित्रण-वर्णन गर्दै प्रकृतिभित्रै समाजको प्रतिबिम्ब

खोज्ने काम यस काव्यमा भएको छ । शास्त्रीय अनुष्टुप् छन्दमा लेखिएको उक्त प्रकृतिकाव्यमा छन्द, अलङ्कार र ध्वन्यर्थको सन्तुलन एवं संयोजन सफलतापूर्वक गरिएको छ । त्यसैले यो कृति परिष्कारवादी काव्य-सोपानको प्रथम खुट्किलो हो ।

माध्यमिक कालीन शृङ्गारिकताको अवशेषलाई **सूक्तिसिन्धु**को प्रकाशन (वि.सं.१९७४)ले चरमविन्दुमा पुऱ्याएपछि त्यसपछि वि.सं. १९९० सम्मको अवधि परिष्कारवादी कविता धाराको केन्द्रीयता रहेको अवधि हो । वि.सं.१९९० पछि केन्द्रीय धाराका रूपमा स्वच्छन्दतावादी धारा स्थापित भए पनि अवान्तर रूपमा परिष्कारवादी धारा बहि नै रह्यो । अझ परिष्कारवादी धाराका प्रमुख उपलब्धिहरू वि.सं. २००५ सालदेखि मात्र देखिन थालेका छन् । अतः केन्द्रीय धाराका रूपमा स्वच्छन्दतावादी धारा रहे पनि उपलब्धिका दृष्टिले वि.सं. २००५ सालदेखि २०१५ सालसम्म एक दशकको अवधि परिष्कारवादी कविताको स्वर्णयुग बन्न पुगेको छ ।

परिष्कारवादलाई नेपाली कवितामा अवतरण गराउने श्रेय कविशिरोमणि लेखनाथ पौड्याललाई प्राप्त छ । **ऋतुविचार** (१९७३)को प्रकाशनदेखि सुरू भई वि.सं.१९७५ पछि केन्द्रीय धाराका रूपमा स्थापित यस परिष्कारवादी धाराको नेतृत्व पनि उनैले गरेका हुन् । हिन्दी र बङ्गला कवि-लेखकहरूबाट प्रभाव ग्रहण गर्दै मुक्तक कवितादेखि **तरूणतपसी** जस्तो महाकाव्य-समकक्षी कृतिसम्म रचना गर्ने लेखनाथ पौड्यालका प्रकाशित कृतिहरूमा **ऋतुविचार** (१९७३ र १९९१), **बुद्धिविनोद** (१९७३), **सत्यकलिसंवाद** (१९७६), **गीताञ्जलि** (१९८६), **बुद्धिविनोद पहिलो विनोद** (१९९४), **अमरज्योतिको सत्यस्मृति** (२००८), **मेरो राम** (२०११) खण्डकाव्य, **तरूणतपसी** (२०१०) नव्यकाव्य एवम् **लालित्य** (भाग १) (२०१०), **लालित्य** (भाग २) (२०२५), **कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता** (२०४१) र **लेखनाथका प्रमुख कविता** (२०४६) कविता सङ्ग्रह प्रसिद्ध छन् । पूर्वीय काव्य मान्यताका परिधिमा रहेर आलङ्कारिक, कलात्मक र परिष्कृत कविता लेख्नु उनको काव्यगत प्रवृत्ति हो । उनका कृतिमा खास गरी पूर्वीय अध्यात्म दर्शनको काव्यात्मक प्रस्तुति छ भने सामाजिक पुनर्जागरणको स्वर पनि उनका केही कविताले सुसेलेका छन् ।

लेखनाथपछि वि.सं. १९७५ मै 'जागजाग' कविता लेखेर नेपाल बाहिरबाट जातीय जागरणको गीत गाउने परिष्कारवादी कित्ताका अर्का कवि धरणीधर कोइराला हुन् भने सामाजिक विकृति र विसङ्गतिका विरूद्ध जागरणको स्वर उराल्ने कवि महानन्द सापकोटा हुन् । यसैगरी चक्रपाणि चालिसेले राष्ट्रियता र देशभक्तिलाई आफ्ना कविताको मूल स्वर बनाएका छन् । सोमनाथ सिग्द्यालले पूर्वीय काव्यमान्यताको अक्षरशः पालना गर्दै नमुना महाकाव्यका रूपमा प्रस्तुत गरेको **आदर्शराघव** महाकाव्य (२००५) परिष्कारवादी धाराको

महत्तम प्राप्ति हो । यसैगरी पूर्वीय अध्यात्म दर्शन र पाश्चात्य भौतिक दर्शनको समन्वय गरेर गद्य र पद्य दुवै शैलीमा बौद्धिक कविता लेख्ने कवि बालकृष्ण समले पनि परिष्कारवादी धाराको मुख्य अवधिपछि नै भए पनि **आगो र पानी** खण्डकाव्य (२०११) एवम् **चिसो चुल्हो** महाकाव्य (२०१५) दिएर नेपाली कविताको परिष्कारवादी धारालाई समृद्ध बनाएका छन् । यीबाहेक कुलचन्द्र गौतम, माधवप्रसाद देवकोटा, साम्बभक्त सुवेदी, देवीदत्त पराजुली, झपटबहादुर राणा, प्रेमप्रसाद भट्टराई, बदरीनाथ भट्टराई, गुणराज उपाध्याय, नयराज पन्त, गोपाल पाँडे 'असीम', भीमनिधि तिवारी आदि कविहरूको नाम पनि परिष्कारवादी धारासँग जोडिएको छ । परिष्कारवादी धाराको मुख्य अवधिपछिका स्थापित कविहरूमा पूर्णप्रसाद ब्राह्मण, भरतराज पन्त, कृष्णप्रसाद घिमिरे, भरतराज मन्थलीय आदि पर्दछन् भने जगन्नाथ गुरागाईं, मुकुन्दशरण उपाध्याय, भानुभक्त पोखरेलजस्ता कविहरू वर्तमानमा पनि यस धारालाई निरन्तरता दिइरहेका कविहरू हुन् । नेपाल बाहिर दार्जिलिङ्, आसाम र सिक्किमका कविहरूले पनि यस धारालाई अँगालेर काव्य-साधना गरेका छन् । नेपाल बाहिरबाट यस धाराका कवितामा योगदान दिने कविहरूमा पारसमणि प्रधान, हर्कजङ्सिंह क्षेत्री, रामचन्द्र गिरी, हरिनारायण उपाध्याय, भीष्मप्रसाद उपाध्याय, शिवनाथ मिश्र, तुलसीबहादुर क्षेत्री आदि विशेष उल्लेख्य रहेका छन् ।

परिष्कारवाद पाश्चात्य साहित्यको क्लासिसिज्मको समानार्थीका रूपमा नेपालीमा प्रचलित शब्द हो । यसलाई शास्त्रीयतावाद पनि भनिन्छ । यो कविताको सर्वाङ्ग सन्तुलन र तत्जन्य परिष्कारलाई काव्य सर्वस्व ठान्ने सिद्धान्त हो र यसले रचनाका शिल्प सौन्दर्यको परिष्कारका साथै विषयवस्तुका वजन र गम्भीरताको पनि त्यत्तिकै अपेक्षा राख्दछ । परिष्कारवादीहरू विषयवस्तुका शाश्वत र सनातन पक्षमाथि विश्वास राख्दछन् । (जोशी, २०५४; ७ ) कुमारबहादुर जोशीका भनाइमा यस्ता रचना देश र कालको सीमाबाट मुक्त एवं कालजयी हुन्छन् । नेपाली कवितामा माध्यमिक कालको अन्त्य र आधुनिक कालको आरम्भसँगै प्रवेश गरेको परिष्कारवादी धारा हालसम्म पनि अवान्तर धाराका रूपमा चलि नै रहेको छ । नेपाली कवितामा स्थापित यस धाराले परिष्कारवादका उक्त मान्यतालाई यथासम्भव आत्मसात् गरेको प्रतीत हुन्छ । यस धाराका कविहरूले लेख्य व्याकरणका नियममा कवितालाई हिँडाउने प्रयास गर्दै भाषिक परिष्कार र परिमार्जनमा विशेष चासो देखाएका छन् । कविताको गुणस्तरप्रति सचेत रहेर प्रायः पूर्वीय काव्यशास्त्रीय मान्यताको परिपालन गर्दै काव्यगत शिल्प-सौन्दर्यको प्राप्तितर्फ यस धाराका कविहरू आकर्षित छन् । सामाजिक एवं सांस्कृतिक पुनर्जागरणका स्वर अभिव्यक्त गर्ने, सामाजिक विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य गर्ने, व्यक्ति र समाजका अनुशासन तथा मर्यादाको पालनामा जोड दिनेजस्ता प्रवृत्ति पनि यस धाराका कविहरूमा देखिन्छन् । कविताका लागि धार्मिक,

आध्यात्मिक र बौद्धिक विषयको चयन गरेपनि भावना र बौद्धिकताका बीच सन्तुलन राख्ने काम गरिएको छ । प्रकृतिको वस्तुपरक चित्रण-वर्णन गर्दै प्रकृतिलाई आलम्बनका रूपमा चित्रण गर्ने काम यस धाराका कवितामा भएको छ । मुक्तकदेखि महाकाव्यको आयामसम्म विस्तारित यस धाराका कवितामा शास्त्रीय छन्दका साथै मुक्त लयको पनि प्रयोग छ भने आध्यात्मिक ज्ञानदेखि भौतिक विज्ञानको अन्तस्तलसम्म स्पर्श गर्न परिष्कारवादी धाराका कविता सफल रहेका छन् ।

### ३.४.१.२. स्वच्छन्दतावादी धारा (१९९१ – २०१६)

आधुनिक नेपाली साहित्यको पूर्वार्द्धको दोस्रो चरणमा देखिएको धारा स्वच्छन्दतावादी धारा हो । वि.सं. १९९१ सालदेखि महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविता शारदा लगायत पत्रिकामा प्रकाशित हुन थालेपछि यिनै कविताबाट नेपाली काव्य-कवितामा स्वच्छन्दतावादको प्रवेश भएको हो । त्यसैले यस धाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा हुन् र त्यसै बेलादेखि स्वच्छन्दतावादी कविता-सृजनामा लागेका सिद्धिचरण श्रेष्ठ यस धाराका सहप्रवर्तक मानिन्छन् ।

स्वच्छन्दतावाद अङ्ग्रेजी भाषाको रोमान्टिसिज्मको समानार्थी रूपमा नेपालीमा प्रयुक्त शब्द हो । अठारौँ शताब्दीको अन्त्यमा अंग्रेजी साहित्यमा स्थापित यसवादले शास्त्रीयतावाद वा परिष्कारवाद-विपरीतका मान्यतालाई आत्मसात् गरेको छ । डा. कुमारबहादुर जोशीका भनाइमा यो साहित्यिक उदारतावाद (जोशी, २०५४ ; १७) हो । परम्परागत काव्यमान्यताका परिधिमा सङ्कुचित हुन नरूचाउने यसवादले वैयक्तिकता, प्रकृतिप्रेम, मानवतावाद, अवचेतनको सहज अभिव्यक्तिजस्ता कुरामा जोड दिन्छ । दुर अतीत एवं प्राचीनतातर्फको आकर्षण, पारम्परिक अन्ध रूढिप्रति विकर्षण, वर्तमानप्रति असन्तुष्टि, भविष्यप्रतिको आशावादिता, आध्यात्मिक रहस्यतर्फको उन्मुखता, भौतिकता र कृत्रिमताप्रतिको विमुखता, विवेकका सट्टा आवेग र बन्धनका सट्टा स्वतन्त्रता एवं स्वस्फूर्तता स्वच्छन्दतावादका मूल अभिलक्षण हुन् । नेपाली कवितामा यो वाद अंग्रेजी र हिन्दी कविताका माध्यमबाट प्रवेश गरेको हो । त्रि-चन्द्र कलेजको स्थापना र त्यहाँ सुरू भएको अङ्ग्रेजी साहित्यको पठनपाठन एवम् पढ्नका लागि भारत जाने विद्यार्थीहरूमा हिन्दी-बङ्गला स्वच्छन्दतावादी-रहस्यवादी कविताले पारेको प्रभाव नै स्वच्छन्दतावादी कविता रचनाको मूल प्रेरक बन्न पुगेको छ । यसका अतिरिक्त संस्कृतका कालिदासीय परम्पराका कविता र नेपालीका लोकगीतबाट पनि नेपाली स्वच्छन्दतावादी कविता प्रभावित छँदै छ ।

वि.सं. १९९१ सालदेखि सुरू भएको स्वच्छन्दतावादी धारामा यसको केही समयपछि नै नेपालभित्र र बाहिर विकसित विभिन्न परिस्थितिले नयाँ मोड ल्याउन सघाएका छन् । आफैँ पनि स्वतन्त्रताको पक्षधर यस धारामा वि.सं. १९९७ मा भएको सहिद पर्वले निरङ्कुशताको विरोध एवम् स्वतन्त्रता र क्रान्तिका पक्षमा अभिव्यक्ति दिने क्रम सुरू भएको छ भने सन् १९४७ (वि.सं.२००४ साल)मा भारत स्वतन्त्र हुनु, २००४ मै देवकोटा वनारस-प्रवासमा गई 'युगवाणी' पत्रिकाको सम्पादन गर्न थाल्नु जस्ता घटनाले नेपाली कविताको स्वच्छन्दतावादी धारामा प्रगतिवादी स्वर पनि थपिन आएको छ र यो धारा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका रूपमा अघि बढेको छ । यस क्रममा नेपाली कवितामा सामाजिक, आर्थिक एवं राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य र विद्रोह गर्ने प्रवृत्ति अझ विकसित भएर गएको छ । परम्परागत यथास्थितिवादी र पुरातनपन्थी धारणाको विरोध, परिवर्तनको चाहना, समाजमा विद्यमान अन्याय, शोषण, दमन र उत्पीडनको तीव्र विरोध, समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित समाज-निर्माणको चाहना, नारी अस्मिताको सम्मानजस्ता कुरालाई यस धाराका कविताले मुख्य स्वर बनाएका छन् । शिल्पपक्षमा भने यस धाराले स्वच्छन्दतावादी धाराकै अनुसरण गरेको देखिन्छ ।

नेपाली कविताको पर्यायका रूपमा रहेका महाकवि लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी धाराका प्रवर्तक, सम्वर्द्धक र आफ्नो जीवनकालभरि नै त्यसका नेतृत्वकर्ता हुन् । यस धाराबाट लक्ष्मीप्रसाद देवकोटालाई झिकिदिने हो भने यो रित्तै जस्तो हुन्छ । यसै गरी देवकोटाबाट स्वच्छन्दतावादी प्रवृत्ति झिकिदिने हो भने पनि देवकोटाको कवित्व शून्य नै हुन्छ । त्यसैले देवकोटा र नेपाली कविताको स्वच्छन्दतावादी धारा एकअर्काका परिपूरक हुन् भन्नु भावुकता ठहर्दैन ।

वि.सं.१९९१ को शारदामा 'गरीब' कविताको प्रकाशन गरेपछि देवकोटाको कवितायात्रा सार्वजनिक भयो भने स्वच्छन्दतावादको प्रवर्तन पनि यसैसाथ भएको हो । यसपछि कवि देवकोटाका वि.सं. १९९२ मा **मुनामदन**जस्तो अमर खण्डकाव्य कृति र वि.सं.२००२ मा आधुनिक नेपाली साहित्यकै पहिलो र हालसम्मकै सर्वोत्कृष्ट महाकाव्य **शाकुन्तल** प्रकाशित हुन्छन् । यसपछि एकपछि अर्को गर्दै वि.सं. २०१६ सालसम्म ६ वटा महाकाव्य, दुई दर्जनजति खण्डकाव्य र ६ सय पचास जति फुटकर कविता लेखेर आफ्नो विराट प्रतिभाको परिचय दिन्छन् भने नेपाली कविताको भण्डारलाई पनि भरिपूर्ण पार्ने काम गर्दछन् । उनले आफ्ना कवितामा समानता, स्वतन्त्रता, भ्रातृत्व, मानवता, प्रकृतिप्रेम, देशभक्ति, जातीयप्रेम, प्राचीन संस्कृति र सभ्यताप्रतिको मोह, स्वार्थी एवं हैकमवादी प्रवृत्तिको व्यङ्ग्यपूर्ण विरोधजस्ता भाव-संवेदनालाई आफ्ना कवितामा व्यक्त गरेका छन् । पूर्वीय काव्यमान्यताका

तटबन्धभित्र पाश्चात्य भावधाराको प्रवाह गरेर नेपाली कविता-सरितालाई विश्वसाहित्य सिन्धुकै सतहसम्म पुऱ्याउने काम पनि देवकोटाले गरेका छन् । शास्त्रीय छन्द, लोकलय र गद्यलय तीनै किसिमका लयढाँचाको प्रयोग गरेर मुक्तकदेखि महाकाव्यसम्मको आयामका प्रचुर रचना दिनु नेपाली कविताका लागि देवकोटाले गरेको योगदान हो ।

देवकोटाकै नेतृत्वमा वि.सं. २००४ सालपछि स्वच्छन्दतावादले नयाँ मोड लिएको छ । उनी २००४ सालमा वनारस प्रवासमा गई युगवाणी पत्रिकाको सम्पादन गर्न थालेपछि त्यसमा प्रकाशित र अन्य रचनामा समेत उनको विद्रोह र क्रान्तिचेत मुखरित हुन थाल्यो । यसअघि वि.सं १९९७ सालको सहिद पर्वपछि देशमा विद्यमान तत्कालीन राजनैतिक व्यवस्थाप्रति असन्तुष्टिका स्वर सुनिन थालेका थिए तर तीव्ररूपमा यसखाले प्रवृत्तिको विकास भने यसै बेला (२००४ साल)देखि मात्र भएको हो । यसपछि देवकोटा स्वयं र अन्य कविका रचनामा पनि स्वच्छन्दतावादका अतिरिक्त प्रगतिवादी स्वर पनि स्पष्टरूपमा मुखरित भएको छ । **प्रगति** (२०१०), **इन्द्रेणी** (२०१२) र **धरती** (२०१३) जस्ता पत्रिकाले स्वच्छन्दतावादी-प्रगतिवादी धारालाई अगाडि बढाउन मद्दत पुऱ्याएका छन् । तसर्थ यसपछिको नेपाली कविताको नेतृत्व स्वच्छन्दतावादी-प्रगतिवादी धाराले गरेको देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभा पनि लक्ष्मीप्रसाद देवकोटा नै हुन् र उनले आफ्ना जीवनको अन्तिम क्षणसम्म नै यस धारालाई सशक्त नेतृत्व प्रदान गरिरहेको देखिन्छ । देवकोटाको अवसानपछि भने नेपाली कविताकै एउटा युग समाप्त हुन्छ र भिन्न प्रवृत्तिले नेपाली कविताको नेतृत्व लिन पुग्दछ ।

देवकोटाबाहेक स्वच्छन्दतावादी धाराको मुख्य अवधिमा स्थापित कविहरूमध्ये प्रकृतिका मिहिन र सुकोमल पक्षको चित्रण गर्ने सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादका सहप्रवर्तक मानिन्छन् । वि.सं. १९९७ सालपछिका उनका कवितामा भने क्रान्तिकारी र प्रगतिवादी स्वर गुञ्जिन थालेको छ । यसै गरी शक्तिशालीले निर्धाहरू उपर गर्ने शोषण र उत्पीडनविरूद्ध कलम चलाऐने युद्धप्रसाद मिश्र यस धाराका अर्का प्रसिद्ध कवि हुन् । नेपाली कवितामा गद्यशैलीलाई भित्र्याई क्रान्तिकारी स्वर उराल्ने कवि गोपालप्रसाद रिमाल, परिष्कारवादी शिल्पविधानभित्र स्वच्छन्दतावादी भाव प्रवाह गर्ने माधव घिमिरे, विद्रोह र क्रान्तिको स्वर उराल्ने केदारमान व्यथित, सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रका विकृति र र विसङ्गति एवम् युद्ध विभीषिकाप्रति व्यङ्ग्य गर्दै मात्रिक छन्द एवं परिष्कृत गद्यलयमा कवित्व प्रवाह गर्ने भूपी शेरचन आदि कविहरू पनि यस धाराका स्थापित कविहरू हुन् । यीबाहेक विजय मल्ल, कञ्चन पुडासैनी, मविवि शाह, अगमसिंह गिरी, पोषण पाण्डे, पारिजात, हरिभक्त कटुवाल, वासु शशी आदि कविहरू पनि स्वच्छन्दतावादी-प्रगतिवादी धाराको मुख्य अवधिमै

स्थापित कविहरू हुन् । वि.सं. २०१६ सालपछि वर्तमानसम्म पनि अवान्तररूपमा बहिरहेको यस धारामा अद्यावधि कविता रचना भइसकेका छन् । कविताको छोटो रूपदेखि महाकाव्यसम्मका सर्वाधिक कृतिहरूको भण्डार रहेको यो धारा नेपाली साहित्यकै सबैभन्दा समृद्ध धारा हो । पछिल्लो समयमा यस धारामा प्रसिद्धि प्राप्त गरिसकेका कविहरूमा कालीप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी, भीमदर्शन रोका, ऋषभदेव शर्मा, फणीन्द्र खेताला, उमानाथ शास्त्री, कृष्णप्रसाद पराजुली, वासुदेव त्रिपाठी, घनश्याम कँडेल, दैवज्ञराज न्यौपाने, रामप्रसाद ज्ञवाली आदि प्रमुख छन् । नेपाल बाहिर भारतका विभिन्न ठाउँबाट नेपाली काव्य साधनामा लाग्ने कविहरूमा ध्रुव दवाडी, वीरेन्द्र सुब्बा, रामकृष्ण शर्मा, शिवकुमार राई, गुमानसिंह चामलिङ् आदि प्रसिद्ध छन् । यस धारामा शास्त्रीय छन्द, लोकलय तथा गद्यलय तीनै किसिमको लयविधान प्रयुक्त छ भने स्वच्छन्दतावादअनुरूप विषयवस्तुको आत्मपरक चित्रण, शिल्पपक्षभन्दा भावपक्षको प्रधानता, बौद्धिकता र भावुकताको सन्तुलन, प्रकृतिका विविध रूपको आत्मपरक चित्रण, व्यङ्ग्य, विद्रोह र क्रान्तिकारिता, देशप्रेम, मानवतावादजस्ता कुरामा बढी जोड दिने प्रवृत्ति पाइन्छ । नेपाली कवितालाई गुणात्मक र सङ्ख्यात्मक हिसाबले सर्वोच्चता प्रदान गर्न सक्नु यस धाराको वैशिष्ट्य हो ।

## ३.४.२. उत्तरार्द्ध (२०१६ – वर्तमानसम्म)

महाकवि लक्ष्मीप्रसाद देवकोटाको अन्त्यपछि नेपाली साहित्यमा नवीन युगको थालनी भएको हो । नेपाली कवितामा नवीन प्रवृत्तिको सुरुवात गर्दै मोहन कोइरालाले प्रयोगवादी कविता लेखनको सुरु गरेपछि यसै धारालाई पछ्याउदै विभिन्न वाद समूह तथा आयामको निर्माण भएको हो । प्रयोगवाद पछि अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, बिम्बवाद, घनत्ववाद, दादावाद, प्रकृतवाद, शून्यवाद तथा समसामयिकवादसम्म आईपुग्दा नेपाली कविता साहित्यले ठूलै फड्को मारिसकेको छ ।

## ३.४.२.१. प्रयोगवादी धारा (२०१६ – २०२९)

आधुनिक नेपाली कवितामा देवकोटाको अवसानपछि प्रमुखरूपमा देखिएको धारा प्रयोगवादी धारा हो । यो कुनै निश्चित सिद्धान्तभन्दा पनि परम्परा भिन्न नवप्रवृत्तिलाई अँगालेर कविता रचना गर्ने परिपाटी हो । प्रथम विश्वयुद्धपछि पश्चिमका केही कविहरूले तत्कालीन सङ्कटग्रस्त जनमानसमा देखिएका निराशा, कुण्ठा, अकर्मण्यता, जीवनको निस्सारता, निरर्थकता र मूल्यहीनताजस्ता कुरालाई काव्यमा व्यक्त गर्ने काम गरेका थिए । टी.एस्. इलियट, एज्रापाउन्ड, बाल्ट ह्विटम्यान, मलार्मेजस्ता कविका रचना यसखाले

जीवनबोधबाट प्रेरित-प्रभावित छन् । परिष्कारवाद, स्वच्छन्दतावाद, प्रतीकवादजस्ता परम्परागत काव्य मान्यताका विपरीत विषयको चयन र शिल्पविधानमा नवीनता खोज्ने यी कविहरूमा अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, बिम्बवाद, घनत्ववाद, दादावाद, प्रकृतवादजस्ता नयाँनयाँ वाद र सिद्धान्तको समष्टि प्रभाव पाइन्छ । यसै प्रवृत्तिलाई प्रयोगवाद भनिएको हो । जीवनका जटिलता र अस्तव्यस्तताको अभिव्यक्ति त्यस्तै जटिल, दुर्बोध्य, अमूर्त र अस्तव्यस्त भाषामा गर्नु प्रयोगवादीहरूको वैशिष्ट्य हो । यस्तै खाले काव्य प्रवृत्ति अँगाल्ने नेपाली कवितालाई प्रयोगवादी नेपाली कविता भनिएको छ ।

नेपाली कवितामा प्रयोगवादलाई आमन्त्रण गर्ने कवि मोहन कोइराला हुन् । वि.सं. २०१७ सालको रूपरेखा पत्रिकामा उनको ‘घाइते युग’ प्रकाशन भएपछि यस धाराले स्पष्ट गति लिन थालेको मानिन्छ । यसअघि ‘प्रगति’ (२०१०), ‘इन्द्रेणी’ (२०१२) र ‘धरती’ (२०१३) जस्ता पत्रिकामा प्रयोगवादी ढाँचाका कविताहरू प्रकाशित थिए तर वि.सं. २०१६ सालमा देवकोटाको अवसानपछि स्वच्छन्दतावादी-प्रगतिवादी धारामा मन्दता आएको र यसै बेलादेखि प्रयोगवादी ढाँचाका कविता-रचनामा तीव्रता आएको हुनाले यही प्रयोगवादी धारा नै केन्द्रीय धाराका रूपमा स्थापित भएको हो । यस धाराको स्थापनादेखि यसको मुख्य अवधि (२०१६–२०२९)भरि मोहन कोइरालाले नै यसको नेतृत्व गरेका छन् । उनले फुटकर कवितादेखि **सूर्यदान** (२०२२), **लेक** (२०२३), **पलङ् नं. २१** (२०२९), **नून शिखरहरू** (२०३१), **नदीकिनारका माझीहरू** (२०३८) र **नीलो मह** (२०४१) जस्ता लामा काव्यसम्म दिएर यस धारालाई समृद्ध तुल्याएका छन् । सुरूसुरूका उनका कविता स्वच्छन्दतावादी-प्रगतिवादी भावधाराबाट थालिएका थिए भने मुख्य उपलब्धि स्वरूप प्रयोगवादी कवितामा जीवनको अर्थहीनता, निस्सारता, एवं जटिलतालाई बौद्धिक पाराले व्यक्त गर्ने प्रवृत्ति अँगालेका छन् । जीवनलाई यौनवासनाका दृष्टिले हेर्ने प्रवृत्ति पनि उनका कवितामा पाइन्छ । आख्यान-निरपेक्ष लामा कविताको सिर्जना गर्ने कोइरालाले जटिल, दुरूह र दुर्बोध्य भाषा-शैलीको प्रयोग गरेका छन् । उनका पछिल्ला रचनामा भने त्यस्तो दुरूहता र क्लिष्टता कम्ती हुँदै गएको पाइन्छ । **नदीकिनारका माझीहरू** (२०३८) सम्म आइपुग्दा उनको प्रयोगवादी अतिवादिता समसामयिकताका धेरै नजिक आइपुगेको देखिन्छ । मोहन कोइराला बाहेक प्रयोगवादी धाराको मुख्य अवधिमै प्रतिष्ठा प्राप्त गर्ने अन्य प्रयोगवादी कविहरूमा मोहन हिमांशु थापा, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, कुमार नेपाल आदि उल्लेख्य छन् । यी बाहेक जगदीश शमशेर राणा, मदन रेग्मी, वानिरा गिरी, तुलसी दिवस आदि कविहरू पनि प्रयोगवादी कित्ताकै प्रसिद्ध कविहरू हुन् ।

दार्जिलिङ्मा वि.सं. २०२० सालमा थालिएको आयामेली आन्दोलन र यसका कविद्वय ईश्वरवल्लभ र वैरागी काईंलाका कविता पनि प्रयोगवादी वृत्तभित्रै पर्ने कविता हुन् । एकोहोरो भावुकताले साहित्य चेप्टो हुन्छ । बौद्धिकता, चिन्तन, यथार्थता, आदर्श, वस्तुता र अमूर्तताले यसको गहिराइ ग्रहण गर्दछ । त्यसैले जीवनको समग्रतालाई प्रस्तुत गर्न लम्बाइ, चौडाइ र गहिराइ मिलेको साहित्य हुनुपर्दछ । त्यस्तो साहित्य नै उत्तम साहित्य हो भन्ने आयामेली आन्दोलनको मान्यता हो । यस आन्दोलनका ईश्वर वल्लभका कविता ज्यादै दुरूह छन् भने बैरागी काईंलाका कविता केही सम्प्रेषणीय छन् । निष्कर्षमा भन्नुपर्दा नेपाली कवितामा स्वच्छन्दतावादी धारापछि केन्द्रीय धाराका रूपमा स्थापित प्रयोगवादी धारा २०१६ सालदेखि २०२९ सालसम्म तीव्ररूपमा अघि बढेको देखिन्छ । हालसम्म पनि यस धाराका केन्द्रीय प्रतिभाहरूले कलम चलाई नै रहेका छन् तर त्यसबेलाको जस्तो जटिलता भने तिनै कविहरूमा पनि कम्ती हुँदै गएको छ । यस धाराको मुख्य विशेषता भन्नु नै दुरूहता र क्लिष्टता हो । कविताका पङ्क्ति-पङ्क्ति नअर्थिने र समग्र प्रभाव (Total impression) मा कविताको बोध गर्नुपर्ने हुनाले यस्ता कवितामा सम्प्रेषणीयता खोजेर पनि पाइँदैन । त्यसैले प्रयोगवादी कवितामा कवि र पाठकबीचको दूरी ज्यादै बढ्न गएको र करिब-करिब कवि र पाठकबीचको सम्बन्ध नै टुटेको भन्ने आलोचकहरूको भनाइ छ । जीवनका समग्रतालाई टिप्ने प्रयास गर्नु, बौद्धिकता र चिन्तनशीलतालाई चेतनप्रवाह शैलीमा व्यक्त गर्नु, काव्य सौन्दर्यको सिर्जनाप्रति कम चासो देखाउनु, परम्परागत भाषा र पदसङ्गतिलाई भाँचभुँच पारेर प्रयोग गर्नु, नयाँनयाँ बिम्ब र प्रतीकको प्रयोग गर्नु प्रयोगवादी कविताका अन्य विशेषता हुन् । छोटो आयामदेखि महाकाव्यकै आयामसम्मको विस्तार पाइने यस धाराका कविता सबै गद्य लयमा लेखिएका छन् ।

## ३.४.२.२ .समसामयिक धारा (२०३० - वर्तमानसम्म)

वि.सं. २०१६ सालदेखि मोहन कोइरालाको नेतृत्वमा केन्द्रीय धाराका रूपमा प्रतिष्ठित प्रयोगवादी धारा वि.सं.२०२९ सालसम्म उत्तरोत्तर गतिशील रह्यो । यस अवधिमै प्रयोगवादी धाराबाहेक अन्य धारा पनि नेपाली कवितामा समानान्तर रूपमै गतिशील थिए । प्रयोगवादी दुरूहताबाट असन्तुष्ट कवि-लेखकहरूले समसामयिक र सम्प्रेषणीय कविता लेखेर प्रयोगवादीहरूले टुटाएको कवि र पाठकबीचको सम्बन्धलाई पुनःस्थापना गर्ने प्रयास गरिरहेका थिए । यसै सन्दर्भमा वि.सं. २०२७/२८ सालदेखि नै सम्प्रेषणीय कविता लेखनको तीव्रताले गर्दा प्रयोगवादी धारा धरमराइरहेको थियो । वि.सं. २०३० सम्म आइपुग्दा यस दौडमा समसामयिक धाराले प्रयोगवादी धारालाई उछिनेरै छोड्यो र यसै बेला (२०३० साल)देखि समसामयिक धारा नेपाली कविताको केन्द्रीय धाराका रूपमा प्रतिष्ठित

भयो । यसपछि वि.सं. २०३६ सालसम्म समसामयिक धारा र प्रयोगवादी धारा करिबकरिब समनान्तर रूपमै अघि बढे भने २०३६ को सडक कविता क्रान्तिले समसामयिक धारालाई अझ सशक्त बनायो । यसपछिका अवधिमा अन्य कविहरूका अतिरिक्त प्रयोगवादी धाराका नेतृत्वकर्ता स्वयं मोहन कोइराला समेत युगीन आवश्यकता र लेखकीय दायित्वबोध गरी प्रयोगवादी अतिवादिताको शिखरबाट ओरालो लागेका देखिन्छन् । यसर्थ २०३० सालदेखि २०३६ सालसम्मको अवधि समसामयिक धाराको केन्द्रीयता र प्रयोगवादी धाराको समानान्तरता रहेको समय हो भने २०३६ सालपछिको समय समसामयिक धाराको एकछत्र नेतृत्व भएको अवधि हो ।

समसामयिक भनेको त्यसबेलाको वा त्यही समयको भन्ने हो । साहित्यमा यसले तत्कालीन समाजका विषयवस्तुलाई ग्रहण गरी यथार्थरूपमा अभिव्यक्त गर्ने प्रवृत्ति, त्यस किसिमको कृति वा कृतिकार भन्ने प्रयोजनपरक अर्थ प्रदान गरेको छ । यद्यपि हरेक कवि-लेखकका रचनामा आफू बाँचेका समय-परिवेशको प्रभाव धेर-थोररूपमा परेकै हुन्छ तापनि कविताको विषय समसामयिक नभई ऐतिहासिक, काल्पनिक वा अन्य कुनै किसिमको भयो भने त्यसलाई समसामयिक भन्न सकिँदैन । महाकवि लक्ष्मीप्रसाद देवकोटाका **शाकुन्तल** महाकाव्यमा तत्कालीन नेपाली समाजका झलक अवश्य छन् तर त्यसको मूल विषय र प्रस्तुतिसमेत समसामयिक र यथार्थपरक नभएकाले त्यस किसिमका काव्यलाई समसामयिक भन्न मिल्दैन । समसामयिकताको मूल अभिलक्षण भनेको विषयको तत्कालीनता हो भने नेपाली कविताका सन्दर्भमा प्रयोगवादी दुरूहताका व्यतिरेकमा शैलीगत सरलता, सहजता र सम्प्रेषणीयता पनि यसैसँग जोडिएर आउने अरू अभिलक्षण हुन् । यस धाराका कविहरूले भावुकता र कल्पनाको अतिशय उडानलाई त्यागेर तत्कालीन सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक-सांस्कृतिक आदि विविध क्षेत्रका विकृति र विसङ्गतिलाई कविताको मूल विषय बनाएका छन् । समसामयिक यथार्थको चित्रण, तिनीहरूप्रति व्यङ्ग्य र विद्रोह एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विविध सन्दर्भ, मानवीय मूल्यको विचलनजस्ता कुरा समसामयिक कविताका विषयगत परिधि हुन् । देशभित्र भएका अन्याय, अत्याचार, शोषण, उत्पीडन, जातीय विभेद, भ्रष्ट्राचार, आर्थिक अनियमितता, मूल्यवृद्धि, प्राकृतिक सम्पदाहरूको अतिक्रमण तथा विनाश, बेलाबेलामा हुने आन्दोलन, परिवर्तन र परिवर्तन पछिको मूल्यहीनताजस्ता कुरालाई पनि यस धाराका कविताले विषयवस्तुका रूपमा ग्रहण गरेका छन् । अझ पछिल्लो समयमा त देशको बेरोजगारी समस्या र रोजगारीका लागि विदेसिनुपर्ने स्थिति, विदेशमा पाएका दुःख, देशमा फैलिएको माओवादी विद्रोह र तत्जन्य सन्त्रास, सरकारको अकर्मण्यता, राजाका महत्त्वाकाङ्क्षी र निरङ्कुश कदम, निरङ्कुशता विरूद्धको जनआन्दोलन, रक्तपात, देशभरि लगाइएको कर्फ्यु र त्यसबाट उत्पन्न असहज परिस्थिति,

आन्दोलन पछिका उन्मुक्तता, संसदको पुनःस्थापना, राजालगायत शक्तिसम्पन्न व्यक्ति र संस्थाको शक्ति क्षीणता र विघटनजस्ता कुरालाई समेत कविताको विषय बनाइएको छ । यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रका आणविक युद्ध र तत्जन्य विभीषिका, रक्तपात, अशान्ति, सानाले जोरी खोज्ने र ठूलाले बलमिचाइ गर्ने प्रवृत्ति, मानवता विरूद्धका अपराधजस्ता कुरा पनि नेपाली कविताका विषय हुन आएका छन् । वर्तमान समाजले भोगेका यस्तै यथार्थतालाई ग्रहण गरेको हुनाले यस धारालाई वासुदेव त्रिपाठी (त्रिपाठी र अन्य ,२०५३ ; १३१) ले नवयथार्थवादी वा नवप्रगतिवादी धारा भन्नुपर्ने सुझाव दिएका छन्, जुन अत्यन्तै सान्दर्भिक पनि देखिन्छ । यस धाराका कवितामा प्रयोगवादी अमूर्तता र दुर्बोध्यताका विपरीत मूर्तता र सम्प्रेषणीयताले स्थान पाएको छ । कवि र पाठकबीचको दूरीलाई नजिक्याउने काम पनि यस धाराका कविताले गरेका छन् । प्रयोगवादी अस्तव्यस्तताका विपरीत सहज र शृङ्खलित भाषाशैली, सामाजिक र सांस्कृतिक क्षेत्रका बिम्ब र प्रतीकको प्रयोग, आलङ्कारिकताप्रति कम झुकाव तर ओजपूर्ण भाषाशैली र व्यङ्ग्यचेतको तीव्रता, शास्त्रीय छन्द, लोकलय एवं गद्यलय तीनै थरी लयढाँचाको प्रयोग गरे पनि गद्यलयप्रतिको बढी झुकावजस्ता शैलीगत प्रवृत्ति पनि यस धाराका कविहरूमा देखिन्छन् । यस धारामा स्थापित भइसकेका र नवोदित कविहरूको ठूलो समूह छ र ती सबैको नामोल्लेख असम्भवप्रायः नै भइसकेको छ । तीमध्ये केही उल्लेख्य कविहरू चाहिँ यी हुन् – हरिभक्त कटुवाल, क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, मीनबहादुर बिष्ट, कृष्णभूषण बल, अशेष मल्ल, शैलेन्द्र साकार, मञ्जु काँचुली, अविनाश श्रेष्ठ, कणाद महर्षि, गोविन्द गिरी, फणीन्द्र नेपाल, बेन्जू शर्मा, विष्णुविभु घिमिरे, बमबहादुर थापा 'जिताली', श्रवण मुकारूङ, अर्जुन पराजुली, देवी नेपाल आदि । हालसम्म कवितामा कलम चलाईरहेका वर्तमानका यी कविहरूको पूर्णरूपमा मूल्याङ्कन भने भविष्यले मात्र गर्नेछ ।

समसामयिक धारालाई अघि बढाउनमा यस अवधिमा देखिएका विभिन्न आन्दोलनको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । खास गरी निर्दलीय पञ्चायती व्यवस्थामा अभिव्यक्ति स्वतन्त्रता नभएको र जनताका आधारभूत मौलिक अधिकारसमेत हनन भएको सन्दर्भमा कवितालाई राजनैतिक लक्ष्य प्राप्तिको माध्यमका रूपमा पनि प्रयोग गरिएको छ । वि.सं. २०३१ सालमा मोहन घिमिरे, ध्रुव सापकोटा, भाउपन्थी, शैलेन्द्र साकार आदि कविहरूको अगुवाइमा जन्मेको 'यङ् राइटर्स फ्रन्ट'ले पञ्चायती व्यवस्थाको विरोध गर्नुका साथै युवा साहित्यकारको अस्तित्वका बारेमा आवाज बुलन्द गरेको थियो । यसै गरी वि.सं. २०३६ साल जेठ २७ गतेदेखि काठमाडौँबाट थालिएको 'सडक कविता आन्दोलन'ले तत्कालीन निरङ्कुश व्यवस्थाको विरोध र अभिव्यक्ति स्वतन्त्रताका पक्षमा सचेत जनतालाई सङ्गठित पार्ने काम गऱ्यो । यस आन्दोलनले कवितालाई सडकसम्म पुऱ्याएपछि प्रयोगवादी दुरूहता र क्लिष्टता

समाप्त भयो भने सहजता र सम्प्रेषणीयता मुख्य प्राप्ति बन्न पुग्यो । त्यसैले यसै अवधिदेखि समसामयिक धाराको सुरूआत भएको भन्ने पनि कतिपय विद्वान्हरूको मत रहेको छ । भवानी घिमिरे, मोहन कोइराला, अशेष मल्ल, हरिभक्त कटुवाल, शैलेन्द्र साकार, ध्रुव सापकोटा, वनमाली निराकार, लव गाउँले, गोविन्द गिरी आदि कविहरूको संलग्नता रहेको यस आन्दोलनले साहित्य र राजनीति दुबै क्षेत्रका इतिहासमा विशेष महत्त्व राख्दछ । वि.सं. २०४० सालमा फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठले घोषणा-पत्रसहित थालेको 'तरलवाद' (पछि तरलतावाद)ले साहित्यलाई गतिशील, तरल, द्रवणशील एवम् पारदर्शी हुनुपर्दछ भन्ने मान्यता अगाडि सारेको छ । अनुभूतिको तत्क्षणतामा जन्मेको साहित्य कमसल हुने र अनुभूतिको परिपाकले मात्र असल साहित्य जन्मन सक्ने हुनाले कवि-लेखकहरू त्यसतर्फ सचेत हुनुपर्नेतर्फ पनि यसवादले औंल्याएको छ । वि.सं. २०४६ सालको 'जनआन्दोलन कविता'-ले पनि कवितालाई क्रान्तिको सशक्त माध्यमका रूपमा प्रयोग गर्दै समसामयिकता र सम्प्रेषणीयतालाई अझ माथि उचालेको छ । यीबाहेक आसाममा भएको 'कोलाज आन्दोलन'-ले नेपालबाहिर बस्ने नेपालीहरूमाथि भएको अन्याय र अत्याचारका विरूद्धको आवाजलाई सशक्त पारेको छ भने भर्खरै नेपालीहरूले नेपालभित्र र नेपालबाहिर गरेको लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित 'लोकतान्त्रिक कविता आन्दोलन'ले कवितालाई जनतामा क्रान्तिचेत ब्युँझाउने र निरङ्कुशतालाई ढाल्ने बलियो हतियारका रूपमा अघि सारेको छ । यी सबै आन्दोलनले कवितालाई बौद्धिक वर्गको सीमित घेराबाट सडकका जनतासम्म ओराल्ने काम गरेका छन् र समकालीन सामाजिक यथार्थता एवं जनभावनाको अभिव्यक्ति दिने सशक्त माध्यमका रूपमा स्थापित गरेका छन् ।

अद्यतनीन कविताको केन्द्रीय धाराका रूपमा समसामयिक धारा रहेपनि पहिलेदेखि स्थापित परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धाराका कविताको रचना पनि निरन्तररूपमा भइरहेको छ । अझ कविताका मुक्तक र फुटकर रूपसम्म समसामयिकताको व्यापकता रहे पनि प्रबन्ध स्तरका खण्डकाव्य र महाकाव्यका तहमा समसामयिक प्रवृत्तिभन्दा स्वच्छन्दतावादी-प्रगतिवादी प्रवृत्ति नै अगाडि रहेको छ । हालमा प्रबन्ध काव्यका रचनामा शिथिलता आएको र फुटकर कविताको रचना एवम् कविता सङ्ग्रहको प्रकाशनमा तीव्रता आएको हुनाले फुटकर कविताकै प्राधान्यका आधारमा यस युगलाई समसामयिक युग भनिएको हो । यस युगमा प्रबन्ध काव्य-रचनातर्फ कलम चलाउने कविहरूमा केही स्थापित र केही नवोदित कविहरू पनि छन् । तीमध्ये माधवप्रसाद घिमिरे, धर्मराज थापा, मोहन कोइराला, भरतराज पन्त, भानुभक्त पोखरेल, घनश्याम कँडेल, रामचन्द्र अधिकारी, रामप्रसाद ज्ञवाली आदि प्रसिद्ध छन् । यी कविहरूका फुटकर कवितामा यदाकदा समसामयिक प्रवृत्ति देखिए पनि मुख्य प्रवृत्ति भने समसामयिकता नभई

स्वच्छन्दतावादी, प्रगतिवादी, परिष्कारवादी र प्रयोगवादी मध्ये कुनै एक नै हो । यीबाहेक वीरता, भक्ति, शृङ्गारिकता, नैतिकताजस्ता विषयमा पनि आधुनिक कविताका धारहरू बहेकै छन् । कवितासँग निकटसम्बन्ध राख्ने -गीति, कविता, गजल, हाइकु र तान्का)को लेखन-प्रकाशनले पनि यस अवधिका काव्य साहित्यलाई समृद्ध पारेको छ ।

## ३.५. गद्य कविताको सामान्य परिचय

### गद्य कवितामा प्रयुक्त : मुक्त लय, शैली र शिल्प

शास्त्रीय छन्दका विरूद्ध आवाज उठेको भानुभक्तका समयदेखि हो । भानुभक्तले शास्त्रीय नियमको बहिष्कार गरी छन्दलाई लोकलयको साँचामा ढाल्ने प्रयास गरे । मोतीराम भट्ट र उनको मण्डलीले नेपाली काव्यमा गजलको प्रयोग गरेर एक प्रकारले शास्त्रीय छन्दको विरोध गरेका हुन् । यिनले छन्दमा नवीनता र विविधता प्रदान गरेका हुन् । समले छन्दको शास्त्रीय बन्धनको विरोध गरेर कविता र नाटकमा अनुष्टुप छन्दको प्रयोग गरे ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले लोकलयलाई आधार मानेर **मुनामदन** खण्डकाव्यको रचना गरे । यस सन्दर्भमा **कुञ्जिनी**, **वसन्ती**, र **म्हेन्दु** उनका उल्लेखनीय काव्य कृति हुन् । यसरी शास्त्रीय छन्दको विरोधको प्रारम्भ भानुभक्तकै समयदेखि हुँदै आएको देखिन्छ । यसबाट शास्त्रीय छन्दको विरोध एक्कासि नभएर क्रमिक र स्वाभाविक रूपमा विकसित भएको देखिन्छ । बालकृष्ण समले **आगो र पानी** खण्डकाव्य र **चिसो चूल्हो** महाकाव्यको रचना मुक्त छन्दमा गरेका छन् । लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठले आफ्ना उत्कृष्ट कविताहरूको रचना मुक्त छन्दमा गरेका छन् ।  नाटककार र कवि गोपालप्रसाद रिमालले शास्त्रीय छन्दको विरोधस्वरूप नेपाली काव्य विधामा सर्वप्रथम गद्य कविताको प्रयोग गरेका हुन् ।

शास्त्रीय छन्दमा नलेखिएर गद्य विशेषमा लेखिएको कवितालाई गद्य कविता भन्ने चलन नेपाली साहित्यमा छ । अचेल गद्यको अत्याधिक प्रचलन र लोकप्रियताले गर्दा गद्य कवितालाई केवल कविता शब्दको व्यवहार भएको पनि पाइन्छ । गद्यमा लेखिएको रचनालाई मुक्त छन्दको नामले अभिहित गरिएको पाइन्छ । कसैले यसलाई छन्दमुक्त पनि भनेका छन् । हिन्दीका प्रयोगवादी कवि अज्ञेयले यसलाई 'छन्दयुक्त' र 'छन्दहीन'को बीचको अवस्थालाई लिएका छन् । (अज्ञेय, वाराणसीस्थित ज्ञानमण्डलद्वारा प्रकाशित 'हिन्दी साहित्य कोश' भाग १ बाट उध्दृत पृ. ३२१) उनको विचारअनुसार 'छन्दमुक्त' अर्थात् छन्ददेखि मुक्त पनि होइन, छन्दयुक्त भनेर शास्त्रीय छन्दको निर्वाह भएको अर्थमा पनि होइन । नेपालीमा समालोचक

यदुनाथ खनालले शास्त्रीय छन्ददेखि मुक्त भएको कवितालाई “स्वतन्त्र कविता” र स्वतन्त्र छन्दको संज्ञा दिएका छन् । ( खनाल, २००३ ;४१ ) कवि र समालोचक जगदीश शमशेरले गद्यमा लेखिएको कवितालाई ‘मुक्तक छन्द’को संज्ञा दिएका छन् ।( थापा, २०३६ ; ३०४ )। कुनै खास छन्दको कठोर बन्धन वा नियन्त्रण नभएर मुक्त प्रकारको हुने हुनाले मुक्तक छन्द भन्नु उपयुक्त देखिन्छ ।

सामान्य रूपमा गद्यमा लेखिएको कवितालाई गद्य कविता भनिन्छ । यसमा शास्त्रीय छन्दको बन्धन हुँदैन । अर्को शब्दमा, गद्य कविता शास्त्रीय-छन्द मुक्त हुन्छ । कविताको परिवेश र भावभूमि अनुसार यसको आफ्नै सौन्दर्य-चेतना र शिल्प-संयोजन हुन्छ । कविताको गति र यति तथा ताल र लयमा स्वतः स्फूर्तता र प्रवाह-पूर्णता हुन्छ । अर्को शब्दमा, कविताको रूप र स्थितिमा गत्यात्मकता र संवेद्यता हुन्छ । जगदीश शमशेरको शब्दमा-“मुक्तक छन्दमा लेखिएको कविताको आत्मनिहित आकृति हुन्छ अर्थात् यस छन्दको आविष्कारभित्र नै यसको नियम र आकृति अन्तर्भूत हुन्छ ।” (थापा, २०३६ ; ३०६ )।

कुनै पनि कुरालाई व्यक्त गर्ने तरिका वा कलालाई शिल्प, शैली भनिन्छ । यो त्यो गुण हो मानिसको, जसबाट ऊ आफू कस्तो छ भनेर उसका वरपरका वस्तुस्थितिलाई बुझाउन सक्छ । आफूलाई अरू समक्ष प्रस्तुत गर्ने कला नै शिल्प हो । प्लेटो भन्छन्- “जब विचारलाई तात्विक रूप या आकार दिइन्छ तब शैलीको उदय हुन्छ ।”(पोखरेल, २०४० ; १२१) तसर्थ साहित्यकारले आफ्नो विचारलाई शब्द-रूप दिएर अरू समक्ष प्रस्तुत गर्दा शैलीको प्रयोग गर्छ । कवितामा पनि आफ्नो शैलीद्वारा कवि आफ्ना भाव र विचारलाई प्रकट गर्छ र त्यही शैली अपनाउँदा कविताको र कविको एक प्रवृत्ति या एक धार बन्ने हुन्छ । भाषा क्लिष्ट भए पनि कविता छन्द सूत्रमा बाँधिनु पर्छ भन्ने पुरातनवादी मान्यतालाई त्याग्दै अति सरल र सहज भाषामा कविता लेख्ने परम्परा बसिसकेको छ । आजका काव्य कृतिहरूमा कविता कविका लागि मात्र नभएर पाठकका लागि पनि हुनुपर्छ भन्ने मान्यता विकसित हुँदै गएको आभास हुन्छ । आज कविताले जुन धार र प्रवृत्ति अपनाए पनि कविताहरू पाठकहरूलाई ध्यानमा राखेर लेख्न थालिएको छ । यसै मान्यतालाई पछ्याउँदै हाल नेपाली कवितामा देखिएका गद्य शैलीलाई अँगालेर मेरा रचनाहरू पनि सरल र सुबोध शैलीमा लेखिएका छन् । “कविको छन्द भुलभुलावट होस् न कि तगण र औँला-गनाइ, कवि बोलाओस् जसरी चराहरू बोल्छन् न कि वस्तादहरू कसरत गर्छन्, हृदयले हृदयलाई बोलाओस् कवितामा”( देवकोटा, २०३९ ; २५-२६) भन्ने महाकविको धारणालाई हृदयङ्गम गर्दै आत्माको सहज अभिव्यक्तिलाई सरल भाषामा उतारिएको छ । क्लिष्ट शब्दहरूले कवितामा बौद्धिकता थप्दैनन्, न यसले (प्रयोगले) त्यसको स्तर बढाउँछ । यस अर्थलाई बुझ्दै हृदयका विचारहरूलाई जस्ताको तस्तै शब्द-रूप दिएको छ । कुनै शिल्पी साहित्यकार वा

कविले जस्तै कुनै विशेष धार या प्रवृत्तिमा कविताहरू रचना गर्न असमर्थ भए पनि आफ्ना मनका भावहरू उतार्ने जमर्कोमा कुनै एक कविताले एक विन्दु भेटेको छ भने कुनै कविताले अर्को छेउ समाउन पुगेको छ। कुनै प्रवृत्ति वा विशेषतामा अड्कनुभन्दा पनि स्वतन्त्र भएर लेख्नु आफ्नो सिर्जनामा न्याय हुने मेरो मान्यता रहेको छ । तर पनि प्रगति-उन्मुख कविताहरूले समाजलाई केही यथार्थबोध दिन सक्ने ठानी त्यही अनुरूपका कविता रचना गरेको छु। मेरा रचनाहरू छन्दो मुक्त छन्। विम्ब र प्रतीकको समुचित प्रयोग, कविताको शैलीगत भाषा प्रचलित शिल्प र सरलतम शब्दहरूको संयोजन, मेरा रचनामा देखिने विशेषता होलान् । आकारका दृष्टिले हेर्ने हो भने फुटकर कविताको सीमामा बसेर सङ्ग्रहभित्रका कविताहरू रचिएका छन्।

# परिच्छेद :चार

## पाँच आधुनिक प्रतिनिधि कविहरूका कविताको अध्ययन

### ४.१ परिचय

सिर्जनात्मक लेखनको अभ्यासको क्रममा यस अध्ययनमा आधुनिक कालीन परिष्कारवादी धारा, स्वच्दन्छतावादी-प्रगतिवादी धारा तथा प्रयोगवादी धाराका प्रमुख कविहरूको सामान्य अध्ययनको क्रममा लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल र भूपी शेरचनका तीन-तीनवटा कविताहरूको विश्लेषण गरिएको छ साथै प्रस्तुत सिर्जित कविता सङ्ग्रहका सङ्कलित कविताहरूप्रतिको आत्मधारणा प्रस्तुत गरिएको छ ।

### ४.२. लेखनाथ पौड्यालका कविता

कविशिरोमणि लेखनाथ पौड्याल (वि.सं.१९४१–२०२२) आधुनिक कालीन नेपाली कविताका परिष्कारवादी धाराका सशक्त कवि हुन् । माध्यमिक कालीन शृङ्गारिक धारा उर्फ प्रवृत्तिको अन्त्य गर्दै परिष्कारवादको प्रतिस्थापन गर्ने कवि पौड्यालका कवितामा परिष्कार काव्यशील्प र नवीन भाव तथा प्रस्तुतिमा मिठास पाइन्छ । आध्यात्मिक दर्शनबाट प्रभावित कविशिरोमणि पौड्यालका कवितामा वेदान्त दर्शनको साथसाथै सत्यम् शिवम् सुन्दरम्को सम्मिश्रण पाइन्छ । आर्य सभ्यताका उज्याला तारा तथा पुनर्जागरणका प्रवक्ता समेत मानिएका पौड्याल आफ्ना कवितामा प्रकृतिको सुन्दर चित्रण गर्दछन् । कोमल पदावलीमा शब्दहरूको छानी छानी प्रयोग गर्न सिपालु पौड्याललाई वर्णमात्रिक छन्दका कुशल प्रयोक्ता मान्न सकिन्छ । उनका **ऋतुविचार** जस्तो प्रकृतिकाव्य, **तरूणतपसी** जस्तो आर्य सभ्यता तथा वैचारिक दर्शन महाकाव्य तथा 'नैतिक दृष्टान्त', 'पिँजराको सुगा', 'कालमहिमा' जस्ता लोकप्रिय फुटकर कवितामा भावना र वौद्धिकताको समन्वय पाउन सकिन्छ । नीतिचेतना तथा कुशल शिल्पी भएका छन्दवादी कवि पौड्यालका तीन कविताको विवेचना विश्लेषण गरी उनको परिचय दिने काम गरिन्छ ।

#### ४.२.१. नैतिक दृष्टान्त

'नैतिक दृष्टान्त' कवि लेखनाथ पौड्यालको एक लोकप्रिय कविता हो । अनुष्टुप छन्द ढाँचा अँगालेर लेखिएको यस कवितामा जम्मा १९ श्लोक छन् । कवि पौड्यालले यस कवितामा नैतिकता अनुशासन तथा कर्तव्यका बारेमा प्रष्ट पारेका छन् । विभिन्न धार्मिक पौराणिक तथा व्यवहारिक उदाहरण दिएर मानव जातिलाई कर्तव्य तथा दायित्वबोध गराउन

यो कविता सक्षम देखिन्छ । असल कर्मबाट जगत्को भलो हुन्छ भन्ने नैतिक चेत यस कवितामा कविले व्यक्त गरेका छन् । अन्त्यानुप्रासको प्रयोग, परिष्कार र परिमार्जित भाषा पौराणिक तथा प्राकृतिक बिम्बको प्रयोगले कविता निकै सबल देखिन्छ । उपदेशात्मक नीतिपरक शब्दहरूले कविता निकै सुसज्जित छ । एक श्लोकको अर्को श्लोकसँग कुनै सम्बन्ध नभए पनि कविताका प्रत्येक श्लोक अत्यन्त मार्मिक तथा उत्कृष्ट छन् । विभिन्न अलङ्कार तथा उपमाको प्रयोगले कविता सर्वगुण सम्पन्न बन्न पुगेको छ । श्रुतिमधुर कोमल भाषाशैली तथा जीवनवादी दृष्टिले कविता उच्चस्तरको छ । व्यवहारिक तथा नैतिक गुण बहन गर्न सक्षम यस कवितालाई कविको उत्कृष्ट रचना मान्न सकिन्छ भने यस कवितालाई मुक्तकिय शैलीको कविता मान्न सकिन्छ ।

### ४.२.२.कालमहिमा

'कालमहिमा' कविशिरोमणि लेखनाथ पौड्यालको एक उत्कृष्ट कविता हो । जन्मपछिको मृत्युलाई वर्णन गरेर काल उर्फ मृत्युको गुनगान गाइएको कविता भएकोले कविताको शीर्षक नै 'कालमहिमा' राखिएको यस कवितामा काल अथवा मृत्यु अवश्यम्भावी छ भनिएको छ । सबैलाई काल उस्तै हो । यसले धनी गरीब राजा रङ्क सबैलाई समान व्यवहार गर्छ । काललाई कसैले रोक्न छेक्न सक्दैन् लाखौं शस्त्र अस्त्र औषधी मुलोले पनि काललाई केही गर्नसक्दैन् भन्ने तथ्यलाई स्पष्ट पार्दै कविले जन्मपछिको मृत्यु सुरूवात पछिको अन्त्यको यथार्थलाई स्पष्ट पारेका छन् । आध्यात्मिक दर्शन तथा बौद्धिक चिन्तनलाई सरल सुललित पदावलीका साथ बिम्ब अलङ्कारको प्रयोग गरिएको यस कवितामा वर्णमात्रिक गीति चेतना वा छन्द चेतनाका सर्वाधिक ललित र परिष्कृतता पाइन्छ ।

### ४.२.३.आखिरी कविता

कविशिरोमणि पौड्यालद्वारा जीवनको अन्तिम प्रहरमा लेखिएको 'आखिरी कविता' उनको साहित्ययात्राकै अन्तिम कविता हो । अत्यन्तै छोटो चार पङ्क्तिमा संरचित यस कवितामा कवि पौड्यालको देह र आत्माप्रतिको गहिरो आध्यात्मिक चिन्तन पाइन्छ । यो देहको सृष्टिकर्ता उनै परमेश्वर नै हुन यो शरीरले भोग्ने दुख पीडा परमेश्वरले नै भोगदछन् । शरीर आत्मारूपी इश्वरको घर हो जब बूढो भएर, जीर्ण भएर नासिन लाग्छ तब आत्मारूपी इश्वर सुटुक्क आफ्नो धाममा जान्छ भन्दै मृत्युको सहजीकरण गरिएको छ । छोटो तर पूर्ण कविताको रूपमा रहेको यस कविताले शरीरलाई इश्वरको मन्दिरको रूपमा वर्णन गरेको छ । मात्रिक छन्दमा कोमल भाषाशैली युक्त यो एक उत्कृष्ट कविताका रूपमा रहेको छ ।

## ४.३.बालकृष्ण समका कविता

बालकृष्ण सम (वि.सं.१९५९–२०३८) नेपाली साहित्यका एक विशिष्ट कवि हुन । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि उनले ख्याति भने नाटक विधामा कमाए । नेपाली कविताका आधुनिक कालीन परिष्कारवादी धारामा देखा परेका कवि समले कवितामा भावुकता काल्पनिकता भन्दा माथि उठेर बौद्धिकताको पूर्ण प्रयोग गरेका छन् । भौतिक-आध्यात्मवादको धरातलमा रही मानवतावादको वकालत गरिएका उनका कवितामा पूर्वीय र पाश्चात्य दर्शनको ठूलो प्रभाव पाइन्छ । **आगो र पानी** खण्डकाव्य तथा **चिसो चुल्हो** महाकाव्य उनको प्रसिद्ध कृति हो । नेपाली साहित्यमा गहकिला तार्किक चिन्तन सहितका काव्य कृतिको रचना गर्ने समले बौद्धिकतालाई सरल र सहज तरिकाले प्रकट गरेका छन् । सुनियोजित भाव, शैली ,शिल्प र लयका साथै सशक्त संरचना रहेको उनको कवित्वको विशिष्टता ज्यादै उच्चस्तरको छ । यहाँ उनको तीनवटा कविताका विश्लेषण गरी उनका कवित्वको परिचय पहिल्याउने प्रयास गरिएको छ ।

### ४.३.१.मृत्युपछिको अभिव्यञ्जना

'मृत्युपछिको अभिव्यञ्जना' कविता कवि बालकृष्ण समले जीवनको चौँथो चरणमा रचना गरेका कविता हो । वि.सं. २०१९ को 'रचना' पत्रिकामा प्रकाशित यस कवितामा उनले आफ्नो मृत्युको परिकल्पना गरी शारीरिक अन्त्यलाई मानव अस्तित्वको परिवर्तन मात्र ठानेर विषाद नगरी बस्नु नै बुद्धिमानी हो भन्ने बैचारिकता सञ्चार गर्न खोजेका छन् । कवि आफ्नी प्रियालाई सम्बोधन गरी कविता प्रारम्भ गर्दछन् र पाठकलाई समेट्न खोज्दछन् ।

मृत्युलाई एक आनन्दको रूपमा वर्णन गर्दै आत्माको अमरत्वको वयान गर्न सफल भएका छन् । यस कवितामा समले अस्तित्वलाई जीवन र शून्यलाई मृत्यु भनेका छन् । कवि समले यस कविता मार्फत मृत्युको परिभाषा दिँदै मानिसले बाँचुञ्जेल पीडै पीडा सहेर बाँच्नु पर्छ र मृत्युपछि मात्र ती पीडाबाट मुक्त हुन सकिन्छ भन्ने भाव व्यक्त गरेका छन् । मृत्यु एक किसिमको निद्रा हो, यसैबाट व्यापक र विशाल जीवन प्राप्त गर्न सकिन्छ ।

म पात्रद्वारा आफ्नी प्रियालाई सम्बोधन गर्दै मृत्युतर्फ चिहाएको यस कवितामा विचार पक्ष भावमय हुँदै तरङ्गित हुन पुगेको छ । काल्पनिक तथा नाटकीय परिस्थितिको सिर्जना गरिएको यस कवितामा कथन र संरचना पक्ष निकै सुदृढ बनेको छ । परिष्कृत र परिमार्जित शिल्प चमत्कारले कविता अत्यन्तै बौद्धिक र दार्शनिक बन्न पुगेको छ ।

### ४.३.२. म मरैं

'म मरेँ' कविता कवि बालकृष्ण समको मृत्युवादी चिन्तनले भरिएको यथार्थधर्मी कविता हो । मर्नु भनेको समान्य घटनाको रूपमा प्रस्तुत गर्दै कवि सांसारिक मोहबाट मुक्त भएको अनुमान गर्छन् । आफ्नो मृत्युमा आफ्नी प्रिया वा पत्नीलाई नरुनु भन्दै भौतिक शरीरको अन्त्य हुनु भनेको सांसारिक बन्धनको मुक्ति हो भन्दछन् । चेतनबाट अचेतन बन्दा समयको चक्र यथावत रहन्छ तर मनुष्यत्वमा पञ्चभौतिक शरीरको अन्त्यसँगै दिनचर्या सकिएको आभाष कवि गर्दछन् । बाँचुञ्जेलको माया प्रेम त मरेपछि पनि स्मृतिमा रहिरहन्छ भन्दै मरेपछि फेरि व्युँतनु भनेको अलग हुनु हो र त्यसको कुनै औचित्य छैन भन्दछन् । कविले मृत्युको सामान्यीकरण गर्दै मृत्युलाई दुःख नमानी बाँच्नका लागि आग्रह गरेका छन् । चिताग्नी बालेर निर्धक्क भई स्मृतिमा बाँच्नुपर्ने यथार्थलाई कविले ब्युँताएका छन् । २० पङ्क्तिमा संरचित प्रस्तुत कवितामा कविले तीन अक्षरदेखि पच्चीस अक्षरसम्मका पङ्क्तिका निर्माण गरेका छन्  । बाँच्दा पाएको दुःख अभाव पीडालाई मृत्युपछि आनन्दको अनुभूति मान्दै स्मृति बिम्बको प्रयोग गरेका छन् भने केही कुरा चपाँउदा गीत गाएको सुन्दा भन्ने शब्दबाट घ्राण र कर्ण बिम्बको प्रयोग गरेका छन् । उपमा अलङ्कारको प्रयोग भएको यस कवितामा कविले शून्यवादी दर्शनको प्रयोग गरेका छन् भने सरल रसलालित्य भाषाशैलीको प्रयोग गरी दार्शनिक चिन्तनलाई प्रस्तुत गरेका छन् । यो एक मृत्युप्रतिको वैचारिक कविता हो ।

### ४.३.३.आँखा

प्रस्तुत 'आँखा' कविता कवि समको एक गद्य कविता हो । १३ पङ्क्तिमा संरचित प्रस्तुत कवितामा कविले आँखालाई अत्यन्त  पवित्रताको संकेत गर्दै दुखीहरूको साथमा दुख र आँसुको माला उनेर सबैको भलो असल मात्र देख्ने वस्तुका रूपमा होस् भन्ने इच्छा व्यक्त गरेका छन् । कमलपत्रको कोमलता, परेला भमराको पङ्क्तिजस्तै भन्ने उपमा उपमेय अलङ्कारको प्रयोग गर्दै दुखको गहिराई पत्ता लगाउन सक्षम होस्  र उपाय समेत बताई सबैलाई खुशी सुखी देख्न सक्ने बनोस् भन्दै चर्मचक्षु र ज्ञानचक्षु दुबैको दार्शनिकता प्रस्तुत गरेका छन् । अत्यन्त्य राम्रो होस् भन्ने प्रथम इच्छार्थ श्लोक बाट पङ्क्तिबाट सुरू भएको यस कवितामा विश्व बन्धुत्व र भातृत्वको मानवतावादी विचार प्रस्तुत भएका छन् । सरल र सहज भाषाशैलीमा उपमा अलङ्कारको प्रयोग गरी बिम्बात्मक अर्थ प्रदत्त यस कविताको भाव भबतु सब्ब मङ्गलम् भन्ने रहेको छ ।

## ४.४.लक्ष्मीप्रसाद देवकोटाका कविता

महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं १९६६-२०१६) नेपाली काव्य जगतका एक सशक्त स्रष्टा हुन् । स्वच्छन्दतावादी कवि देवकोटाका कवितामा प्रकृतिको सुन्दर उडान देख्न पाइन्छ । पूर्वीय र पाश्चात्य मिथक, प्रकृति जीवन र कल्पनाको समायोजन गरी देवकोटाले भावलाई कलात्मक बुट्टा भरेर कविता सिर्जना गर्दछन् । स्वच्छन्दतावाद तथा मानववाद यिनको काव्यात्मक धारा हो । आफ्ना भावहरू अटुट लहरमा बग्दाबग्दै कल्पनाको सुन्दर फूल टपक्क टिप्ने शैलीका कविता सिर्जना गर्ने महाकविका कवितामा हार्दिकता र बौद्धिकताको प्रचुर प्रयोग पाइन्छ । अथाह ज्ञानबाट डुबुल्की मार्दै अनुभूति र भावको प्रवाहमा डुब्दै काव्यात्मक रचनामा आफ्नो संसार देख्ने कविको मानवीय संवेदना युक्त परिकल्पना र यथार्थको मिश्रण पाइन्छ । फूटकर कविता देखि महाकाव्यसम्मको यात्रामा सशक्त व्यक्तित्वका रूपमा रहेका देवकोटाको **मुनामदन** अत्यन्त लोकप्रिय खण्डकाव्यका रूपमा रहेको छ । यस्ता महान् व्यक्तित्वका विशिष्टतालाई उनको कविताबाट देखाउने प्रयास गरिएको छ ।

### ४.४.१.प्रभुजी भेडो बनाऊ

'प्रभुजी भेडो बनाऊ' कविता देवकोटाको उत्कृष्ट कविता मध्ये एक हो । चेतनाद्वारा विद्रोहित कविले ज्ञान बुद्धि र विवेकले गर्दा आफूभित्र अधैर्य जन्मेको र क्रान्तिचेत पलाएकोले त्यसलाई प्रदर्शित गर्दा विविध यातना समस्या झेल्नुपर्ने भएको कुरालाई सम्झदै कवि चेतना नभएको एक पशुको रूपमा, भेडोको रूपमा पाउन वा बनाउन इश्वर सृष्टिकर्तालाई आग्रह गर्दछन् । आफूभित्रको चेतनाद्वारा प्रताडित कवि अन्याय अत्याचार सहन सक्ने झेल्न सक्ने पशुत्वको लागि इश्वरसँग गुहार माग्दछन् । क्रान्ति चेतनाले भरिएको कवितामा कविको तत्कालीन निरङ्कुशताप्रतिको विद्रोह पाइन्छ । आगन्तुक तत्सम शब्दको प्रयोग गरी सरल भाषाशैलीमा लेखिएको प्रस्तुत कवितामा विभिन्न प्रतीक, बिम्ब तथा अलङ्कारको प्रयोग गरेका छन् । लक्षणात्मक अर्थमा प्रस्तुत कवितामा कविले भेडोको उपमा उपमेयमा मनुष्यको प्रयोग गरेको छन् । जे जस्तो पनि सहने मानिसको प्रवृत्तिको विरूद्धमा क्रान्तिको झिल्को सल्काउँदै कि त आफूलाई भेडो कि त अरूलाई मानिस बन्न सक्ने सामर्थ्यको आव्हान गरेका छन् । विसङ्गत जीवनका विविध पक्षलाई केलाउँदै कवि देवकोटाले यस कवितामार्फत मानव चेतनालाई उजागर गर्न खोजेका छन् ।

### ४.४.२. जिन्दगीको मौसम

'जिन्दगीको मौसम' कविता देवकोटाको एक कर्मप्रधान कविता हो । धर्मलाई व्यङ्ग गर्दै कर्मको महानता तथा श्रीमद्भागवतगीताको कर्मलाई महान मान्नुपर्छ भन्ने प्रसङ्गलाई कोट्याउँदै उमेर छदैमा बल छदैमा आफ्ना इन्द्रियहरूलाई वशमा राखी जीवनरूपी खेत खन्नको लागि आग्रह गर्दछन् । बुद्धि विवेक र चेतनाद्वारा परिश्रमको पूर्ण उपयोग गर्नुपर्दछ र जीवनको सुन्दरता, सार्थकता प्राप्ति गर्नुपर्दछ भन्ने कविको बुझाइ छ । जीवनका सुखदुख आरोह अवरोहलाई प्रकृतिको हिउँद र बर्षा मौसमसँग तुलना गर्दै कविले सामान्यीकरण गरेका छन् । समय उर्फ कालले कसैलाई पर्खदैन् त्यसैले केही नगरी ननिदाउ भन्दै कविले धर्तीलाई, जीवनलाई सुन्दर पार्न कर्ममा जुट भनि आग्रह गरेका छन् । २० पङ्क्तिमा रचित प्रस्तुत कवितामा अन्त्यानुप्रासयुक्त उपमेय अलङ्कार तथा अर्थालङ्कारको प्रयोग भएको छ । प्रतीकात्मक कथन, भावपूर्ण भाषाशैलीको साङ्गितिक लय तथा बिम्ब र प्रतीकको संयोजन रहेको यस कवितामा कविले जीवनको सार्थक पक्षको उद्घाटन गर्न खोजेका छन् ।

### ४.४.३.साँढे

'साँढे' कविता लक्ष्मीप्रसाद देवकोटाको एक उत्कृष्ट गद्य कविता हो । आत्मकथनात्मक शैलीमा प्रतीकात्मक ढङ्गबाट तत्कालिक निरङ्कुश राणाशासनको विरूद्ध साँढेको हुँङ्कार उर्फ जनताको क्रान्तिचेतलाई प्रस्तुत गर्नु यस कविताको आशय हो । जे मनमा लाग्यो त्यही गर्दै डुक्रने साँढेलाई राणाहरूको स्वच्छाचारी शासन मान्दै गरीब दुखी जनताको पक्षमा यस कवितामा कविले वकालत गरेका छन् ।  शासकको चाकरी गरी गरीब दिनदुखी माथि अन्याय अत्याचार गर्ने चाकरीबाज, जनताको परिश्रम र पसिनामा रजाइँ गर्ने राणाहरूको प्रतीकात्मक प्रवृत्ति यसमा उतारिएको छ । साँढेको हुँङ्कारको रूपमा राणाहरूको प्रवृत्ति र व्यवहारको प्रतिबिम्ब पाउन सकिन्छ । त्यसको विरूद्ध जनतालाई क्रान्तिको बाटोमा  लाग्न प्रेरित गर्दै कविले आफूभित्रको विद्रोहलाई कवितामा प्रस्तुत गरेका छन् । कवितामा कविले तिव्र व्यङ्ग तथा विद्रोहको  प्रस्तुत गरेका छन् । साँढे गद्य कवितामा कविको आत्मकथन प्रतीकात्मक रूपमा रहेको छ ।

## ४.५. गोपालप्रसाद रिमालका कविता

गोपालप्रसाद रिमाल (बि.सं.१९७५-२०३०) स्वच्छन्दतावादी–प्रगतिवादी धाराका एक सशक्त कवि हुन ।  नेपाली साहित्यमा नेपाली गद्य कविताका प्रवर्तकका रूपमा चिनिने रिमालका कवितामा क्रान्तिकारी विचारको प्रबलता पाइन्छ । यिनले बि.सं. १९९२ देखि नेपाली साहित्यमा कविता लेखन सुरू गरेका हुन । समसामयिक चेतना र क्रान्तिको भावलाई प्रतीकको माध्यमबाट व्यक्त गर्ने कवि रिमालका कवितामा तत्कालिक शासक र

शासन विरूद्धको हुँकार पाइन्छ । नेपाली कवितामा प्रतीकवादको शुरूवात गर्दै प्रकृतिलाई प्रतीकका रूपमा कवितामा चित्रण गर्न सिपालु छन् । रिमालले वात्सल्य र दाम्पत्य प्रेमका माध्यमबाट क्रान्ति र सामाजिक चेत प्रस्तुत गरेका छन् । उनका सबैजसो कविता प्रतीकात्मक छन् । क्रान्तिकारी व्यक्तित्व तथा क्रान्तिधर्मी कविका रूपमा प्रख्यात रिमाल कविताकै  कारण राणाशासकको यातना समेत खेपेका कवि हुन । कविताका माध्यमबाट क्रान्तितर्फ प्रेरित गर्न सफल व्यक्तित्व रिमालका निम्न कविताको विश्लेषण गरिएको छ ।

### ४.५.१ आमाको सपना

'आमाको सपना' कविता कवि गोपालप्रसाद रिमालका कविताहरूमध्ये सबैभन्दा लोकप्रिय तथा उत्कृष्ट कविता हो । यो कविता २००७ साल पूर्वको राणकालीन निरङ्कुशता र त्यसको परिवर्तनका लागि चेतना प्रवाहको ज्वलन्त नमूना हो । आमा र छोरा दुई पात्र बीचको संवादका माध्यमबाट लेखिएको यस कविताको संरचना ४७ पङ्क्तिमा संरचित छ । प्रस्तुत कविता निरङ्कुशताको जंजिरले बाँधिएकी नेपाल आमालाई स्वतन्त्रता खातिर आमाले देखेको क्रान्तिरूपी पुत्रको सपना हो ।

यस कवितामा कवि रिमालले आमाका सपनाका माध्यमबाट संसारको अन्धकारलाई समाप्त पार्दै सूर्य उदाए जस्तै भविष्यमा क्रान्तिपुत्र जन्मने छ र त्यस पुत्रले समाजका अन्याय अत्याचारसँग लडने छ भन्ने विचार व्यक्त गरेका छन् । प्रश्न र उत्तर शैलीमा लेखिएको यस कवितामा विभिन्न प्रतीक, बिम्ब र सङ्केतको प्रयोग गरेर मुख्य भावको अभिव्यक्ति गरिएको छ । यो कविता प्रगतिवादी-स्वप्नवादी कविता हो । काल्पनिकतामा आधारित विद्रोहको स्वरका रूपमा रहेको यस कवितामा उपमा, रूपक अतिशयोक्ति आदि अलङ्कारको प्रयोग भएको छ । क्रान्ति सम्बन्धी आलङ्कारिक तथा व्यञ्जनात्मक अभिव्यक्ति दिनु यस कविताको मूल आशय हो ।

### ४.५.२ एकदिन एकचोटी आउँछ

एकयुगमा 'एकदिन एकचोटी आउँछ' भन्दै परिवर्तनको सुनौलो बिहानी आउँछ भन्दै निरङ्कुश अन्यायी अत्याचारी शासकलाई कविले कवितामार्फत चुनौति दिएका छन् । क्रान्तिमार्फत एक युगमा एक परिवर्तित बिहानी आएको घटनाको स्मरण गराउँदै क्रान्तिको झिल्कोबाट विशाल क्रान्ति प्रवाह हुन जसमा सबै वर्ग जात वर्णको सहभागिता हुन्छ भन्न खोजेका छन् । ११ पङ्क्तिमा संरचित यस कवितामा लाटा सुधा बोल्छन्, निदाएका जाग्दछन्, मरेका उठ्दछन्, र विशाल क्रान्ति भएरै छोड्छ भन्ने चुनौति र कल्पनाको प्रयोग भएको छ । अन्याय अत्यचारको पीडा सहन नसकी सबै क्रान्तितर्फ उन्मुख हुन्छन् र दुराचारी

पापीहरू डराउँछन् । त्यो सुनौलो बिहानी अर्थात् परिवर्तन आउँछ भन्दै कविले आत्मलापी कथनपद्धति अङ्गालेर यस कवितामा क्रान्तिको आव्हान समेत गरेका छन् । अनुप्रास र अन्त्यानुप्रासको प्रयोगले कवितामा सौन्दर्य थप्दै विभिन्न बिम्ब प्रतीक र अलङ्कारको प्रयोग गरी कवितालाई कलात्मक बनाइएको छ । देशले क्रान्ति निम्त्याएको र स्वतःफूर्त रूपमा जनतामा क्रान्तिचेत पलाएको कुरालाई कविले स्वप्नवादि शैलीमा प्रस्तुत गरेका छन् ।

### ४.५.३. सपनामा

कवि गोपालप्रसाद रिमालद्वारा लिखित यस 'सपनामा' कविता ३३ पङ्क्ति तथा एक अनुच्छेदमा संरचित कविता हो । प्रतीकात्मक अर्थ वहन गरेको यस कविताले तत्कालीन राणाशासनको विरोध गर्दै क्रान्तिलाई स्वप्न शैलीमा प्रस्तुत गरेका छन् । आत्मालापी कथन पद्धतिलाई अङ्गालेर क्रान्तिको आव्हान गर्दै सुनौलो भविष्यको कल्पना तथा कामना गरिएको छ । मूलतः यो कविता प्रजातन्त्रतर्फ लक्षित गरी क्रान्तिलाई प्रस्तुत गरिएको एक क्रान्तिधर्मी कविता हो । वात्सल्य र प्रणयका माध्यमबाट क्रान्तिलाई पस्कदै यस कवितामा वात्सल्य र प्रणयका भाव व्यक्त भएका छन् । मिथकिय राजकुमार र राक्षस पात्रको प्रयोग गरी निरङ्कुश ता अन्यायीका रूपमा राक्षस र क्रान्ति तथा परिवर्तन बाहक सत्पुत्रका रूपमा राजकुमारको प्रयोग भएको यस कवितामार्फत कवि सपनाको वर्णन गर्दछन् । राणातन्त्रको विरोधमा र जनतन्त्रका पक्षमा अत्यन्त राम्रो अभिव्यक्ति यस कवितामा पाइन्छ । क्रान्तिको आव्हान र सुनौलो भविष्यको कामना व्यक्त गरिएको यस कवितामा सरल बिम्ब र प्रतीकको प्रयोग भएको छ । म पात्र देशको प्रतीक र तिमी पात्रलाई क्रान्तिको प्रतीकका रूपमा प्रस्तुत गर्दै देशमा क्रान्ति जरूरी छ भन्ने भाव यस कवितामा प्रस्तुत भएको छ ।

## ४.६. भूपी शेरचनका कविता

कवि भूपी शेरचन (वि.सं.१९९३-२०४६) आधुनिककालीन स्वच्छन्दतावादी-प्रगतिवादी, प्रयोगवादी नेपाली कविताका सशक्त कवि हुन् । प्रगतिशिल व्यङ्ग्यचेत भएका एक विद्रोही कविका रूपमा परिचित भूपी शेरचनका कवितामा राष्ट्रिय जनजीवनका विभिन्न पक्षमा देखिएका असमानता र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार भएका छन् । साधारण मानिसका दुख दर्द पीडालाई नौलो बिम्ब र प्रतीकको प्रयोग गरी प्रयोगात्मक कविताको सिर्जना गर्ने कवि शेरचनको वैयक्तिक विशेषता हो । उनका कविताको कथ्य र शिल्पगत उच्चता बढी सशक्त देखिन्छ । उनका कवितालाई निम्नलिखित कविताहरूले राम्ररी चिनाउने छन् ।

### ४.६.१. जीवनको अँध्यारो सडकमा

'जीवनको अँध्यारो सडकमा' कविता कवि भूपी शेरचनको छोटो १० पङ्क्तिको कविता हो । जीवनको अभाव समस्या र पीडालाई जीवनकै अँध्यारो पक्ष मान्दै वय नामक सडकमा सफलता भन्ने कुरा अत्यन्तै असम्भव र अचम्म लाग्छ तरपनि मानिस आशाको त्यान्द्रोमा झुण्डिदै सफलता पाउनका लागि दौडन्छ । त्यस्तै कवि सफलताका लागि आफ्नो गति बढाइ रहन्छन् । मृत्यु सत्य नभोगेसम्म त्यो यात्रा  नरोकिने भन्दै लगातार अथक परिश्रम गरिरहन्छन् । जब थकित भएर निराशा र शून्यता उर्फ असफलता पाइन्छ  तब कवि अन्धकार उर्फ शून्यसँग डराउँछन्, रोकिन्छन् । यसरी जीवनको पथमा आएका आरोह अवरोहलाई झेल्दै कवि असफलता र निरसतालाई अँध्यारोका रूपमा वर्णन गर्दछन् । जीवन र अँध्यारोको दर्शन खोज्दै कविले उपमा अलङ्कारको प्रयोग गरेका छन् । साइकलको डाइनामोबाट बल्ने बत्ती र सफलतालाई  कविले उपमा अलङ्कारको प्रयोग गरी तुलना गरेका छन् भने म थाक्छु, मेरो  खुट्टा थाक्छ भन्ने कुरालाई अँध्यारो आएर झुक्छसँग जोडेका छन्  । स्वच्छन्दतावादी भावधारालाई अँगालेको यो छोटो कवितामा जीवनका विसंङ्गत पक्षको भावनात्मक अभिव्यक्ति पाइन्छ ।

### ४.६.२. भूपी शेरचन (व्यङ्गात्मक सेल्फ पोर्ट्रेट)

नौ पंक्तिको छोटो यस कवितामा कविले आफ्नै कार्य वा कवितात्मक रचनामा व्यङ्ग्य पस्केका छन् । सिर्जनात्मक उकुसमुकुसको पलमा केही लेखुँ र नलेखुँको द्विविधागस्त मनोदशाले केही लेख्दै, हेर्दै, काट्दै, छाट्दै गरेको आफ्नो चर्तिकला नै कविता भएर प्रस्तुत भएको छ । केही सिर्जना हुन्छ, स्रष्टालाई चित्त बुझ्दैन लेख्छ, च्यात्छ पुनः त्यस्ता कार्य हुन्छ अनि लामो सुस्केरा हाल्दै पुनः लेख्दा बल्ल प्राप्ति हुन्छ भन्ने उक्तिमय पङ्क्तिका साथ कवि शेरचनले आफ्नै रचनाबाट आफैँलाई विचराको पगरी गुथाइदिएका छन् । सामान्यतः आम कविहरू आफ्ना भावनात्मक अभिव्यक्तिलाई आकार दिन चाहन्छन् जसरी कुमालेले काँचो माटोलाई  चक्रमा घुमाएर सुन्दर  वस्तुको निर्माण गर्दछ त्यस्तै एक स्रष्टा कवि विचरो परिश्रम गर्छ  साहित्यिक रचनाको विधागत  स्वरूप प्राप्त गर्दछ भन्दै आफ्नो निरिहताप्रति आफैँलाई व्यङ्ग गर्दछन् । यस कवितामा कविले आफूलाई उर्फ भूपी शेरचनलाई नै विचराको रूपमा तुलना गर्दै उपमा अलङ्कारको प्रयोग गरेको छन् ।

### ४.६.३. हिँड्दा हिँड्दै

६ पङ्क्तिमा संरचित कवि भूपी शेरचनको 'हिँड्दा हिँड्दै' कविता छोटो मुक्तकिय गद्य कविता हो । यस कविताको छोटो संरचनामा जीवनका सारभूत कुरा समेटिएको छ । यस कवितामा कविले 'हिँड्दा हिँड्दै' केही स्मृतिका कुरा सम्झेर हाँसेको वटुवा, आफ्नो परिश्रमले अन्न उब्जाउँदा प्रफुल्लित किसानसँग तुलनात्मक उपमा अलङ्कारको प्रयोग गरेका छन् । बाँचिएको जीवन अभावमा पिल्सिएकाहरू हाँस्न बिर्सिन्छन् त्यस्तै कवि हिँड्दा हिँड्दै, भोग्दा भोग्दै हाँस्न बिर्सिएका छन् र आफ्नी प्रियसी हाँस्दा मेरो साटोमा हाँसे झैँ लाग्छ भन्दै आफ्नो भावव्यक्त गर्दछन् । जीवनको शून्यतावादी दर्शनलाई आफू हाँस्न नसक्नुको भावमा व्यक्त गरेका कविले उपमा अलङ्कारको प्रयोग गरी कवितामा प्रेयसीको हँसाई र स्मृतिलाई बडो भावात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

## ४.७. सङ्गृहीत कविताहरूप्रतिको आत्मधारणा

कविता लयात्मक भाषाको सुन्दर कथन हो । यसले भाव विचार तथा संवेदनालाई बोकेको हुन्छ, यो भावनामा बग्छ र विचारमा दृढ रहन्छ । कविताको विषयवस्तुमा आफूले भोगेका जीवन, जगत् र मानव मनका अनुभव र अनुभूतिहरू रहन्छन् । उक्त विषयवस्तुलाई कविद्वारा लयात्मक भाषाका माध्यमबाट सौन्दर्यपूर्ण ढङ्गले अभिव्यक्त गरिएको हुन्छ । प्रस्तुत **समय** कविता सङ्ग्रहका कवितामा मैले समसामयिक विषयवस्तुका मानवता, मानवमनका निरसता, यान्त्रिकता तथा शून्यताबोधका विभिन्न विषयमा केन्द्रित रहेर विविध बिम्ब र अलङ्कार वा प्रतीकका माध्यमबाट अभिव्यक्त गरेको छु । कवितामा सम्पूर्ण भाव र विचारको सूचक आजको सन्दर्भ काल बेला नै कविताको शीर्षक रहेको छ । मेरा कवितामा मैले आन्तरिक र बाह्य पक्षसँग उचित तालमेल मिलाउन उपयुक्त खालको शीर्षकको चयन गर्ने प्रयास गरेको छु । कविताको बाह्य र आन्तरिक संरचनालाई मध्यनजर गर्दै कविताको संरचना प्रभावकारी बनाउने प्रयास गरेको छु । कविताका प्रमुख तत्त्व  लय मानिएकोले मेरा कविता गद्यात्मक लय ढाँचामा सिर्जना गरिएका छन् । कथन पद्धतिका दृष्टिले यस कविता सङ्ग्रहमा मैले कवि निवद्धप्रौढोक्ति कथनपद्धति अँगालेको छु । सरल भाषाको प्रयोग गर्दागर्दै पनि कतैकतै दुर्बोध्य भाषाशैली तथा जटिल जस्ता देखिन्छन् । समयको प्रतीकात्मक, बिम्बात्मक  अर्थबोध गरिएको यस कविता सङ्ग्रहमा मानवीय मूल्य मान्यता र आजको समाजप्रति लक्षित अभिव्यक्ति पाउन सकिन्छ ।

यस कविता सङ्ग्रहभित्रका कविताहरूमा 'अन्तर्द्वन्द्व', 'म ढुंगाभित्र मान्छे देख्छु' ,'म शून्यतामै ठीक थिएँ', 'म खोज्दैछु........?', 'अन्त्य उर्फ........', 'जीवनको मूल्य', 'सपनाको मृत्यु', 'स्वार्थ', 'समय', 'मृत्यु', 'म बेच्दैछु' मा मानिसको भौतिकताप्रतिको उन्मुखताले

मान्छेको अस्तित्व सङ्कटमा परी मानिस यन्त्रवत् जीवन बिताउन बाध्य परिस्थिति बोध गरिएको छ । आत्मकथन अभिव्यक्ति निस्सारपन शून्यता र शून्यताबोधको अभिव्यक्ति पनि यी कविताहरूमा पाइन्छन्  भने 'म', 'भ्रम या यथार्थ', 'कसले बुझ्छ', 'इतिहास भत्कन सक्छ', 'फूलको अस्तित्व', 'सडक गीत गाइरहेछ', 'मेरो वैयक्तिता', 'खोजी सन्तुष्टिको' ,'गलत' र 'मेरो श्रद्धाञ्जली' भित्र आफूले भोगका जीवनका तीतामीठा अनुभवहरू सँगाली समाज सुधारका अनुभूतिहरू र 'धैर्य', 'साथी', 'रोमाञ्चता', 'मेरो वैयक्तिकता' र 'के दिनु के लिनु' मा प्रेम प्रसङ्ग तथा जीवनका फरक रङ्गहरूको अभिव्यक्ति गरिएको छ ।

लामा र छोटा पङ्क्ति, श्लोक, लयमा कतैकतै अन्त्यानुप्रास, वृत्यानुप्रासको प्रयोग पनि कुनैकुनै कवितामा पाइन्छन् । आयामका दृष्टिले प्रस्तुत कविता सङ्ग्रह लघुआयामकै कोटीमा पर्दछ । बाह्य संरचनाको दृष्टिले मेरा कविताहरू १८ देखि ४२ पङ्क्तिसम्म रहेका छन् । पङ्क्ति विधानका दृष्टिले यस कविता सङ्ग्रहमा २ देखि २८ अक्षरसम्मका हरफहरू राखिएका छन् ।

कविताको कथ्य वा भावविधानका दृष्टिले मेरा कवितामा आफूले जन्मेको भोगेको समाज, राष्ट्रको समसामयिक परिस्थितिका साथसाथै पूर्वीय र पाश्चात्य मिथक नै कविताका विषयवस्तु बनेका छन् । मैले देशको अन्यौलता, अन्यौलपूर्ण राजनीतिक अवस्था तथा सामाजिक परिस्थितिलाई केन्द्रमा राखी मानिसका यावत् पक्षलाई केलाउने प्रयत्न गरेको छु । चरम भौतिकतातर्फ उन्मुख समाजले मानवतालाई छोपेको सन्दर्भमा मानिसको यान्त्रिकता, निस्सारता तथा शून्यताबोधलाई प्रस्ट्याइएको छ । विसङ्गत जीवनका शून्यतावादी चिन्तनबाट मान्छेको मूल्य तथा अस्तित्व खोज्ने जमर्को गरेको छु । प्रायः मेरा कविताहरूमा 'स्व' को मूल्याकङ्न गर्दै दर्शनको वैचारिक धरातलबाट उठेका छन् । कवितामा विविधता ल्याउन फरकफरक शैलीमा कविता सिर्जना गरेको छु । त्यसैले कुनै जटिल त कुनै कुनै अति सरल बन्न पुगेका छन् ।

यस कविता सङ्ग्रहभित्रको प्रथम कविता 'अन्तर्द्वन्द्व' कवितामा चेतनाले गर्दा आफैँभित्रको द्वन्द्वलाई महाभारतको मिथकसँग जोडी प्रस्तुत गरिएको छ । आफू र मनभित्रको द्वन्द्व र सामाजिक परिवेशलाई नै अन्तर्द्वन्द्व मानिएको छ । यस कविता सङ्ग्रहको 'म ढुंगाभित्र मान्छे देख्छु' मा मानिसको परिभाषाको खोजी गरिएको छ । मानिसको अन्तर्चेतनामा के छ ? भन्ने प्रश्न सोधिएको छ  भने 'म शून्यतामै ठिक थिएँ' कवितामा लोभ लालचले गर्दा हरक्षण प्रताडित मानिसको चेतनाले बारम्बार झस्काएको अवस्थाको चित्रण गरिएको छ । केही नबुझ्दा र नहुँदाको पलको सन्तुष्टि अभाव र इर्ष्याले जलेको मनसँग तुलना गरिएको छ । त्यस्तै 'इतिहास भत्कन सक्छ' कवितामा मानिसको विविध

तहबाट हेर्ने क्रम उपक्रमलाई केलाईएको छ । बदलिएको समयमा मानिसको परिवर्तनलाई कविताद्वारा स्पष्ट पार्न खोजिएको छ । 'सपनाको मृत्यु' कवितामा आशाको त्यान्द्रोमा झूत खेलेका मानिसहरू सपनामै बाँच्छन् र सपनामै मर्छन् । यथार्थमा केही सन्तुष्ट प्राप्त गर्न सकिँदैन भन्ने सत्य स्थापित भएको छ । 'धैर्य' कविताले समयको खेदाइमा एक यात्री यताउता भौतारिएको र दुख हटी सुख आउँछ भन्ने आशमा समय बिताइरहेको अवस्थाको चित्रण गरिएको छ । यस कवितामा समाजका विविध पक्षबाट मानिसमा निखिएको मानवता र पशुवृत्तिको वर्णन गरिएको छ । अग्रजको योगदान बिर्सिंदै गएको अनुभूति गरिएको छ ।'गलत' कवितामा कसैको मृत्युको उत्सवमा भएका झूटको खेतिको विस्तार र गलत सस्कारको वर्णन गरिएको छ । त्यस्तै 'सडक गीत गाइरहेछ' कवितामा सडकमाथि मानिसले गरेको रोष प्रदर्शित गरिएको छ । सडकमा जे पनि चल्छ भन्ने भाव व्यक्त गरिएको छ ।

'मेरो वैयक्तिकता' कवितामा प्रत्येक पल समयमा नवीनता यात्रामय हुँदै स्वतन्त्रता उन्मुख चेतनाको अभिव्यक्ति पाइन्छ । यस कवितामा विश्वमा भएका क्रान्तिहरू स्वतन्त्रताका निमित्त भएका हुन कुनै पनि मानिस बन्धनमा बाँच्न चाहदैन् तरपनि बन्धन र स्वतन्त्रताका खेलहरू, क्रान्तिहरू बरम्बार भइरहन्छन् । चेतनाले क्रान्ति निम्त्याउँछ भनिएको छ । 'फूलको अस्तित्व' कवितामा सबै मानिसभित्र व्यक्तिगत स्वार्थ भन्ने किरो लुकेको छ जसले म र मेरो को लागि जे गर्न पनि तत्पर हुन्छ मानवता निमोठेर आफ्नो भलाईको निम्ति निरङ्कुश अत्याचारीको उपमा भिर्छ भनिएको छ । भमरा र फूलको उदाहरणमा समाजको चिरफार गरिएको छ । यस कविता सङ्ग्रहको शीर्ष कविता 'समय' कवितामा एक छोटो किस्सामा बेमेल मान्छेको जीवनमा चेतनाको तहबाट सबैको भलो गर्नुपर्छ । मात्र म र मेरोमा नअल्झिई हालको यान्त्रिक जीव पुँजीवादी समाजलाई परिवर्तन गरि विश्वव्यापीकरण मानवता र मानव अधिकारलाई जोगाउनु पर्छ भन्ने भाव व्यक्त भएको छ । बुद्धत्वद्वारा विश्वशान्तिका लागि हातेमालो गरी नवयुग, शुभयुगको निर्माणमा लाग्नुपर्छ । समय परिवर्तन खोजिरहेछ । चेतनाको ज्वाला सल्काउदै अशान्ति र हिंसाको अन्त्य गरि वसुधैव कुटुम्बम्लाई चरितार्थ प्रस्तुत गर्नुपर्छ भनिएको छ । 'मृत्यु' कवितामा जन्म र मृत्यु समयक्रममा घट्ने घटना हुन भन्दै क्यौ गरेपनि मानिसले मृत्युमाथि विजय प्राप्त गर्न सक्दैन । मृत्युको अदृश्य भयमा मानिस जल्छ, डराउँछ, भाग्छ तरपनि मृत्युमा प्राप्त हुन्छ त्यसैले लाखौं प्रयत्नबाट पनि समय क्रम भङ्गता हुँदैन भन्ने सत्य प्रस्तुत गरिएको छ । 'म बेच्दैछु' कवितामा मन नलाग्दा नलाग्दै कसैको बन्धनमा बाँचिएको जीवन, विवश भएर बाँच्दाको पलको वर्णन गरिएको छ । यस कवितामा मानिसले बाध्यतामा बाँच्नु परेको अवस्था तथा निरिहताको वर्णन गरिएको छ । आत्माको

छटपटाहटलाई व्यक्त गरिएको छ  मन छैन तरपनि गर्नु परेकै छ । रहर छैन तैपनि चल्नु परेकै छ भन्ने तथ्य बताइएको छ । अन्तिम कविता 'मेरो श्रद्धाञ्जली' कवितामा लामो सहयात्रामा साथ निभाउने सहृदयीको शोकमा श्रद्धाञ्जली व्यक्त गरिएको छ । स्मृतिको सुखद पलको अनुभूति, दुखका साथ केही गुमाउँदाको पीडामा चेतना भत्किएको छ त्यही शून्यतालाई यस कवितामा प्रस्तुत गरिएको छ । अन्तरआत्मामा छुट्टै कुरो पालेर बाहिरी मुखबाट कसैलाई सान्त्वना अर्ति उपदेश दिँदैमा केही हुन्न झूटको खेतिद्वारा कसैको मन बहलाउन सकिन्न आफैलाई सहजै आदर्श फलाउनेले आफ्नो अन्तर्आत्मालाई झुक्याइरहेको तथ्यलाई प्रष्ट पार्न खोजिएको छ । कलुषित मनबाट शुभकामना शब्दहरू नदिएकै राम्रो भन्ने कुरा व्यक्त गरिएको छ । यस्तै यस कविता संग्रहको 'म !' कवितामा कोही कसैलाई केही कसैलाई केही होइन भनेर आँकलन गर्नेहरूमा क्रान्तिको झिल्को जो पनि हुनसक्छ । विद्रोह जसमा पनि हुन सक्छ, कसैको म मा चोट पुऱ्याउँदा त्यो विद्रोहित भएर विष्फोट हुनसक्छ । आवेश जन्मेर जे जस्तो अवस्था पनि सिर्जना हुन सक्छ, त्यसैले कसैको बाँच्ने अधिकारमाथि दवाव नगर भन्ने क्रान्तिचेत व्यक्त गरिएको छ  । सहरी मानिसको धर्मप्रति अनास्था अपराधी मनोवृत्तिले मानवता बोधको मूल्य घटेको छ । आजका मानिस इतिहास र सभ्यता कलासंस्कृति विरुद्ध मान्दै मनपरि गरिरहेछ ।

समग्र यस कविता सङ्ग्रहभित्र मानवतावादको चर्को स्वर उठाइएको छ । वर्तमान समयमा मानिस केवल आफ्नो स्वार्थमा अल्झिइ मानवतावादलाई बिर्सिदै गइरहेको छ भने अर्कोतर्फ आफ्ना दायित्व र कर्तव्य समेतको प्रवाह नगरी केवल सुख र सुविधामा लिप्त छ, मोजमजामा व्यस्त छ भन्ने कुरा स्पष्ट पार्दै मानव हुनुको औचित्य परिभाषा बुझ्न र बुझाउन आग्रह तथा आव्हान गरिएको छ ।

धारागत रुपमा हेर्दा  समसामयिक धाराकै निकट भएका मेरा कविताहरूमा शून्यवादी दर्शनको प्रचुरता पाइन्छ । प्रस्तुत कविताहरूमा मोहन कोइराला, बैरागी काँइला, पारिजात, गोपालप्रसाद रिमाल तथा विप्लव ढकाल आदिका कविताका प्रभाव परेको अनुभूति मैले गरेको छु । मानवतावादी सोचको क्रम भङ्गता विरुद्ध भड्केको मेरो मानसिक अन्तर्चेतनाबाट तात्क्षणिक संवेगले नौलो आयाम खोजेको छ भनेझैँ चेतन मनको अशान्त परिस्थितिबाट शाब्दिक धरातलमा वैराग्यवादको सिर्जना भएको छ । प्रयोगवादी चिन्तन प्रयोगधर्मी कविताका रुपमा केही कविता सिर्जित भएका छन् । अभिधार्थ र लक्ष्यार्थ भन्दा टाढा पुगेर व्यङ्ग्यार्थ प्रदान गर्न  केही कविता सक्षम छन् । यस्तैगरी भाव र कलापक्षमा उचित तालमेलमा जोड दिने यथोष्ट प्रयत्न म बाट हुँदाहुँदै पनि अपूर्ण अपुष्ट देखिएकाले परिष्कार र परिमार्जन तर्फ मेरा कविता पूर्ण रुपले सबल हुन सकेको छैनन् । शीर्षकले

कविताको भाषालाई समेट्न खोज्दाखोज्दै पनि कति ठाउँमा चिप्लिएका छन्, विधि विषयवस्तुलाई जति समेट्नु पर्थ्यो त्यति समेट्न नसकेको मैले अनुभव गरेको छु ।

## ४.८. निष्कर्ष

सामान्यतः साहित्यका माध्यमबाट व्यक्तिले आफ्नो भावना अरुसम्म पुऱ्याउने गर्छ । यस सन्दर्भमा उसले सकारात्मक पक्षको उद्घाटन गरेको पाइन्छ । तर साहित्यमा सदा सकारात्मक पक्ष मात्र हुँदैन, त्यहाँ नकारात्मक पक्षहरू पनि हुन्छन् । त्यहाँ शान्ति मात्र हुँदैन, त्यहाँ विद्रोह पनि हुन्छ । यो यथार्थ हो ; किनकि साहित्य समय, ठाउँ र परिवेश अनुसार सिर्जना हुने भावना हो । त्यसैले यो स्वतन्त्र हुन्छ र हुनुपर्छ । जसमा शब्द र अर्थको संयोजनले मात्र कविता सिर्जना हुन सक्दैन । तिनीहरूबीच भावको सुमधुर सम्बन्ध हुनु कविताको आवश्यक तत्त्व हो । कवितामा सरल, सहज र स्वाभाविक शब्द-चयन वा समायोजनको आवश्यकता पर्दछ । जब त्यो गेय वा लयात्मक हुन्छ तब मात्र एउटा भावना कविता बन्न सक्छ । प्रकृति र मानव जीवनका सेरोफेरोमा आएका मिलन र बिछोडका रीतहरूलाई समेट्दै जन्मभन्दा अघिको र मृत्युभन्दा पछिका यावत् कुराहरूलाई विषयवस्तु बनाई मैले बीस वटा गद्य कविताहरू सिर्जना गरेको छु ।

विषयवस्तु केलाउनु पर्दा हाल यस धर्तीको समसामयिक जीवन जगत्मा प्रचलित सशक्त विभिन्न विषयवस्तुलाई कविताहरूले छोएका छन् । देशमा उत्पन्न विषम परिस्थिति, देशभक्ति, जीवनचेत, ऐतिहासिक घटना, व्यङ्ग्य, अर्ती-उपदेश, जीवन-भोगाइका क्रममा आइपरेका दुःख-सुख, आँसु-हाँसो, विज्ञानको दुरूपयोग, दुर्व्यसन छाड्न आजका युवाहरू प्रति सुझाव, प्रकृतिमूलक एवं नीतिमूलक विषयवस्तुलाई समेटेर **समय** कविता सङ्ग्रह तयार पारिएको छ । सरल अभिधात्मक तथा लाक्षणिक एवं व्यञ्जनात्मक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहभित्रका प्रायः कविताहरू सम्प्रेष्य बनेका छन् । प्रस्तुत सङ्ग्रहभित्रका कवितामा समाज, प्रकृति, राजनीति, जीवन-जगत् , ऐतिहासिक घटना एवम् जीवन-भोगाइका क्रममा आएका अनुभव आदिबाट सन्दर्भगत सामग्री जुटाइएको छ र यिनै समग्र तत्त्वहरूलाई भाव र कला-बीच वस्तुतः समीकरण गरी कवितालाई जीवन्त बनाउने प्रयास गरिएको छ ।

# परिच्छेद -पाँच

# समय कविता सङ्ग्रह

समसामयिक धारा अन्तर्गत रहेर समाजका विविध पक्षहरूको अवलोकन गर्दै प्रस्तुत कविताहरू रचना गरिएका छन् ।

## ५.१.अन्तर्द्वन्द्व

एकातिर जुवाको खाल छ

अर्कोतिर म दर्शन खोजिरहेछु

किताब पल्टाईरहेछु, दुनियाँ तमासा हेरिरहेछ

न म जुवा खेल्न सक्छु जीवनको

न म दर्शन बुझ्न सक्छु किताबको

अध्याँरोमा जुनकिरीसँगको वार्तालाप

आत्म-संवाद हो वा आत्म-चेतना

म बुझ्न सक्दिन संसार

यो संसारभित्रको सफेद झुट

यो जुवाको खालमा म इमान थापूँ

म यो इतिहास-जीवन कसरी नापूँ

मेरै पुर्खाले जोडेको इतिहासमा

म कहाँनेर छु ?

कसरी खोजूँ मात्र यो जुवाको जीवनमा

हारजितको खेलमा म हारूँ या  कसरी जितूँ

म के गरूँ ?

अन्तर्द्वन्द्व भित्र द्वन्द्व छ

सत्यवादी युधिष्ठिरले शकुनिको जालमा परेर सर्वस्व हारे

म चेतनाको चक्रव्यूहमा परेर सबै हार्दैछु

मेरो विचार र सिद्धान्तको लडाई

ठिक जुवाको खाल जस्तै मेरो स्वाभिमानमा

दुर्योधनको अभिमानले जुवा प्रेरित गर्दैछ

मभित्रको अन्तर्लुप्त म प्रतिघमण्डी बनेर आफैँलाई डस्दैछ

म आफूलाई जुवामा हार्छु

ज्ञात हुँदाहुँदै भौतिकताको अन्त्य

त्यहाँबाट मेरो आध्यात्म शुरू हुन्छ

बल्ल मानव हुनुको अर्थ बुझ्न

बाँच्नका लागि विचार बँचाउनका लागि

मभित्र युद्धको अन्त्य हार र जितको खेल

ठिक जुवामा हारेको युधिष्ठिर भौतिकता निखेर

म भत्कन्छु

वनवासी सत्यवादिता जागृत भई रहेछ

म जुवामा होमिइरहेछु म भित्रको अन्तर्द्वन्द्वमा

जीवन बुझ्दै छु, मनको अन्तर्द्वद्वमा

.....................................................

## ५.२.म !

म आगोको झिल्को हुँ ! म आगो ओकल्छु

त्यो झिल्को जहाँ आगोको विशाल रूप छ

जुन झिल्काले अनगिन्ती झिल्का कोरल्छ

जसले एक निमेष मै विशालता अँगाल्छ

खरानीको अन्तर्गभमा विद्रोही भएरै पनि

उत्सृजित त्यो आगो शमन कसले गर्न सक्छ ? पानीले ।

अहँ ! पानीको थोपाले यदि आगोलाई जिस्कायो भने

आगो झन्झन् आक्रोशित हुन्छ, जलाउदै जान्छ , सल्काउँदै जान्छ

दाह गर्छ, अभेद्य वस्तु थुप्रिन्छन् जडहरू कोइला बनेर

म केवल कलिलो वनस्पति हुँ ! मलाई बढ्न देऊ, मलाई बाँच्न देऊ

नसल्काऊ मलाई आगोले, नबदल मलाई आगोमा

मभित्र आगो छ, यो सत्य हो

त्यसैले मेरो आगोको अन्तसृर्जित वर्णमाथि

नखेल, नरोप झिल्का

यदि पृथ्वीको अन्तगर्भको जस्तै

मभित्रको आगो विस्फोट भयो भने

ज्वालामुखी बनेर बर्सन्छ अनि बग्छन् आगाका खोलाहरू

पोलिन्छन् आगाका लाप्सामा

एकपटक सल्किएको आगो निभ्न गाह्रो हुन्छ

यदि मजस्तै बिरूवा आगो बने भने

आगोको जङ्गल बन्छ, त्यसबाट कोही बँच्दैन

त्यो वायुवेगमा आवेश बनेर गर्जन सक्छ

अनि सक्दैन रोक्न कसैले आफैं उम्रेको आगो

वडवानल झैं संसार भष्म गर्न दौडँदा

कोलाहल, डर, त्रास र भयमा  कति छिनिन्छन्

भोक र रातका निद्राहरू कति बिलाएँछन्

त्यसैले नफ्याँक आगोका बीज ममाथि ॥

## ५.३.म ढुङ्गाभित्र मान्छे देख्छु

के हो ? मान्छे जड हो कि बेजड

शरीरमात्र पनि मान्छे हो ?
हात, खुट्टा टाउकोमात्र पनि मान्छे हो ?
कहाँ आँखामा मान्छे छ ? एक
एक अङ्गमा कुनै सिङ्गो मान्छे छैन
शरीरलाई मान्छे मान्नेहरू पनि छन् भने
आफ्नै छातिमा हात राखेर सोध एउटा लास के को हुन्छ ?
ध्यानमा बसेको साधुलाई हेर ? के हो मान्छे ? वस्तु वा अन्तर्वस्तु
अचेतनमा बौलाएको एक प्राणी
जो एउटै काम निरन्तर गर्छ, गर्नसक्छ
कस्ले सिँगार्छ शरीर रूप रङ रोगन थुपारेर के गर्छ ?
पशुपतिको जात्रामा आएको नागालाई सोध
नाङ्गो शरीरमा खरानीको वस्त्र
त्यसैले चेतना नभएकाहरू पनि मान्छे हुन् भने
चेतना गुमाएका पनि मान्छे हुन् भने
जड वस्तु मात्र मान्छे हो भने एउटा ढुङ्गा पनि मान्छे हुन्छ
म हेर्दिन भित्री तह कठोरताको पराकाष्ठामा
मूर्ति पनि मान्छेकै जस्तो , शालिक पनि मान्छे नै जस्तो
ती बोल्न सक्छन ?
यदि मान्छेको परिभाषा मान्छे नै हो भने म ढुङ्गामा पनि मान्छे देख्छु
ढुङ्गा हुनुको अर्थ अथवा जड
विवेकहीन एउटा भौतिक वस्तु जो भित्र चैतन्य छैन्
त्यो कसरी मान्छे हुन सक्दैन ?

त्यसैले यदि त्यो ढुङ्गा हो भने  म शालिकलाई पनि मान्छे देख्छु
म ढुङ्गालाई पनि मान्छे देख्छु ,मान्छेलाई एउटा शालिक
जो हेर्छ, सुन्छ, देख्छ तर पनि चुपचाप
उभिइरहन्छ, रहिरहन्छ अस्तित्वहीन एउटा ढुङ्गो जस्तै
त्यसैले म ढुङ्गामा पनि मान्छे देख्छु ॥

## ५.४.म शून्यतामै ठीक थिएँ

म शून्यतामै ठिक थिएँ
मन रमाउथ्यो, खुशी थियो, उफन्थ्यो

त्यो जीवन नबुझ्दाको पल

अर्थ नखोज्दाको यथार्थ

मनभरी सुखैसुख थियो,

हरपलमा हरपाइलामा

त्यसैले आज म अनुभूत गर्छु,

म शून्यतामै ठिक थिएँ

न नपाउँदाको इर्ष्या थियो

न नहुँदाको जलन थियो

नबुझ्नुको छुट्टै मजा, त्यो लालीयुक्त लज्जा

कति आनन्दित थियो, त्यो निमेष, त्यो घडि

त्यसैले म कल्पिन्छु

म शून्यतामै ठिक थिएँ

त्यो अचेतन मस्तिष्क, त्यो अज्ञान भविताको

न छिप्पिएको सोचाई

अनि वर्तमानमा रमाएको सुख

त्यो अवस्था कति हर्षोन्मुख थियो

त्यसैले म टोलाएँछु,

म शून्यतामै ठिक थिएँ ॥

## ५.५.म खोज्दैछु............?

म सङ्गालिन चाहन्थेँ यदि भने छरिनुपर्थ्यो छरपष्टसँग

भत्किनुपर्थ्यो, टुक्राटुक्रामा

जसरी विध्वंसको रापमा खरानी बन्छ समय

त्यही भय संकटबाटै चेतना ब्युँझन्थ्यो

म किन ? फलिन निलकाँडाको बोटमा तर परिन खोलाको फिँजमा

सडकको किनारामा फालिएको बेवारिसे पोको झैँ

भय मिश्रित कौतूहलमा मानव सन्त्रास बोकेर

म खोज्दैछु अनिश्चित भविता ।

हजारौँ हजार मान्छेहरू फालिन्छन्, क्षणिक उन्मादमा धर्ती मै

खोला किनारको गेग्रान बनेर

चाहना त मूर्ति बन्ने हो ढुङ्गोको

तर सबै ढुङ्गाहरू सजिन्न अनास्थामा आस्था बनेर

के हो ? सूर्यको प्रतिबिम्ब, के हो ? अन्धकारको विकल्प

छैन, देखिन्न यदि भने म खोज्दैछु क्षितिजको नापो ॥

एउटा जीव सास विहिन छैन ? तर लास त मानिसभित्रै छ !

मान्छे, मान्छे रहन्न के ! झिकेपछि

कि त चोक्टाचोक्टामा विभक्त मान्छे बिक्छ मान्छे कै इच्छामा

म खोज्दैछु दुइटा चौटाको मोल ॥

मान्छे कै मान्छेको अर्थ  मान्छे हुनु र रहनुको  परिभाषा ॥॥

म खोज्दैछु मान्छे कै अस्तित्व ॥

## ५.६.अन्त्य........उर्फ.

अनास्थाको आस्थामा पलाएको

रक्तिम आशाको किरण चित्र छरपष्ट लिलामी चरित्र

अदृश्य मृत्युका संङ्गित झङ्कार निखन्छन अन्धकार मै

म त्यहाँ देख्छु अनन्त जीवनको सम्भावना

रक्तवाहिनी नशा खिचेर मृत्यु नाँच्दा

कालै कालको असङ्ख्य कालसँगै भत्किन्छ, बिथोलिन्छ चित्त

मुटुको धडकनको अनगिन्ती विष्फोटमा

नाच्छ चेतनाको तल्लो तह

त्यहाँ म देख्छु कसैको खोक्रो आदर्श

देखिन्छ उज्यालोको भित्री तह

सुक्ष्म रश्मीको लहरहरू

कसले नाप्छ, जीवनको लम्बाई, चौडाइ र उचाइ

शून्यभित्रको शून्य ...◎

हरेक मृत्योत्सवमा खाइन्छ, मान्छे कै जीवन

मृत्यु ओकलिन्छ शोकमै अघाउँछ भोक बनेर काल

म त्यहाँ विचरण गर्छु मृत्यु कै छेपारे प्रवृत्तिसँगै

वित्ता नापिन्छ पहाडको प्रत्येक पल फित्ता बनेर

नदि खियाँउछ ढुङ्गो टुक्राउँछ बालुवाको कणमा

तर जोडिन्न समयको हिसाब

शुरू.......उर्फ अन्त्य शून्यतामा टेकेर ॥

## ५.७.भ्रम या यथार्थ

कति ? मान्छेहरू सत्यमा बाँच्छन्

कति ? मान्छेहरू भ्रममा बाँच्छन्

केवल बाँच्नु मै भुल्नु छ भने

प्रत्येक भ्रम सत्य हुन सक्छन्

बाँच्नुको अर्थ भिन्न हुन सक्छ

सपना मै बाँच्न खोज्दा

यथार्थ भन्दा लाखौँ कोस टाढा

कति आनन्दित रोमाञ्चित बन्छ यो क्षणिक जीवन

तर मात्र एक रात....मात्र एक रात...एक रात.............रात ।

हामी जीउन सक्दैनौँ सपनामा किन ?

किनकी जीवन एकै रातमा सकिन्छ ।

जीवन एकै रातमा निखन्छ ..एकै रातमा निखन्छ...... रातमा निखन्छ.......निखन्छ ।

झल्यास्स बिउँझदा सकिन्छ.....बिउँझदा सकिन्छ........सकिन्छ ।

फुट्छ पानी फोकाझैँ......फुट्छ पानी फोकाझैँ

मात्र एक पलक मै

हिँड्दा हिँड्दै दोबाटोमा रोकिन्छ

सपनाबीच सकिन्छ

मान्छे ...सकिन्छ .................मान्छे

......मान्छे ।

## ५.८.कसले बुझ्छ

कसले बुझ्छ आँसुको मूल्य ?

आँखा सुकाएर भल बगाउँदा

कसले बुझ्छ मान्छे ? मृत्यु ।

मुटु निचोरेर आँसु बगाउँदा

जीवन-अमृत रगतको मूल्य ?

कसले बुझ्छ मान्छे ? शोक ।

हत्केलामा सास बोकेर मुटुभरि आस बोकेर

जिँउदो लास बन्नुको पीडा

कसले बुझ्छ मान्छे ? अचानो ।

नबाँचौं मर्न कठिन छ, बाँचौं भर्न कठिन छ

दुनिँयारूपी सागर तर्न कठिन छ

कसले बुझ्छ मान्छे ? अन्तर्द्वन्द्व ।

छाला काटेर नुनचुक छर्दा, डाँडा काटेर हिँडनु पर्दा

आँखा अगाडि आफ्नै अस्मिता हर्दा

कसले बुझ्छ मान्छे ? जलन ।

मुहार हेरीहेरी मान्छे बुझ्न कठिन छ

मान्छे हेरीहेरी मुहार बुझ्न पनि त्यस्तै

भित्री कुरा अझ गाह्रो किन बुझिन्न्

कसले बुझ्छ मान्छे ? विश्वास ॥

## ५.९.खोजी सन्तुष्टिको

मैले गरेँ आराधना मेरो जीवनको

जहाँ जहिले पनि सुखको निम्ति

पलेँटी कसेँ, शुद्धासनमा बसेँ

खोजेँ दुरदुरसम्म दृश्यमा अदृश्यमा

सुखका किरणहरू कलमले सिर्जेका अक्षरजस्तै

मनले कुनै मूर्ति खोज्यो जहाँ कुनै दुख नहोस्

जहाँ जिवेषणा नहोस्, तृष्णा वितृष्णा नहोस्

तर शून्यताबाट शून्यतातर्फ झर्दा पनि

कतै शून्य नै भेटिएन्

भेटिएन अलिकति पनि सुखांश

मनभित्र खोजेँ, संसारमा खोजेँ

मठ, मन्दिर, चर्च, स्तुपा, विहार अनि गिर्जाघरको भित्तोमा

कणकणमा, ध्वनिध्वनिमा

त्यहाँ पनि भेटिएन्

सन्तुष्टिको झल्कोसम्म लामो सन्तुष्टिको अंश ॥

## ५.१०.ईतिहास भत्कन सक्छ

मैले कोरेँ भनेँ प्रतिविम्ब

दृश्यको अनास्थामा

आँकलनको विश्वास क्षणमै टुटनसक्छ

जीवन के हो ? बितिसक्यो !

धैर्य भन्ने हुँदैहुन्न, झुटको खेति
मनको बाँध यहाँ निमेषमै फुटनसक्छ
मान्छे भन्ने जीव नै हो भनेदेखि चेतना झिक्दा के बाँकी हुन्छ !
पशुरुप मै सबै सकिन सक्छ
मान्छेको सिङ्ग र जुरो उम्रीसक्यो
पखेटा नङ्गा दाह्रा जोडियो  अब
हेर ! हेर्दै जाउ पलपलमा पशुत्वको उन्मादसँगै
इतिहास भत्किनसक्छ
पुर्खा यानेकी बितेका पुस्ता
जो बिते उनका अस्तित्व बिते र !
नदेखेको आस्था हुन्छ अनास्था
अन्धभक्ति रहदैनके सिक्नु छ अन्धकारभित्र
त्यसैले ती सब मेटिनसक्छन्
नभएको वीरता र कायरता समान हुन्छ
त्यसैले यहाँ मात्र सुरो छ समय
वर्तमानले मुक्का बजार्दा
भविष्य ढुन्मुनाउदैं भूत ढल्छ वर्तमानमा
भूत गल्छ अनि हराउँछ  तब इतिहास भत्कनसक्छ ॥॥

## ५.११.गलत

म कुनै मित्रको अन्त्येष्टिमा गएँ
आफन्तको मृतोत्सवमा गएँ
शोकको तरङ्गित ध्वनिहरू

मानव कङ्काल बजेझैँ बजिरहेका थिए
कोही मृत मान्छेको गुणगानमा व्यस्त थिए
कोही आ-आफ्नै कुरामा मस्त थिए
अविस्मरणीय दिनको स्मृतिमा
कोही दुखित थिए, कोही शोकित थिए
एउटा मान्छे निर्जिवतामा परिवर्तन हुँदा
एउटा मान्छे तस्विरमा परिणत भयो
कोही स्वार्थमा धिक्कार्दै थिए
कोही सहयोगको विस्थापनमा ललकार्दै थिए
उसबाट पाउनुपर्ने कुराबाट
गुमाएकाहरू चिन्तित थिए
अनि बारम्बार एउटै कुरो बक्दै थिए, फलाक्दै थिए
मृतात्माले शान्ति पाओस् मेरो हार्दिक समवेदना
जुन कुराको अस्तित्व छैन् जुन कुरा हुँदै होईन
त्यसको कामनाको के अर्थ ? यही मुखले बारम्बार जप्छ
नैनं छिन्दति शस्त्राणी नैनं दहति पावक.............
आत्मा मर्दैन मृतात्मा हुदैन
तर हामी फेरि भन्दछौ मृतात्माले शान्ति पाओस्
समवेदना, शान्तिको कामना

जसले बाँचुञ्जेल एकक्षण चैन पाउँदैन्, शान्ति पाउँदैन्
डर, त्रास, भय, रोगबाट  भोक, निद्रा, तिर्खा, लोभबाट
भने उसले कसरी मृत्युपछि
शान्ति ! चिरशान्ति पाउनसक्छ

द्यौ शान्ति ,अन्तरिक्ष शान्ति..पृथ्वी शान्ति..राप शान्ति.........
आत्मा न मृत हुनसक्छ न मृतात्माले शान्ति
यी दुबै गलत हुन्छन् अफ त्यो भन्दा गलत
हाम्रो आस्था विचार र नैतिकता

जसलाई हामी बाँच्न दिँदैनौ
बाँच्नका निम्ति नाँच्न दिँदैनौ
उसकै मृत्युमा आँसु झार्नुको के अर्थ ?
त्यसैले म भन्छु बारम्बार भन्छु
मान्छे बाँच्दैन् भने मान्छे मर्दैन्
तरपनि मृत्यु अवश्यम्भावी छ
तर मृत्युपछिको सान्त्वना अर्थविहिन छ
गलत छ हाम्रो विचार, गलत छ हाम्रो संस्कार
बाँच्नेलाई बारम्बार मार्छ
मर्नेलाई एक क्षण सम्झेझैँ गर्छ
गलत तरिकाले, गलत शब्दालङ्कारले विभुषित गर्दै
मात्र गलत शब्दमा गलत...........॥

## ५.१२.सपनाको मृत्यु

मैले त्यो सपनाको अन्त्यमा, सपनाको मृत्युमा
छरिएका चोक्टा चोक्टा आशाका लहर सँगालेको छु
तर ती अन्तिम अन्त्य होइनन् सपनाको
अझै हजारौँ सपनाहरू पलपल मर्नेछन्

छाती फुटेर, रगत बगाएर

त्यतिबेला म पनि एउटा ढुङ्गोझैँ

हेर्ने छु कुनै चोकको डिलमा बसेर

सपना झल्केका दृश्यहरू नदेखेका स्वैर कल्पनाका

अझै परिष्कृत सपनाहरू कति जन्मनेछन् निरन्तर

दिनदहाडै सडकमा रमिते बनेर

अन्धकार नहुँदै, साँझ नपर्दै गर्ल्यामगुर्लुम ढल्छन्

फेरि अर्को,रात मध्यरातमा सङ्कीर्ण अदृश्य भयचेतमा

जन्मन्छन् फेरिफेरि आशाका सपनाहरू

म भन्दिन् सपनाहरू नआओ

तर नथिच डर भय र सन्त्रासले पलपल मृत्युरूपी लवटामा

गहिरो चिन्ता बनेर मस्तिष्कमा मृत्यु झन्झन् बौलाएँछ

अनि सपना उर्फ सपनाको मृत्यु

चोक्टा चोक्टामा पाप्रापाप्रामा देखिन्छन्

अदृश्य भयमा सपनारूपी मृत्यु, मृत्युरूपी सपनाहरू ॥

## ५.१३.फूलको अस्तित्व

फूल स्पर्श गर्नका लागि होईन्

सुगन्ध लिनको लागि पनि होईन् ?

रम्न रमाउन   भुल्न भुलाईन

फूलले सहेको पीडाबाट

भवँराले प्रेम पाउँछ
दुबै भुल्छन् ,भुलाएँछन्
फूलमा भ्रमर झुम्मिदैन्
त्यो फूल के फूल हो र
जब रुप सुक्दै जान्छ
पीडा भित्र लुक्दै जान्छ
फूलको रसमा माहुरी भुल्छ
जवानीमा प्रेम भुल्छ
स्पर्शमा मादकतामा
जस्तै पीडा आफैं सहन्छ
सौर्न्दय त हेर्न नै हो
कोमलतामा छुनुपर्छ
फूलले पनि भँवराको चुसाईमा रुनुपर्छ
फूलले पनि भँवराको चुसाईमा रुनुपर्छ ॥

## ५.१४.सडक गीत गाईरहेछ

बर्षौदेखि लम्पसार परिरहेको यो सडक
जसको छातिमा वजनदार वस्तुले कुल्चिँदा
अनेक थरीका रोगहरू बल्झिन्छन्
ठाउँठाउँमा चिथोरीएर पाप्रा उप्किन्छन्
पीपको खाल्डोमा धमिलो पानीझैं फुट्दा

एउटा वटुवा सराप्छ आमा चकारेर

एकातिर फोहोरका डुङ्गुरमा स्याउँस्याउँ किराझैँ

चेतयुक्त र चेतविहिन प्राणी सल्बलाईरहेछन्

अर्कातर्फ समाजका पाले मानिने भुस्याहा कुकुरहरू चल्मलाईरहेछन्

घरि आफ्नै छातिमाथि रगतको खोला बग्छ

चित्कारमा सङ्गीत खोज्नेहरू

ध्यान दिएर सुन सडक गीत गाईरहेछ

कति बग्छन् रगतका भलहरू टाउको किचिएर, शरीर थिचिएर

घटना दुर्घटना बगेका रगतका सिर्काहरूले

सडक भिज्छ पखालिन्छ

फेरि समयको अन्तरालमा

भिज्छन् सुक्छन् आला टाटा पनि

सजीव र निर्जिव मान्छेसँगै

रगतसँग घिन नमान्नु यो सडकको चाहना होईन

मान्छे सडकमा पुग्छ, सडक मान्छे बोलाएँछ

एक अर्काका परिपूरक जस्तै नवयुगका समलिङ्गी बनेर

सडक गीत गाईरहेछ

सडकमा पसारीएका मान्छेहरू सडक कै नामले चिनिन्छन्

अनि कहिलेकाहीँ गीत, कविता ,नाटकमा

सडक आफैँ जोडिन्छ, सडकमै थुकेर कुल्चेर

सडक मै पोखिन्छ मान्छेको रिस पनि

सडक मै बल्छन् सवारीका अनगिन्ति पाङग्राहरू

कालो धुवाँको रापसँगै सेलाएँछ सडक

जुलुस, आन्दोलन, धर्ना अनि बन्दको जुहारीमा

समर्पणमा अस्तित्व खोज्दै

मात्र सडक हेरिरहेछ, देखिरहेछ सडक गीत गाईरहेछ

आफ्नै प्रयोजनका उद्धेश्यहरू हेर्दै टोलाएँदै ,

सम्भmदै बिर्सदै बर्षौदेखि सडक

गीत गाईरहेछ सडक गीत गाईरहेछ ॥

## ५.१५.मेरो वैयक्तिता.........

मेरो वैयक्तिक स्वतन्त्रतामा

आत्मप्रेम हुँदा नवकार्य अनुभूति र सन्तुष्टिको

प्रत्येक दिनका नयाँ यात्रामा खस्दै जान्छन्,

पलपल जिन्दगीका टुक्राहरू

प्रत्येक विहानी रश्मिमा देखिएका नवकिरणका तापहरू

मलिन हुन्छन्, मध्यान्हका उत्कर्षमा

खिचिन्छन्, नयाँ तापका रेखाहरू निधारमा

अनन्तदेखि अनन्तसम्म नयाँ युगका सङ्घर्षहरू

शुरूवात हुँदै बढछन् तुहिन्छन्, विद्रोहहरू फेरि परिवर्तनका लागि

रातमै स्वतन्त्रता अनि प्रतिगमन हुन्छ फेरि खस्छ स्वतन्त्रतामाथि पहिरो

बगाउँछ, टुक्रिन्छ रगतका थुप्राहरू

म त्यही जीवनको एउटा टुक्रामा

फेरि खोज्नेछु मान्छे हुनुको अस्तित्व

क्षितिजबाट आकाशको दूरी कसले नाप्न सक्दैन र !

मपनि नाप्छु मृत्युरेखाको नाप

कुच्चिएका फग्ल्याटाहरूबाट बुनेर आशाको जालमा

फेरि बग्रन्छ अचेत मन मेरो

वैयक्तिक स्वतन्त्रतामा मेरो आत्मप्रेम ॥

## ५.१६.स्वार्थ

बाँडन खोजिन्छ अभेद्य भत्काउन खोजिन्छ मुटु

नचाहदै नचाहदै रोकिएका इच्छाहरू

टुक्राईन्छन् लुकाईन्छन् भू-गर्भभित्रै

अनि नजन्मेका तर जन्मिन खोज्ने बीजहरूको पनि

एकएक टुक्रा भाग लाग्छ

त्यसैले बाँड टुक्राउ मान्छे मान्छेलाई

बाँड सक्ने जति सबै वस्तुहरू बाँड चोक्टा चोक्टाहरूमा

त्यसैमा स्वार्थ छ भने भन्नैपर्छ

पछिल्तिरबाट घुस्दैछ षडयन्त्र जस्केलाबाट

यहाँ मान्छे मान्छे हुदैनन्

किनकि पदमा पुगेपछि हरेक नामधारी मान्छेहरू

निरङ्कुश बन्छन्, अत्याचारी बन्छन्

मान्छे अमान्छेको योग्यता लिएरै आउँछ

अनि कुल्चेर मानवता निमोठेर काँचा मान्छेहरू

शक्तिमा अन्धविश्वासको उपद्रवमा किचिन्छन् फेरि मान्छेहरू

धर्ममा, कर्ममा, कुकर्ममा फासिष्टवादमा खोजिन्छ अस्तित्व

टुक्राएर खोजिन्छ पूर्णत्व भने

त्यहाँ स्वार्थ हुन्छ, अतिक्रमण गरेर अस्तित्वमाथि

अस्मितामाथिको नाङ्गो नाचमा....... टुक्राएर खोजिन्छ पूर्णत्व भने

खोजिन्छ ...................अस्मितामाथिको नाङ्गो नाचमा केवल स्वार्थ ॥

## ५.१७.समय

मान्छेसँगै मान्छेको मान्छेभित्र

निरङ्कुशता विरूद्धको क्रान्तिमा चेतनाको ज्योतिबाट

विश्वासलाई दह्रो बनाउनु छ, आयु नसिद्धिदै

यान्त्रिक जीवनबाट फाल्नुपर्छ दृष्टिभ्रम

मुठी कसेर फैलाएँदै विश्वासको नसानसामा आफनै अस्तित्व

म को अपनत्वमा गुमेका आनन्दहरूमा

हराएको मान्छेबाट बिलाएँको मानवीपनबाट

म हेर्दै म खोज्दै रोप्नुछ आफैँमा जलकुम्भी जरा

अनि बादलको फैलावटमा छोप्दै उघार्दै गरिएका ती बुर्काहरूबाट

स्वाट्ट उमार्नु छ तक्षक सर्प जसले डस्ने छ अन्धकार युगलाई

फसेका वशिष्टहरूको विचारबाट हरिश्चन्द्र बनेर झार्दै अहम्त्व

जन्माउनु छ हिडिम्बाबाट हजारौँ घटोत्कचहरू

असत्य निमोठन् जलोस् असत्यको लंका पटकपटक

जसले मौनतालाई भङ्ग गर्छ

मानवतामाथिको साङ्लोलाई

मयको दरबारमा रहेको त्यो दानव उमार्ने अमृत कुण्ड

सोस्नैपर्छ एकै निमेषमा अनि हुनेछ जीत मानवको

ईदि अमिन, हिटलर र सद्धाम विरूद्ध

विरूद्धको शान्ति र मनुषत्वको

जन्माउँदै सहस्रबुद्ध, बुद्धत्व अनि निर्वाण

सल्काउदै चैतन्यको ज्वाला, आऊ हातेमालो गरौँ

नवयुग, शुभयुग, अनि नवीन इतिहास बनाउन

नयाँयुगका नयाँ महामना, मान्छे ,मान्छे, मान्छेको खोजीमा

आफैं विरूद्धको क्रान्तिमा आफैँभित्रै मान्छे खोज्दै

मानवता मनुषत्वको मान्छे, मान्छे, मान्छेहरू

चुडाल्नु छ जञ्जीर, जसले युगलाई बाँधेको छ

यो समय परिवर्तन खोजिरहेछ

परिवर्तन समय खोजिरहेछ !!! खोजिरहेछ...समय खोजिरहेछ !!! खोजिरहेछ

यो त्यही समय हो आउ एक जुगे एक...............॥

## ५.१८. मृत्यु

असंख्य अथक परिश्रमबाट मान्छे कालसँग जित्दैन्

जितेर मृत्युसँगको यात्रामा युद्धबाट फर्किन्न

पलपल मर्नुको उच्छ्वासको नरोकिएका सासहरूमा

मिश्रित ध्वनिहरूसँगै अमरत्वको यात्रामा

नयाँ प्रयोग मान्छेमाथि काटेर चिरेर फोरेर

खोजिएका अनन्य वस्तुहरू टुक्राटुक्रामा कहाँ छ मृत्यु

मानवशेष कहीँ भेटिन्न् किनकी मृत्यु देखिन्न्

तरपनि भय नाँच्छ आँखामा मनभरि तृष्णा छ विजयको

तर हात लाग्छ निश्चित पराजय

मनस्थिति पराजय बोकी अनि अनि क्षणक्षण मृत्युमृत्यु

डस्छ टोक्छ बिच्काउँछ सकिँदैन लाखौँ प्रयत्नद्वारा

सकिएको छैन अमृत बुटी सकिएको छैन अझै खोजी जारी छ

मृत्युको -जराको जुन झन्झन् झाँक्रा फिँजाएर

डस्दैछ मान्छेलाई विभिन्न स्वरूप बदलेर

प्रत्येक अवस्थामा समिप आइरहेछ

...मरण ...वसान.... हरणका नामले हाम्रो जस्केला मुनि ॥

## ५.१९. म बेच्दैछु.....

आफनै स्वाधिनतालाई बन्धक राखेर

खण्ड खण्डमा टुक्राउँदै मेरो जीवनको हिस्सा

पहिले मन, मस्तिष्क र विवेक बेच्थेँ

तर आज विवश भएर टुक्राटुक्रा बेच्दैछु जीवन

यौवनका प्रत्येक पलपल मन निकालेर शरीरबाट

पराधिनता स्विकार्दै

बाँच्नकै लागि भनौं या सास फेर्नकै लागि

म मेरो जाँगर बेच्दैछु, म मेरो जीवन बेच्दैछु

जोश बेच्दैछु, स्वतन्त्रता बेच्दैछु

बाँचौ बाँच्न कठिन छ बाँच्नका लागि पलपल नाँच्न कठिन छ

प्रत्येक सास फेर्नका लागि अनुमति लिएर

बाँच्नका लागि झन् बाँच्न कठिन छ

त्यसैले म मनबिनाको शरीर बेच्दैछु

पर-इच्छालाई स्विकार्दै ओच्छाएर चौबाटोमा

म मेरो शरीरको टुक्रा बेच्दैछु

लिलामीको मूल्य कसले तोक्छ ?

जो किन्न चाहन्छ शरीरको वस्तु

टुक्राटुक्रामा विभक्त शरीरका

केही अङ्ग मात्र बिकाउ छन्

खण्ड खण्डमा भाँचिएको जीवन

उर्फ बेनामी नाम बोकेर

खेतमा उभ्याएको जुलुङ्गो जस्तै विवश

म चेतनामा चेतना गुमाउँदै

अचेतन् मुढो बेच्दैछु

सास चलेको जीर्ण जीव बेच्दैछु, म शरीर बेच्दैछु

किन्नेहरू जीत मान्छन्

क्षणमै धीत मार्छन क्षणमै

आ-आफ्नो इच्छा बिसर्जित गरेर

म माथि प्रफुल्ल छन्

तर आज विवश भएर शरीर बेच्दैछु

यौवनका प्रत्येक पलपल

मन निकालेर शरीरबाट

म मेरो जीवन बेच्दैछु म मेरो जीवन बेच्दैछु......................॥

## ५.२०.मेरो श्रद्धाञ्जली

अनन्य श्रद्धा र भक्तिभाव

मुटुको स्पन्दन देखिको मर्म

केही हुनु र गुमाउनुको पीडा

केही हराउनु र  नहुनुको चोट

प्रत्येक सासहरू छामेर मुटुभित्र

सम्झनामा धडकेको मन्दगतिको स्मृति

मैले कोरेको थिएँ समर्पण आफ्नै प्रतिबिम्ब

उनीलाई मेरो श्रद्धाञ्जली

संवेदनामा शोकको लहर छचल्किदै

मेरो जीउँदो शरीरको मृत सुखद कल्पना

शास्वत सत्य उर्फ मुक्ति सांसारिक बन्धनबाट

बितेका ती अभाव समस्या र पीडाको

पलपलको अन्त्यको उन्माद अनि बिताएका सुखद स्मृति

आँखामा छचल्किन्छन् मृत्युपीडा मृत्युसुख बनेर

मैले खिचेको तस्विर उनको हृदयभित्र

उनीलाई मेरो श्रद्धाञ्जली

को थियो र को थिएन

म बिर्सन्छु अचेतनमा आफैँलाई

म सम्झन्छु स्मृतिमा आफैँलाई

अर्धचेतनामा सर्वस्व गुमाएर

बौलाएँछु किन आवाज बिहीन भएरै

खप्छु खप्दिन शून्य उपस्थितिमा

को थियो र मसँग मेरो समिपमा

भूतको एक बिम्ब आउँछ अगाडि नै

म झस्कन्छु फेरि मसान मृत्युको वर्तमानमा

काल बनेर आउँछ अन्धकार मेरो नजिक उग्र भएर

थर्थराएर बर्बराएर मन जप्छ नाम उनको घरिघरि

उनीलाई मेरो श्रद्धाञ्जली………… उनीलाई मेरो श्रद्धाञ्जली ॥।

# सन्दर्भ सामग्री


उपाध्याय, केशवप्रसाद. (२०५८). **साहित्य प्रकाश.** पाचौँ संस्करण. काठमाडौँ : साझा प्रकाशन ।

खनाल, यदुनाथ. (२००३). **समालोचनाको सिद्धान्त.** काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

गैरे, ईश्वरीप्रसाद र आचार्य, कृष्णप्रसाद. (२०५९). **आधुनिक नेपाली नाटक र कविता**. काठमाडौँ : न्यु हिरा बुक्स. प्रकाशन ।

घिमिरे, माधवप्रसाद. (२०२३), **सम्पादकीय कवितातत्त्व. 'कविता'** ३/३ ।

जोशी, कुमारबहादुर. (२०५४) **पाश्चात्य साहित्यका प्रमुख वाद.** काठमाडौँ : साझा प्रकाशन

थापा, हिमांशु. (२०३६). **साहित्य परिचय**. काठमाडौँ : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०३९). **लक्ष्मी निबन्ध सङ्ग्रह**. काठमाडौँ : साझा प्रकाशन ।

........................(२०६५). **मुनामदन.** पच्चीसौँ संस्करण. काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद. (सम्पा.). (२०५८). **नेपाली बृहत् शब्दकोश.** पाँचौ संस्करण. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, भानुभक्त. (२०४०). **सिद्धान्त र साहित्य**. विराटनगर प्रकाशन ।

बराल, इश्वर आदि. (सम्पा.). (२०५५).**नेपाली साहित्यकोश.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज. (२०५५). **समकालीन समालोचना सिद्धान्त र प्रयोग**. (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम. (२०४०). **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**. काठमाडौँ : साझा प्रकाशन ।

सम, बालकृष्ण. (२०६१). **आगो र पानी**. काठमाडौँ प्रथम संस्करणको "मेरो भन्नु". प्रकाशक : श्री नयपाल राज्यलक्ष्मी शाह ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव. (सम्पा.). (२०५३). **नेपाली कविता (भाग ४)**. द्वितीय संस्करण. काठमाडौँ : साझा प्रकाशन ।